# अध्याय : एक

# शोध-परिचय

## १.१ अध्ययनको पृष्टभूमि

नेपाल बहुजातीय, बहुभाषिक एवम् बहुसांस्कृतिक राष्ट्र हो । भर्खरै मात्र धर्म निरपेक्षता घोषित नेपाल राष्ट्रमा हिन्दू, बौद्ध, इस्लाम, जैन, क्रिश्चियन, शिख जस्ता विभिन्न धर्ममा आस्था राख्ने मानिसहरु बसोबास गरेको पाइन्छ । यी बिभिन्न धर्मावलम्बी मध्येमा इस्लाम धर्म अनुयायीहरुको आफ्नै किसिमका रहनसहन, चाडपर्व, मूल्य, मान्यता, पोशाक एवम् परम्पराहरु छन् । यस्तै फरकफरक मूल्यमान्यता बोकेका व्यक्तिहरु मिलेर नेपाली समाज बनेको छ । हुन त समाज भनेको व्यक्तिहरुको समूह मात्र नभई उनीहरुबीचको अन्तरसम्बन्ध हो । समाज एक गतिशील अवधारणा हो यसर्थ, बहुसाँस्कृतिक पृष्टभूमिमा उभिएको नेपाली समाज आफैमा भिन्न र विशिष्ट छ । नेपाली समाजमा पनि समय अनुसार राजनैतिक परिवर्तनसँगै विभिन्न किसिमका सामाजिक एवम् सांस्कृतिक परिवर्तनहरु आइरहेका छन् ।

समाजका व्यक्तिहरुले निर्माण गरेका भौतिक सम्पदाहरु एवम् विभिन्न मानवीय आवश्यकताहरु पूरा गर्न आर्जन गरिएका ज्ञान, मूल्य, मान्यता, आस्था, धर्म, भाषा, शैली, संस्कार र व्यवहारको समस्टी नै संस्कृति हो । साथै, व्यक्तिव्यक्ति बीचको अन्तरसम्बन्ध हो, समाज । भनिन्छ, धर्म एवम् संस्कृतिले नै संसारका धेरै मानिसहरुलाई बृहत्तर रुपमा बाँधेको हुन्छ । समाजजस्तै संस्कृति पनि गतिशील अवधारणा हो । समय एवम् स्थान सापेक्ष संस्कृतिमा पनि परिवर्तन र परिमार्जन भइरहन्छ । परसंस्कृतिग्रहण, शहरीकरण एवम् आधुनिकीकरण जस्ता सामाजिकीकरणका प्रक्रियाहरुले पनि सदियौँदेखि चल्दै आएको सामाजिक परम्परालाई प्रभाव पार्न सक्छन् । एउटै धर्ममा आस्था राख्ने भए तापनि फरकफरक स्थानमा बसोबास गर्ने मानिसहरुमा स्थानीय आवश्यकता र उपलब्धताका कारण पनि धर्म एवम् संस्कृतिमा विविधता आउन सक्छ ।

धर्म एवम् संस्कृतिमा विविधता भएपनि नेपाल धार्मिक सहिष्णुता भएको देश हो । लिच्छवीकाल देखि नै यहाँ सर्वधर्म, आपसी समन्वय र समझदारीको राम्रो संस्कार विकसित भएको पाइन्छ । यही नेपाल हो जहाँ १०० भन्दा बढी जातजातिहरु बसोबास गर्दछन् । ५९ जातिहरुलाई आदिवासी जनजातिमा सूचीकृत गरिएको छ । यसरी विविध जनजातिको

बसोवास रहेको बहुसंस्कृतिको संगमस्थल र धार्मिक सहिष्णुता भएको हाम्रो देश नेपालमा सबैलाई आआफ्नो प्रचलित परम्पराको मर्यादामा रही सनातनदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन र अभ्यास गर्ने स्वतन्त्रता छ । यहाँ बसोबास गर्ने सबै सम्प्रदायले एक सबल राष्ट्रिय संस्कृतिको निर्माण गर्न अमूल्य योगदान दिँदै आएका छन् । तिनै विविध समुदाय मध्ये एक हो पोखरास्थित मुस्लिम समुदाय ।

यिनै विभिन्न जातजातिको बसोवास र मेलमिलापले गर्दा नेपाल विश्वसमक्ष बहुलवादी समाजको आदर्शसँग अनेकतामा एकताको आदर्श प्रस्तुत गर्न सक्षम रहँदै आएको छ । यही सन्दर्भमा यस अनुसन्धानमा गण्डकी अञ्चलअन्तर्गत कास्की जिल्लाको पोखरास्थित मुस्लिम समुदायको सामाजिक अवस्था, आर्थिक अवस्था सँगसँगै चाडबाड, परम्परा, रीतिरिवाज, पोशाक लगायत संस्कृतिको समाजशास्त्रीय अध्ययन गर्न खोजिएको छ ।

## १.२ समस्याको कथन

मुस्लिम धर्मावलम्बीहरुले विश्वको ठूलै धार्मिक हिस्सा ओगटेपनि नेपालको हकमा यिनीहरुको कमै मात्रामा प्रभाव छ । संख्यात्मक हिसाबमा कम भए पनि यिनीहरुको आफ्नै अस्तित्व छ । छुट्टै र विशिष्ट किसिमका संस्कृति भएका यिनीहरु धार्मिक हिसावले कट्टर समेत मानिन्छन् र पनि शिक्षा, प्रविधि एवम् नयाँनयाँ ज्ञान सँगसँगै सामाजिक एवम् सांस्कृतिक अवस्थामा परिवर्तन आइनै रहन्छ । हुनत नेपाल भित्रका विविध जातजाति, धर्म, सम्प्रदायहरुको समाजशास्त्रीय दृष्टिले विश्लेषणात्मक अध्ययन नभएका पनि होइनन् । एउटै जातजाति वा धार्मिक समुदाय बीच पनि स्थान सापेक्ष संस्कृतिका फरक पर्न सक्छ । उसो त अध्ययन भइसकेका इकाइहरुमा पनि लामो अन्तराल पछि सामाजिक, धार्मिक एवम् सांस्कतिक स्थितिमा परिवर्तन आइ सकेका हुन सक्छन् जसले गर्दा विशिष्ट स्थानमा रहेका कतिपय जातिका सामाजिक रुपान्तरण र प्रभावका बारेमा अध्ययन अपेक्षित नै ठहर्दछन् । सिंगो विश्वको विकासप्रतिको दृष्टिकोण मानव केन्द्रित हुँदै गइरहेको सन्दर्भमा समाजका विभिन्न समुदायका सामाजिक एवम् सांस्कृतिक पक्षको उजागर गर्नु, परिवर्तन देखिएका छन् भने जम्मेवार कारणहरु औंल्याइदिनुको समाजशास्त्रीय दृष्टिले समेत महत्व रहेको स्थितिमा मुस्लिमहरुको मौलिक संस्कृति कस्तो थियो ? पोखरा मियापाटनस्थित मुस्लिम समुदायको सामाजिक सांस्कृतिक अवस्था कस्तो छ ? समाजमा उनीहरुको सामाजिकीकरणको प्रक्रिया कस्तो छ ? भन्ने जस्ता समस्यामुलक प्रश्नको समाजशास्त्रीय दृष्टिकोणले उत्तर खोज्नेछ, यस अनुसन्धानले ।

## १.३ अध्ययनको उद्देश्यहरु

यो एक सामाजिक सांस्कृतिक अध्ययन हो । मुस्लिमहरु विशेषगरी पोखरा मियापाटनस्थित मुस्लिम समुदायको सामाजिक एवम् सांस्कृतिक परिवर्तनको समाजशास्त्रीय दृष्टिले अध्ययन गर्नु यस शोधको मूल उद्‌देश्य हो । यस अध्ययनका उद्‌देश्यहरु निम्नानुसार रहेका छन् ।

- मुस्लिम समुदायको सामाजिक परिवर्तनको समाजशास्त्रीय अध्ययन गर्नु,
- सामाजिकीकरण प्रक्रियाका कारक तत्वहरुको पहिचान गर्नु,
- मुस्लिम समुदायको सँस्कृतिको अन्वेषण गर्नु ।

## १.४ अध्ययनको महत्व

कुनै पनि जातजाति वा धर्म समुदायको बारेमा तथ्यहरु पत्ता लगाउनु परेमा तिनीहरुको व्यवस्थित अध्ययन हुनु आवश्यक छ । तिनीहरुको सामाजिक एवम् सांस्कृतिक अवस्था, वास्तविकता, उनीहरुमा आएको परिवर्तन, सामाजिकीकरणका प्रक्रियाहरुको बारेमा प्रकाश पार्नु वैज्ञानिक अध्ययन बिना सम्भव छैन । यसै प्रकारका व्यवस्थित अध्ययन अनुसन्धानबाट नै नयाँनयाँ तथ्यहरु पत्ता लाग्दै जान्छन् । जसले गर्दा विभिन्न तथ्यहरु एवम् यथार्थता प्रकाशमा आउँछन् भने त्यस सम्बन्धित कुनै पनि विशद खोज गर्न वा नीति निर्माण गर्न सघाउ पुग्दछ । नेपालमा भर्खरै गणतन्त्र सँगसँगै धर्म निरपेक्षता घोषणा भएको छ । विभिन्न सिमान्तकृत एवम् पछौटे जातजाति, वर्ग, धर्मसमुदायहरुले आफ्ना हकहितका लागि बुलन्दरुपमा आवाज उठाइरहेका छन् । अर्कातिर उनीहरुको वास्तविक र आधिकारिक तथ्य, तथ्यांकबाट समेत सरकार अनभिज्ञ छ । यस सन्दर्भमा प्राचीन समयबाट नेपालका विभिन्न ठाउँमा छरिएर रही नेपालको संस्कृतिलाई समृद्ध पार्न महत्वपूर्ण भूमिका खेल्ने मुस्लिम धर्मावलम्बीहरु विशेष गरी पर्यटकीय नगरी पोखरास्थित मुस्लिम समुदायको सामाजिक सांस्कृतिक अवस्था उजागर गर्नु र आफ्नै विशिष्ट र धार्मिक मूल्य मान्यता बोकेका उनीहरुमा बदलिँदो सन्दर्भमा सामाजिकीकरणको प्रक्रिया अन्तर्गत के कस्तो परिवर्तन आयो त्यसको अध्ययन गर्नुको आफ्नै महत्व छ । तसर्थ, समाजशास्त्र/मानवशास्त्र अन्तर्गत स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता परिपूर्तिको लागि तय गरिने यस अध्ययनको पोखरास्थित मुस्लिम समुदायको सामाजिक सांस्कृतिक अवस्था

उजागर गर्ने, परिवर्तनका कारणहरु खोज्ने मात्र नभई यस क्षेत्रमा भावी हुने अध्ययन अनुसन्धानलाई समेत केही मार्गदर्शन गराउन सहयोग पुर्‍याउने सन्दर्भमा यसको महत्व स्थापित गराउन सकिन्छ ।

## १.५ अध्ययनको सीमा

हरेक कार्य गर्नु अगाडि सीमा (स्थान, समय, अवधि) निर्धारण गर्नु अति आवश्यक छ । सीमा वा परिधिले नै कुनै पनि अध्ययन एवम् अनुसन्धान कार्य तोकिएको समय वा लागतमा सम्पन्न गरी निर्दिष्ट लक्ष्य हासिल गर्न सहज बनाउँछ । झनै समाजशास्त्रीय बस्तुहरुको समग्रता व्यापक हुनाले सीमाको निर्धारण गर्नु अपरिहार्य देखिन्छ । मुस्लिम समुदायको सामाजिक सांस्कृतिक परिवर्तनको यथार्थता उजागर गर्ने समाजशास्त्रीय विश्लेषण गर्ने हिसावले गर्न लागिएको यो अध्ययन अनुसन्धान विशेषतः पृथ्वीनारायण क्याम्पस, पोखराअन्तर्गत समाजशास्त्र/मानवशास्त्र विभाग स्नातकोत्तर कार्यक्रमको आंशिक आवश्यकता परिपूर्ति गर्ने प्रयोजनका लागि तयार पार्न लागिएको हो । यस अध्ययनले नेपालका विभिन्न भुभागमा छरिएर रहेका मुस्लिमहरुको सांस्कृतिक अध्ययन अनुसन्धान एवम् परिवर्तनका कारणहरुको खोज नगरी पोखरास्थित मुस्लिम समुदायको समाज एवम् संस्कृतिको अध्ययन गर्नेछ । लामो समयदेखि पोखराको मियापाटन एवम् विभिन्न भागमा छरिएर रहेका मुस्लिम समुदाय भित्रका मुस्लिम एवम् उनीहरुको सामाजिक संस्कारको परिवर्तनको समाजशास्त्रीय अध्ययन यस अध्ययन क्षेत्रमा समेटिएका छन् । सम्पूर्ण खर्च व्यक्तिगतरुपमा बेहोरिने यस अध्ययन अनुसन्धान समाजशास्त्र विभागबाट स्वीकृत भए पश्चात तोकिएको समयभित्र पूरा गरिनेछ ।

# अध्याय : दुई
# पूर्व साहित्यको सिंहावलोकन

कुनै पनि विषय वा क्षेत्रमा गरिने अध्ययन अनुसन्धानमा के कति खोज भइसके र केके हुन बाँकी छन् भन्ने सन्दर्भमा पूर्व साहित्यहरुको अवलोकनले विशेष सहयोग पुर्‍याउने गर्दछ । यसले खोजलाई दिशा निर्देश मात्र गर्ने नभई कतिपय सबालमा द्वितीय तथ्यांक जुटाउन पनि भरथेग गरेको हुन्छ । त्यही तथ्यलाई हृदयंगम गरी समाज, सामाजिक एवम् सांस्कृतिक परिवर्तन, मुस्लिम धर्म समुदाय र यससँग सम्बन्धित बिभिन्न पक्ष, पोखराका मुस्लिम जाति र यिनीहरुको ऐतिहासिकता सम्बन्धी विभिन्न पुस्तक, लेख, रिपोर्ट, पत्रपत्रिका आदिबाट उपलब्ध अध्ययन सामग्रीको व्यवस्थित अध्ययन गरिएको छ ।

समाजशास्त्री ए.पी. जोन्सनले सामाजिक परिवर्तन योजनाबद्ध र स्वस्फूर्त गरी दुई प्रकारको हुन्छ भन्दै मानिसको सोचाइ र कार्यप्रणालीको तरिकामा रुपान्तरण आउनुनै सामाजिक परिवर्तन हो भनेका छन् । त्यस्तै, अर्का समाजशास्त्री एवम् विद्वान मेकआइभरले मानवीय सम्बन्धमा परिवर्तन आउनुलाई सामाजिक परिवर्तन ठानेका छन् ।

वर्तमान विश्व तीव्र गतिमा परिवर्तन भइरहेको छ । खासगरी दोस्रो विश्वयुद्ध पछि विश्वभर नै प्रजातान्त्रिक शासन व्यवस्था र तद्अनुरुपका शासन पद्धतिहरु स्थापना भए । यसैगरी जनसंख्यामा भएको अत्यधिक वृद्धिले विश्व सामाजिक संस्थामा ठूलो हलचल लेराएको छ । यस क्रममा शहरीकरण तथा औद्योगीकरणले स्थानीय संस्था, परिवार, नाता सम्बन्ध विचार, चिन्तन, व्यवहार आदिमा व्यापक परिवर्तन लेराएको पाइन्छ । वर्तमान अवस्थाको साँस्कृतिक र आर्थिक भुमण्डलीकरणले एकल संस्कृतिको अवधारणा विकास भइरहेको छ । यसको साथै वर्तमान समयमा गैह्रसरकारी विकास अभियानले पनि तल्लो तहसम्मका जनतामा क्षेत्रगत तथा निर्दिष्ट कार्यक्रम संचालन गरी शिक्षा, स्वास्थ्य, परिवार नियोजन, नागरिक अधिकार, सामाजिक कुसंस्कार आदिमा समेत जनचेतना जगाई उनीहरुको सामाजिक अवस्थामा परिवर्तन लेराउने काम गरेका छन् ।

त्यतिमात्र होइन आन्तरिक एवम् वाह्य बसाइसराइ, सम्पर्क, व्यापार, विभिन्न किसिमका संगठन मार्फत पनि समाजसंस्कृतिलाई परिवर्तन गराइरहेका छन् । यसै सन्दर्भमा लामो समयदेखि शहरी क्षेत्रका चर्चको बारेमा अध्ययन अनुसन्धान गरिरहेका अमेरिकी समाजशास्त्री एवम् प्राध्यापक डा. नाइल हार्पर आफ्नो पुस्तक 'जर्नि इनटु जस्टिस'मा

सामाजिक एवम् साँस्कृतिक परिवर्तनका महत्वपूर्ण तत्वहरुमा नवीन प्रविधि, नविन विचार, अर्थशक्ति, अति संकटको अवस्था, सशक्तिकरण प्रक्रिया, संगठनका नयाँ स्वरुपहरु, सिमान्तकृत जनताका आन्दोलन जस्ता पक्षलाई बढी जिम्मेलार तुल्याएका छन् । त्यस्तै उनले सामाजिकीकरणका मुख्य कारकहरुमा परिवार, सहपाठी समूह, विद्यालय, धर्म, आमसञ्चार, राज्य, विवाह, पेशा, शिक्षा र चेतना जस्ता तत्वहरुको महत्वपूर्ण भूमिका रहने कुरा औंल्याएका छन् (हार्पर, २००९: ५७) ।

संस्कृतिलाई विभिन्न विद्वानहरुले आआफ्नै तरिकाले व्याख्या गरेका छन् । सबै भन्दा पहिले सैद्धान्तिक रुपमा यसको व्याख्या १६औं शताब्दीमा वेलायतका ई.बी. टेयलरले आफ्नो 'प्रिमिटिभ सोसाइटी' नामक पुस्तक ई.सं. १८७१ मा प्रकाशन गरेपछि मात्र विशेष प्रकारले व्याख्या भएको हो । त्यसपछि विभिन्न विद्वानहरुले विभिन्न प्रकारले संस्कृतिका सम्बन्धमा आआफ्ना विचारहरु व्यक्त गरेका छन् । टेयलरले उक्त पुस्तकमा लेखेका छन् :

संस्कृति भनेको त्यो जटिलताको सम्पूर्णता हो जसमा समाजका सदस्यको रुपमा मानिसले प्राप्त गरेका ज्ञान, विश्वास, कला, कानुन, नैतिकता, प्रथा एवम् अन्य क्षमताहरु पर्दछन् ।

त्यस्तै, हेनरी मोर्गनले सोसियोलोजिकल थट नामक पुस्तकमा सांस्कृतिक परिवर्तन सम्बन्धी समाज र संस्कृतिले निश्चित तह पार गरेर अघि बढ्ने कुरा बताएका छन् । उनी भन्छन् :

समाज र संस्कृतिले निश्चित सार्वभौमिक तहहरु पार गरेका हुन्छन् । अथवा प्रत्येक समाज तीनवटा अवस्थाहरु जंगली, गंवरता र सभ्य तह पार गरेर अगाडि बढ्दछन् ।

'हामी मुसलमान' शीर्षकमा समाजशास्त्री डोर बहादुर विष्टले नेपालका मुसलमान जातिको नेपाल आगमन, बसोवास, भाषा, धर्म, थर, सामाजिक संस्कार, खानपिन, भेषभुषा, परम्परा, चाडपर्व आदिका बारेमा उल्लेख गरेका छन् । नेपालको जातीय फूलबारीमा मुसलमान जाति पनि एउटा फूल हो भनी टिप्पणी गरेका छन् (विष्ट, २००२: ९०-९३) ।

तुलसीराम वैद्य, त्रिरत्न मानन्धर एवम् शंकरलाल जोशीको संयुक्त प्रयासमा प्रकाशित पुस्तक 'सोसियल हिस्ट्री अफ नेपाल' नामक पुस्तकमा नेपालका विविध जातजातिका वर्णन गर्ने क्रममा मुसलमान जातिका बारेमा पनि उल्लेख गरेका छन् । उनीहरुको आगमन वंशावलीमा उल्लेख भए अनुसार रत्नमल्लको पालामा भएको थियो । उक्त पुस्तकमा त्यतिबेला मुस्लिमहरुले काठमाडौंको मुटुमा 'राखी' बजारसमेत बनाएका साथै मुसलमानहरु खासगरी चुरा र श्रृंगारका सामग्रीको व्यापार गर्ने रुपमा चिनिएका थिए भन्ने लेखिएको छ (वैद्य, मानन्धर र जोशी, १९९३:१८) ।

डा.राजेश गौतम र अशोक के थापा मगरले 'ट्राइवल इथ्नोग्राफी अफ नेपाल' नामक पुस्तकमा विभिन्न जातजातिका मानिसहरुको उल्लेख गर्दै मुसलमान जातिका नेपाल आगमन, बसोवास, तत्कालीन जनसंख्याको स्थिति, भाषा, गरगहना, खानपीन आदिका बारेमा उल्लेख गरेका छन् (गौतम र थापा मगर, १९९४:९४-११४) ।

'द राइट्स अफ वुमन इन इस्लाम' नामक पुस्तकमा अस्गार अलि इन्जिनियरले इस्लामहरु इस्लामिक धर्म कुरान सरिफअनुसारको नियममा चलेका हुन्छन् भनी उल्लेख गरेका छन् । यस पुस्तकले इस्लाम धर्मले महिलालाई पुरुषसरह समान अधिकार दिएको कुरा बताएको छ । यस्तो अधिकारमा विवाह एवम् सम्बन्ध विच्छेदको अधिकार, सम्पत्तिको अधिकार, वंशपरम्पराको अधिकार आदि उल्लेख गरेका छन् (इन्जिनियर अलि अस्गार, १९९२: ६७) ।

'नेपालको इतिहास र सभ्यता' नामक पुस्तकमा पुष्पराज चालिसे भन्छन् :

कान्तिपुरका राजा रत्न मल्ल (१४८२-१५२५) को शासनकालमा मुसलमानहरु नेपाल पसेको तथ्य पाइन्छ । कास्मीरी मुसलमानहरु यस क्षेत्रको व्यापारमा नामी थिए । उनीहरुको राम्रो प्रभाव थियो । विशेषगरी ऐस आराम तथा मनोरञ्जनका सामानका अतिरिक्त रेशम, मलमल, ढाका, जुत्ता, गहना, अत्तर, लेपन तथा श्रृंगारका सामानहरुको व्यापार यिनीहरुले गर्दथे । यिनीहरु व्यापारका लागि कास्मिरबाट ल्हासा सम्म पुग्दथे । यता नेपालीहरु प्राचीन कालदेखि नै तिब्बत र केही अंशमा भारतका केही भागहरुमा समेत व्यापार गर्न जान्थे तर कास्मिरी मुसलमानको जस्तो प्रभाव जमाउन सकेका थिएनन् । यसर्थ, रत्न मल्लले ती व्यापारीहरुलाई नेपाल तर्फ आकर्षित गरी नेपालको वैदेशिक व्यापारलाई बढाउने उद्देश्यले मुसलमानलाई यहाँ बस्न तथा कोठी खोल्ने स्वीकृति दिएको बुझिन्छ (चालिसे, २०५८:३९०-३९१) ।

मुस्लिम जातिमा विवाह सम्बन्धी धारणा यस्तो छ :

मुसलमानहरु विवाह समारोहलाई 'निकाह' भन्छन् । प्रसियन शब्दमा निकाहलाई सादी भनिन्छ । विवाह सबै मुसलमान वयस्कहरुका लागि अनिवार्य कार्य हो । इस्लाम धर्म गुरुका अनुसार जब मानिस वा ईश्वरका सेवकले विवाह गर्दछ तब उसले आफ्नो आधा संस्कार पुरा गर्दछ (सिद्दिका, १९९३:१८६) ।

माथि उल्लिखित विभिन्न पुस्तक, पत्रपत्रिका, शोध आदिको अध्ययनले यस शोधलेख महत्वपूर्ण सहयोग पुर्‍याउने विश्वास छ ।

# अध्याय : तीन

# अनुसन्धान पद्धति

## ३.१ अध्ययन क्षेत्र छनौट

नेपालका विभिन्न ठाउँहरुमा मुस्लिम धर्ममा आस्था राख्ने मानिसहरु छरिएर रहेका छन् । छुट्टै र आफ्नै सांस्कृतिक मूल्य र मान्यता भएका उनीहरुको भिन्न अस्तित्व छ । पोखराको मियापाटन मुस्लिम समुदायको पुरानो बस्ती हो । बाइसे चौवीसे राजाका पालादेखि नै मुस्लिमहरु रहँदै बस्दै आएको यही मियापाटन र मुस्लिम बस्ति भएका पोखराका केही क्षेत्रहरुलाई यस अनुसन्धानको अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको छ । पहिले मियापाटन एउटै वार्डमा पर्ने भएपनि बहुदलीय व्यवस्था स्थापना भएपछि नगर पुनसंरचना गर्दा मियापाटनलाई १०, १२, १३ वार्डमा विभाजन गरिएको छ । यसलाई उनीहरु राजनीतिक दाउपेचको रुपमा समेत लिँदा रहेछन् ।

पोखरास्थित मियापाटन यस वरपरका क्षेत्रलाई नै यस अध्ययन क्षेत्रको रुपमा रोज्नका पछि निम्न कारणहरु रहेका छन् ।

(क) नेपालका विभिन्न धर्म सम्प्रदाय मध्ये मुस्लिम धर्मावलम्बीहरुको आफ्नै पहिचान छ । यिनीहरुको सामाजिक एवम् सांस्कृतिक अवस्थाको अध्ययनमा शोधकर्ताको पहिले देखिकै रुचि हो । समाजका विभिन्न ठाउँमा छरिएर रहे पनि यिनीहरुको पूर्ख्यौली बसोबासको मूख्य क्षेत्र पोखरास्थित मियापाटनसँग शोधकर्ता पूर्वपरिचित छ । साथै, शोधकर्ता पोखरामा नै रहेको साथै परिचित व्यक्तिहरुबाट अनुसन्धानका क्रममा प्राप्त तथ्यांकको विश्वसनियता पनि बढ्न सक्छ भन्ने हिसाबले यो क्षेत्र छनौट गरिएको हो ।

(ख) मियापाटन लगायत पोखराका मुस्लिम बसोबास भएका क्षेत्र पर्यटकीय र आधुनिक प्रभावयुक्त भएकाले पनि यस क्षेत्रका समुदायको सामाजिक, सांस्कृतिक अवस्थामा आधुनिकीकरण एवम् परसंस्कृतिग्रहणको प्रभावका बारेमा समेत अध्ययन गर्ने उद्देश्यका कारण पनि शहरभन्दा टाढाका अन्य ठाउँ नरोजिएका हुन् ।

## ३.२ तथ्याङ्कको श्रोतहरु

कुनै पनि विषयमा अनुसन्धान गर्दा तथ्याङ्कको ठूलो महत्व रहेको हुन्छ । विना तथ्याङ्क अध्ययन अनुसन्धानकार्यलाई सार्थक निचोडमा पुर्‍याउन सम्भव छैन । प्रस्तुत अध्ययनमा मुख्यतः २ प्रकारका तथ्याङ्कहरुलाई प्रयोगमा लेराइएको छ । जसमा प्राथमिक श्रोतबाट लिइएको तथ्याङ्क र द्वितीय श्रोतबाट लिइएको तथ्याङ्क परेका छन् । यस अध्ययनमा प्राथमिक श्रोतबाट लिइएको तथ्याङ्क प्रश्नावली अनुसूचि तयार गरी सोहीको आधारमा लिइएको अन्तर्वार्ताबाट प्राप्त जवाफ, अवलोकनबाट प्राप्त तथ्यहरु समेटिएका छन् ।

त्यस्तै, द्वितीय श्रोतबाट लिइएका तथ्याङ्कमा मुस्लिम, मियापाटनका मुस्लिम समुदायका विभिन्न सामाजिक सांस्कृतिक पक्षसँग सम्बन्धित पुस्तक, पत्रपत्रिका, अध्ययन शोध एवम् अन्य लेखरचनाहरु आदिलाई आधार मानिएको छ ।

## ३.३ अनुसन्धान ढाँचा

यो अनुसन्धान मुख्यतः बर्णनात्मक शोध ढाँचामा आधारित छ । मुस्लिम समाज र संस्कृति सम्बन्धी विभिन्न साहित्य, धर्मिक ग्रन्थ, जर्नल, शोधहरुको गहन अध्ययन गरी प्रश्नावली, अन्तर्वार्ताबाट प्राप्त तथ्य एवम् निचोडहरुलाई वर्णनात्मक रुपमा प्रस्तुत गरिएको छ । साथै, परिवर्तनका कारण समेत खोज गरी कहीँ कतै अन्वेषणात्मक र पहिलेको मौलिक संस्कृतिको यस समुदायको अहिलेको संस्कृतिसँग तुलना समेत गरिएको छ ।

## ३.४ नमूना छनौटका विधिहरु

यस अध्ययन अनुसन्धानका लागि सम्भाव्यता नमूना छनौट विधिलाई प्रयोग गरिएको छ । परम्परागत मौलिक संस्कृति एवम् अहिलेको सामाजिक, सांस्कृतिक अवस्थाको सत्यतथ्य उजागर होस् भन्ने हेतुले अध्ययन क्षेत्रको न्युनतम ३० प्रतिशत नमूना पर्ने गरी विद्यार्थी, युवा, गृहिणी, व्यापारी, लगायतका विभिन्न उमेर समुह भित्रका व्यक्तिहरु सम्भाव्यता नमूना छनौटको आधारमा छानिएका थिए । उनीहरुलाई सामाजिक एवम् सांस्कृतिक अवस्था, सामाजिकीकरणका प्रक्रिया, जन्मदेखि मृत्युसम्मको सम्पूर्ण संस्कार परम्परा एवम् चाडबाड र तिनीहरुमा आएका परिवर्तन समेत समेटिने खालको प्रश्न अनुसूचि निर्माण गरी उपलब्ध गराइएको थियो । यसको अलावा अन्तर्वार्ता र सर्वेक्षण विधि समेत प्रयोगमा ल्याइएको छ ।

## ३.५ तथ्याङ्कका प्रकृतिहरु

यस अध्ययनमा मात्रात्मक तथा गुणात्मक दुवै प्रकृतिका तथ्याङ्कहरुको प्रयोग गरिएका छन् । मात्रात्मक अन्तरगत शिक्षा, उमेर, आम्दानी, दक्षिणा, उपहार, दाइजो खर्च, छोराछोरीको संख्या आदि रहेका छन् । त्यस्तै गुणात्मक तर्फ संस्कार, मूल्य, मान्यता, विभिन्न व्यक्तिको चाडपर्व, उत्सवहरु साथै तिनमा प्रस्तुत गरिने विविध व्यक्तिका भूमिका परेका छन् । यस कारण यस अध्ययनअनुसन्धानमा मात्रात्मक र गुणात्मक दुवै प्रकृतिका तथ्याङ्कहरुको प्रयोग भएका छन् ।

## ३.६ तथ्याङ्क संकलनका विधिहरु

कुनै पनि अध्ययन अनुसन्धान वैज्ञानिक ढंगले सम्पन्न गरी वास्तविक तथ्य पत्ता लगाउन संकलित तथ्याङ्कहरुको महत्वपूर्ण योगदान हुन्छ । तथ्याङ्क बिना कुनै पनि अनुसन्धान कार्य अपूरै रहन्छ । अनुसन्धान कार्यका लागि यति धेरै महत्व राख्ने तथ्याङ्क संकलनका लागि विभिन्न विधि र प्रविधिहरु अपनाइएका छन् । तथ्याङ्क संकलनको विधिले सम्पूर्ण शोधलाई नै मार्ग निर्देश गरेको हुन्छ । त्यस्तै, यस अनुसन्धान कार्य सम्पन्न गर्नका लागि पनि निम्न विधिहरु प्रयोग गरिएका छन् ।

### क. अवलोकन विधि

अवलोकन विधि तथ्याङ्क संकलनको महत्वपूर्ण विधि हो । यस अध्ययनमा प्रत्यक्ष अवलोकन र अप्रत्यक्ष अवलोकन विधिको प्रयोग गरिएको छ । छानिएका समुहका पोशाक, संस्कार, चाडपर्व, आनीबानी, मस्जिदलगायत सामाजिक महत्वका स्थान, नमाज गर्न आउने समूह र नमाज गर्दाको क्षणहरुको अवलोकन गरी तथ्यहरु संकलन गरिएका छन् । यसरी, आफ्नै आँखाले देखेका र पत्तालगाएर सत्यतथ्य कुराहरु प्रकटमा लेराई गरिएको अध्ययनको निचोड प्रामाणिक, वैध र विश्वशनीय छ भनी भन्न सकिन्छ ।

### ख. प्रश्नावली अनुसूचि

यस विधि अन्तर्गत नमूना छनौटमा परेका व्यक्तिहरुलाई भरपर्दो माध्यमबाट प्रश्नावली भर्न दिइयो । आवश्यकता अनुसार प्रश्नहरु थपघट र संसोधन समेत भए । त्यसबाट उनीहरुको सांस्कृतिक एवम् सामाजिक भूमिका, चाडबाड, रीति, मूल्यमान्यता, तिनीहरुमा देखापरेका परिवर्तन तथा कारणहरुका बारेमा थाहा पाउन मद्दत मिल्यो । प्रश्नहरु खुल्ला र बन्द दुबै किसिमका थिए ।

### ग. अन्तर्वार्ता

कुनै पनि समाजशास्त्रीय अनुसन्धानमा अन्तर्वार्ताको ठूलो महत्व हुन्छ । यस अध्ययन अनुसन्धानमा पनि अन्तर्वार्तालाई तथ्याङ्क संकलनको महत्वपूर्ण विधिको रुपमा प्रयोग गरिएको छ । उनीहरुको मौलिक एवम् सामाजिक परम्परा, संस्कृति, तिनमा देखिएका परिवर्तन, अहिलेको संस्कार, मूल्य, मान्यताका बारेमा समाजका लब्ध प्रतिष्ठित एवम् छनौटमा परेका व्यक्तिसँग अन्तर्वार्ता लिइयो । सूचना तथा तथ्यांक संकलन गर्ने क्रममा मुसलमान समुदायका बुढापाका, बुद्धिजीवी, धर्मगुरु वा इमाम, गैर मुसलमान बुद्धिजीवी, शिक्षक तथा समाजसेवीलाई समेत अन्तरवार्ताको लागि छनोट गरिएको थियो । विवरणात्मक रुपमा ज्ञान प्राप्त गरिने हुँदा अन्तर्वार्ताको स्वरुप अनिर्देशित रह्यो । तर, विषयवस्तु र महत्वपूर्ण सूचना भन्दा बाहिर गई बहकिन सक्ने सम्भावनालाई मध्यनजर गरी उत्तिकै हेक्का समेत राखिएको थियो ।

### घ. लक्षित समुह छलफल

लक्षित समुह छलफल पनि तथ्याङ्क संकलनको अत्यन्त भरपर्दो विधि हो । विभिन्न व्यक्तिहरुको सामुहिक भेला गरी खासखास विषय प्रदान गरेर उनीहरुबीच सामुहिक छलफल गराउँदा धेरै सत्यतथ्यहरु बाहिर आउँदा रहेछन् । सोही सन्दर्भमा मियापाटन स्थित मस्जिदमा इमाम लगायत नमाज पढ्न जुटेका धार्मिक जनहरुविच विविध विषयमा केन्द्रित भई सामूहिक छलफल गरियो । भिन्न वर्ग, तह र उमेर समुहका व्यक्ति बीच समुह छलफल गराउँदा अनुसन्धानलाई सहयोग पुग्ने प्रशस्त तथ्यहरु प्राप्त भयो । सार्वजनिक रुपमा व्यक्त विचार अझ बढी प्रामाणिक र थप विश्वसनीय मान्न सकिन्छ ।

## ३.७ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

यस शोधमा तथ्यांकहरुको प्रशोधनका क्रममा प्राप्त तथ्यांकहरुलाई सम्पादन, वर्गीकरण, तालिकीकरणजस्ता अन्य विधिहरुको पनि प्रयोग गरिएको छ । त्यस्तै उत्तरदाताहरुबाट प्राप्त उत्तरहरुलाई विश्लेषण गरी प्रस्तुत गरिएको छ । अन्तर्वार्ता एवम् अनुसन्धानबाट गुणात्मक तथ्यहरु नै बढी प्राप्त हुने भएकाले वेशीरुपमा वर्णनात्मक एवम् व्याख्यात्मक ढाँचामा प्रस्तुत गरिएको छ ।

## ३.८ अध्ययनको संगठन

अपेक्षित उद्देश्य पूरा गरी यस अनुसन्धान कार्यलाई सम्पन्न गर्न समग्ररुपमा यस शोधलाई छ अध्यायमा बाँडिएको छ । प्रत्येक अध्यायलाई विभिन्न शीर्षक तथा उपशीर्षक दिएर छुट्टाछुट्टै चर्चा गरिएको छ ।

प्रथम अध्यायमा अनुसन्धानको परिचय प्रस्तुत गरिएको छ । यस अन्तर्गत परिचय, अध्ययनको पृष्टभूमि, समस्याको कथन, उद्देश्य, महत्व र अध्ययनको सीमा परेका छन् । त्यसैगरी दोस्रो अध्यायमा पूर्वकार्यको सिँहावलोकन शीर्षकमा सान्दर्भिक साहित्यको अध्ययन समावेश गरिएको छ । तेश्रो अध्यायमा अनुसन्धान पद्धति अन्तर्गत अध्ययन क्षेत्र छनोट, अनुसन्धान ढाँचा, तथ्याङ्कका स्रोतहरु, तथ्याङ्कका प्रकृति, तथ्याङ्क संकलनका विधिहरुका एवम् तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण एवम् अध्ययनको संगठनका बारेमा उल्लेख गरिएको छ । त्यस्तै, अध्याय चारमा पोखरा मियापाटनका मुस्लिमहरुको सामाजिक इतिहास प्रस्तुत गर्दै त्यहाँ उनीहरुको आगमनको ऐतिहासिक चर्चा संक्षिप्त रुपमा गरिएको छ । अध्याय पाँचमा तथ्याङ्कहरुको विश्लेषण र प्रस्तुतीकरण अन्तर्गत राष्ट्रिय एवम् स्थानीय सन्दर्भमा मुस्लिमहरुको जनसाङ्ख्यिक विवरण, उनीहरुको सामाजिक, सांस्कृतिक, धार्मिक एवम् आर्थिक अवस्था र तिनमा देखिएका परिवर्तन प्रस्तुत गर्दै अध्याय छमा निष्कर्ष खण्ड समावेश गरिएको छ र अन्तमा सन्दर्भ ग्रन्थ सूची, प्रश्न अनुसूची, अन्तवार्ता लिइएकाहरुको नामावली प्रस्तुत गरिएको छ ।

# अध्याय : चार

# पोखरेली मुस्लिमहरुको सामाजिक इतिहास

पर्यटकीय नगरी पोखरामा विभिन्न जातजाति, धर्मावलम्बी र सम्प्रदायका मानिस बसोवास गर्छन् । त्यस्तै विभिन्न जाति मध्ये एक हो मुस्लिम जाति । पोखराका विभिन्न भागमा फैलिएका भए पनि मुस्लिमहरुको बाक्लो बस्ती भएको महत्वपूर्ण स्थानको रुपमा रहेको छ मियापाटन । मियापाटनको पूर्वमा आर्बा गाउँ, पश्चिममा अमरसिँह चोक, उत्तरमा भद्रकाली मन्दिर र दक्षिणमा भारतीय पेन्सन क्याम्प पर्दछन् । मियापाटनले पोखरा उपमहानगरपालिकाको मुख्यतः वडा नं १३, वडा नं १० र १२ का केही भाग समेटेको छ । यस मियापाटन क्षेत्रमा हाल मुस्लिमका २०० जति घरहरु छन् भने यसबाहेक पोखराका विभिन्न क्षेत्रमा लगभग १०० जति घरहरु छरिएर रहेका छन् । विभिन्न प्रयोजन, विशेषगरी व्यापारको सिलसिलामा शहरका विभिन्न क्षेत्रमा फैलिएका कारण मुस्लिम जातिको स्थानगत दह्रो प्रतिनिधित्व यही मियापाटन क्षेत्रले नै गर्ने गर्दछ । मियापाटनको बीचमा मौलाको पाटन छ । कास्कीकोट, काँहुकोट, ठूलाकोट र सराङ्कोटको पूजाआजा यही मौलाको पाटनमा गर्दछन् । मियापाटनमा मुस्लिम, हिन्दू र बौद्ध धर्मावलम्बीहरु बसोवास गरेको पाइन्छ ।

पोखरा नगर विकासको इतिहास त्यति लामो छैन । शुरुबाट नै यो मुस्ताङ र बुटवलको व्यापारिक मार्गको केन्द्र विन्दु थियो । सन् १९६१ मा पोखरा उपत्यकाको कुल जनसंख्या ५४१३ रहेको देखिन्छ । पोखरा नगरको अधिकांश भुभाग झाडीले ढाकेको थियो । यहाँ पहिले बसोवास गर्नेहरुले झाडी फाँडेर झुपडी बनाए अनि हिँडडुल गर्न गोरेटो बाटोहरु र खोलामा सानो बाँसको फड्के बनाए । त्यतिबेलाका मानिसहरुको दैनिक जीवन कष्टमय थियो । पानी र कृषियोग्य भूमिको अभाव थियो । यो ठाउँ पशुचरणको लागि प्रयोग गरिन्थ्यो । औलोको डरलाग्दो प्रकोप भएपनि औलो उन्मुलन पश्चात बल्ल केही मात्रामा गाउँलेहरु बिस्तारै यस क्षेत्रमा बस्नथालेको पाइन्छ (सिग्देल, १९८३:१५) ।

लगभग २९० वर्ष भन्दा पहिल्यै मुसलमानहरु सर्वप्रथम कुँडहर क्षेत्रमा आई बसोबास शुरु गरेको पाइन्छ । वि.सं.१९९० सालको भुकम्पले मियापाटनका मियाहरुको २२ घरमध्ये ७, ८ घर भत्काइदिएको प्रमाण भेटिन्छ । १९९० साल लगत्तै आएको हैजाले प्रायः

प्रत्येक घरको कुनै न कुनै सदस्यको मृत्यु भएको भनाइ छ । भनिन्छ, त्यतिखेरको हैजाले यहाँको जनसंख्या आधा पारिदियो (भादगाउँले, २०५८:२) ।

सबै मुसलमानहरु पहिले खेतिपातीमा निर्भर थिए । पछि मात्र चुरा बेच्ने व्यवसायमा लागेको पाइन्छ । पहिलेपहिले चाडपर्व तथा मेलामा मात्र चुरा धागो बेच्ने चलन थियो । घरहरुको कुरा गर्दा ३०, ३२ वर्ष अघिसम्म यहाँ खरले छाएका घुमाउने घरहरु थिए । स्वदेशकै व्यापार व्यवसाय एवम् रोजगारको शिलशिलामा यहाँका मियाँहरु विदेसिएपछि आजकल आधुनिक किसिमका घरहरु बनेका छन् ।

उनीहरुमा समयको रफ्तार एवम् आधुनिकतासँगै बिस्तार परिवर्तन आइरहेको छ । भौतिक विकासको कुरा गर्नु पर्दा मियापाटनमा अहिले मोटरबाटो, विजुली, पानी र सञ्चारको समस्या छैन । विद्यालय, हस्पिटल एवम् सडक बिस्तारको दृष्टिले पनि यो ठाउँ केन्द्रमा परेको छ । यही कारणले पनि यिनीहरुको परम्परागत व्यवसाय एवम् अन्य सामाजिक साँस्कृतिक अवस्थामा परिवर्तन देखा परिरहेका छन् । मियापाटनका वरिपरि क्षेत्री, बाहुन, गुरुङ, मगर, नेवार एवम् विभिन्न जातजाति आदिको बसोबास रहेको छ । मेलापर्व, जन्ति, मलामी अर्थात मर्दापर्दा यथेष्ट सहयोगको परम्परा छ ।

बाइसी चौविसी राज्यको शासनअवधिमा मुसलमानहरु पश्चिम पहाडतिर प्रवेश गरेको पाइन्छ । यही क्रममा पछि मुसलमानहरु पोखरा उपत्यकामा पनि बसोबास गर्न थाले । मियापाटनमा यिनीहरुको प्रवेश सम्बन्धी विभिन्न मतहरु प्रचलित रहेका छन् । पहिलो मत अनुसार चौवीसी राजाको पालामा पूर्वतिरको आर्बाको छिमेकी गाउँ ठूलाकोट र दक्षिण पश्चिमतिरको कास्की कोटका राजाहरुले उनीहरुलाई भारतबाट हतियार बनाउन साथै सैन्य प्रशिक्षण दिन एवम् दरबारीया स्त्रीहरुलाई श्रृंगारपटार गर्न लेराएका थिए (भादगाउँले, २०५८:१) ।

त्यसबेला कास्कीकोट दरबारको हतियार भण्डारण गर्ने थलो सराङकोटबाट मुसलमानहरु बेसी चिसाखोल झरे, लगभग एकै समयमा उता ठूलाकोटका मुसलमानहरु बेसी कुँडहर फाँटमा झरे । उनीहरु खेतीपाती गरी गुजारा चलाउन थाले । भनिन्छ, त्यतिबेला मियापाटन वा कुँडहरमा झाडी थियो । पछि कास्कीका राजाले यिनीहरुलाई कुँडहर क्षेत्र बिर्ता दिएको पाइन्छ । त्यसपछि मात्र यिनीहरु यस क्षेत्रका बासिन्दा भए । पछि गएर उनीहरुले कुँडहर फाँटलाई आवाद समेत गरे । शुरुशुरुमा उनीहरुले मुख्य पेशाको रुपमा मकै, धान, कोदोको खेती एवम् पशुपालन रहेको पाइन्छ ।

अर्को मान्यता अनुसार पृथ्वीनारायण शाहको समयमा कास्की, तनहुँ, लम्जुङ र पर्वतको संयुक्त फौजले सिरानचोकमा गोर्खाको विरुद्ध आक्रमण गरे । त्यसबेला हजारौं मुस्लिमहरु कास्कीको पक्षबाट युद्धमा लडेका थिए । त्यस युद्धमा कास्कीकोटका सुबेदार मेजर सलाउदीनले आफ्ना दुबै खुट्टा र बायाँ हात गुमाउनु पर्‍यो । त्यसैले कास्कीका राजाका तर्फबाट उनको बहादुरीको कदरस्वरुप पुरस्कृत भई कुँडहर क्षेत्र बिर्ता दिए । कुडहर क्षेत्र झाडीले ढाकेको थियो । पछि उनीहरुले झाडी फँडानी गरी बसोबास र कृषियोग्य भूमिमा परिवर्तन गरे । मियापाटनका मुसलमानहरु तिनै मुसलमानका सन्तान भएको मानिन्छ । जेहोस् कुँडहर क्षेत्र यिनीहरुले बिर्ता पाएकोमा भने मतैक्यता पाइन्छ । मियापाटनका मुसलमानका पुर्खाहरु तिब्बतसँगको युद्धमा पनि लडेका थिए । युद्धमा जाने मुसलमानहरुको हवल्दार पद भएकाले यहाँका मुसलमानहरुलाई हवल्दारको सन्तान पनि भनिन्छ (हनिफ मियासँगको अन्तर्वार्तामा आधारित) ।

यहाँका मुस्लिमहरु व्यापारिक क्रियाकलापका क्रममा अन्यत्र विभिन्न ठाउँहरुमा छरिएर रहन पुगे भने यहाँका मुसलमानको संख्यामा पनि उल्लेख्य बृद्धि भएको छ । शुरुमा २२ घरबाट शुरु भएको वस्ती सन् १९८३ मा आइपुग्दा ११८ घर पुग्न गएको पाइन्छ । हाल यस क्षेत्रमा लगभग २०० घर जति भएका छन् । धार्मिक मान्यता अनुसार परिवार नियोजन एवम् गर्भ तुहाउनु महापाप ठानिने भएकाले पनि शुरुशुरुमा जनसंख्या उल्लेख्य रुपमा बृद्धि भएको हुनसक्छ । अल्लाहले जे दिन्छन् त्यो स्वीकार गर्नै पर्छ भन्ने सोँच हो उनीहरुको । (इमाम एवम् मुस्लिम धार्मिक संरक्षण सेवा समितिका उपाध्यक्ष हाजी जमालुद्दिन मियासँगको अन्तर्वार्तामा आधारित) । आजकल त्यो मान्यतामा समयसँगै परिवर्तन आई जन्मदरमा नियन्त्रण समेत देखापरेको छ ।

## अध्याय : पाँच

# तथ्याङ्कको विश्लेषण एवम् प्रस्तुतीकरण

## ५. मुस्लिमहरुको जनसांख्यिक विवरण

नेपालको चार मुख्य धर्म समुदाय मध्ये ईस्लाम तेस्रो ठूलो धार्मिक समुदाय हो । धर्म अनुसार जनसंख्यामा तेश्रोमा पर्दछ । यिनीहरुको जनसंख्या तीव्ररुपमा बृद्धि पनि हुँदै गइरहेको छ । हिन्दू सबैभन्दा ठूलो धार्मिक समुदाय हो । विभिन्न गणनाले बुद्धिष्टहरु पछि यिनीहरु तेश्रो स्थानमा परेको तथ्य बाहिर लेराएका छन् । सन् १९९१ को तथ्याङ्क अनुसार करिब ३% मुस्लिमहरु नेपालको कुल जनसंख्या अन्तर्गत पर्दछन् । त्यस्तै ७.८% जनसंख्या बौद्ध धर्मावालम्बीहरुको छ भने सबैभन्दा बढी हिन्दू ८६.५% रहेका छन् इशाई २.१% एवम् अन्य नगन्य अवस्थामा छन् (हे.तालिका नं.१) ।

**तालिका नं. १**

**नेपालमा अपनाइने प्रमुख धर्मको आधारमा जनसंख्या विवरण**

| साल ( वि.सं.) | २००९/११ | २०१८ | २०२८ | २०३८ | २०४८ |
|---|---|---|---|---|---|
| धर्म | प्रतिशत | प्रतिशत | प्रतिशत | प्रतिशत | प्रतिशत |
| १. हिन्दु | ८८.९ | ८७.७ | ८९.४ | ८९.४ | ८६.५ |
| २. बौद्ध | ८.६ | ९.२ | ७.५ | ५.३ | ७.८ |
| ३. ईस्लाम | २.५ | ३.० | ३.० | २.७ | ३.५ |
| ४. इशाई तथा अन्य | ०.० | ०.० | ०.१ | २.५ | २.१ |
| ५. अनुत्तरित | .. | ०.१ | .. | .. | ०१ |
| सबै धर्महरु | १००% | १००% | १००% | १००% | १००% |

*स्रोत : - केन्द्रिय तथ्यांक विभाग, काठमाडौँ*

पोखरामा पनि मुस्लिमहरुको बृद्धिदर तीव्र छ । सन् १९४३ मा जम्मा १३५ जनाको संख्यामा रहेका मुस्लिमहरु क्रमशः उल्लेख्य बृद्धिहुँदै सन् २००१ सम्म आइपुग्दा १८९६ कायम रहेको छ । यो बृद्धिदर आफैमा उच्च हो । पोखरा उमनपा स्थित मियाँपाटन मुसलमानहरुको बाक्लो बस्ती भएको स्थान हो । यस धर्म मान्ने जनसंख्या २०५८ को प्रारम्भिक तथ्यांकमा १८९६ भएको पाइन्छ । यहीँबाट विभिन्न स्थानमा मुस्लिमहरु छरिएका

छन् । तर ५० प्रतिशत भन्दा बढी यसै मियाँपाटनमा वस्दछन् । साथै, मुस्लिमहरुको प्रतिनिधित्व पनि यसै ठाउँले गरेको छ । यिनीहरुको संख्यालाई पछाडि फर्केर हेर्दा शुरुमा २२ घरबाट शुरु भएको यिनीहरुको जनसंख्या बृद्धिदर एकदमै उच्च रहेको छ । यिनीहरु परिवार नियोजन आफ्नो धर्म विपरीत ठान्दछन् । धर्मले गर्भ तुहाउन र बच्चा जन्माउन रोक्न महापाप ठान्दछन् । त्यसैले पनि यिनीहरुको जनसंख्या बृद्धिलाई स्वाभाविक मान्नु पर्दछ । त्यस्तै शिक्षाको कमी, बहुपत्नी प्रथा, विधवा विवाहलाई मान्यता, सानै उमेरमा विवाह गर्ने आदि कारणले मुस्लिम जनसंख्या बृद्धिदर उच्च रहेको हुनसक्छ । सन् १९४३ मा पोखराका कुल मुस्लिमहरुका संख्या १३५ रहेको थियो भने यसबाट बृद्धि भएर सन् १९५४ मा २०२ पुग्यो । त्यसपछि सन् १९६८ मा ३२० पुग्यो भने १९७८ मा ४२६, १९८३ मा ५८८, १९९१ मा ९९८ र २००१ मा कुलसंख्या १८९६ रहेको छ (हे. तालिका नं. २) ।

**तालिका नं. २**

**पोखराका मुस्लिमहरुको जनसंख्या र बृद्धि दर**

| बर्ष (सन्मा) | जनसंख्या | बुद्धिदर |
|---|---|---|
| १९४३ | १३५ | ... |
| १९३-१९५४ | २०२ | ३.७% |
| १९५४-१९६८ | ३२० | ३.३% |
| १९६८-१९७८ | ४२६ | २.९% |
| १९७८-१९८३ | ५८८ | ६.७% |
| १९८३- १९९१ | ९९८ | ७.९% |
| १९९१-२००१ | १८९६ | १०.८% |

*स्रोत : - केन्द्रिय तथ्यांक विभाग, काठमाडौं ।*

**तालिका नं. ३**

**पोखरा वडागत मुस्लिम जनसंख्या विवरण (१९९१ र २००१)**

| वडा नं. | मुस्लिम जनसंख्या (सन् १९९१) | मुस्लिम जनसंख्या (सन् २००१) |
|---|---|---|
| १ | ८२ | १११ |
| २ | १२ | १७ |
| ३ | ५४ | ९५ |
| ४ | ५८ | २२९ |
| ५ | १४ | ३३ |
| ६ | ३९ | ११३ |
| ७ | १० | ३९ |
| ८ | ८८ | २८६ |
| ९ | १०२ | १३४ |
| १० | ८५ | १०३ |
| ११ | २० | ३० |
| १२ | १२८ | ९१ |
| १३ | २४१ | ४६१ |
| १४ | २ | २ |
| १५ | २६ | ६५ |
| १६ | १२ | २३ |
| १७ | २५ | ६४ |
| १८ | - | - |
| जम्मा | ९९८ | १८९६ |

*स्रोत : - केन्द्रिय तथ्यांक विभाग, काठमाडौं ।*

**तालिका नं. ४**


**वडागत रुपमा मुस्लिम महिला र पुरुषहरुको विवरण-२००१**

| वडा नं. | मुस्लीम संख्या | कूल प्रतिशत | पुरुष संख्या | प्रतिशत (%) | महिला संख्या | प्रतिशत (%) |
|---|---|---|---|---|---|---|
| १ | १११ | ५.८ | ६७ | ६०.० | ४४ | ३९.६ |
| २ | १७ | ०.९ | ८ | ४७.० | ९ | ५२.९ |
| ३ | ९५ | ५.० | ६९ | ७२.६ | २६ | २७.३ |
| ४ | २२९ | १२.० | १३६ | ५९.३ | ९३ | ४०.६ |
| ५ | ३३ | १.७ | २४ | ७२.७ | ९ | २७.२ |
| ६ | ११३ | ५.९ | ९५ | ८४.० | १८ | १५.९ |
| ७ | ३९ | २.० | २६ | ६६.६ | १३ | ३३.३ |
| ८ | २८६ | १५.० | २१५ | ७५.१ | ७१ | २४.८ |
| ९ | १३४ | ७.० | ७३ | ५४.४ | ६१ | ४५.५ |
| १०. | १०३ | ५.४ | ६० | ५८.२ | ४३ | ४१.७ |
| ११. | ३० | १.५ | १८ | ६०.० | १२ | ४०.० |
| १२. | ९१ | ४.८ | ४५ | ४९.४ | ४६ | ५०.५ |
| १३. | ४६१ | २४.३ | २२१ | ४७.९ | २४० | ५२.० |
| १४. | २ | ०.१ | २ | १०० | ० | ०.० |
| १५. | ६५ | ३.४ | ३९ | ६०.० | २६ | ४०.० |
| १६. | २३ | १.२ | १५ | ६५.२ | ८ | ३४.७ |
| १७. | ६४ | ३.३ | ३२ | ५०.० | ३२ | ५०.० |
| १८ | - | - | - | - | - | - |
| | १८९६ | १०० | ११४५ | १०० | ७५१ | १०० |

*स्रोत : - केन्द्रिय तथ्यांक विभाग, काठमाडौं ।*

## चित्र नं. १

## वडागत रुपमा मुस्लीम महिला र पुरुषहरुको विवरण २००१



राजनीतिक एवम् प्रशासनिक हिसाबले पोखरा उपमहानगरपालिकालाई १८ वटा वडाहरुमा विभाजन गरिएको छ । विभिन्न तथ्यांकलाई आधार मान्दा यी १८ वटा वडाहरु मध्ये १ देखि क्रमशः १७ वडासम्म धेरथोर मुस्लिमहरुको बसोवास भएको पाइयो (हे. तालिका ३, ४) । साथै वडा नं. १३ मुस्लिमहरुको सबैभन्दा बाक्लो बस्ती भएको वडाका रुपमा पाइयो । साथै यसैसँग सिमाना जोडिएको १२ नं वडामा पनि उल्लेख्य मात्रामा मुस्लिमहरु बसोबास गर्ने गर्दा रहेछन् । मुस्लिमहरुको जनघनत्व रहेको क्षेत्र कुँडहरलाई पछिल्लो अवस्थामा विभिन्न वडामा टुक्र्याइएको हो भन्ने भनाइ यहाँका लब्ध प्रतिष्ठितसँगको अन्तर्वार्ताको क्रममा थाहा भयो । यसलाई उनीहरु राजनैतिक दाउपेचका रुपमा समेत लिँदा रहेछन् । जेहोस् यही मियापाटन एवम् यस आसपासका क्षेत्र मुस्लिमहरुको केन्द्र एवम् प्रतिनिधि क्षेत्रको रुपमा रहेको पाइयो । मुस्लिमहरु व्यापारको क्रममा पछि मात्र मियाँपाटनबाट विभिन्न वडामा स्थान्तरण भएको पाइन्छ । यी बडाहरु अन्तर्गत वडा नं. (१) बाग बजार (२) मोहरियाटोल (३) तेर्सापट्टी (४,९) महेन्द्रपुल (१०,१२,१३,१४) मियाँपाटन् (कुँडहर) र (१७ पार्दी पर्दछन् । सन् १९९१ मा ९९८ मुस्लिम संख्या थियो । भने १० बर्षमा ८९८ संख्या बृद्धि भएर २००१ मा १८९६ पुग्यो । सन् २००१ मा कुल १८१६ जनसंख्या मध्ये ११४५ पुरुष र ७५१ महिलाहरु रहेको पाइन्छ । धेरै संख्या भएका वडा अन्तर्गत १, ९, १२, १३, १० पर्दछन् । थोरै संख्या भएका वडाअन्तर्गत १४, १७, २, ३, ४, ७ पर्दछन् । पोखरामा मुस्लिम जनसंख्या महिला संख्या भन्दा पुरुष संख्या बढी छन् । सन् २००१ मा कुल जनसंख्या १८९६ मध्ये ३९.६१% महिला र ६०.३९% पुरुष रहेको पाइन्छ । हिन्दू महिलाको दाँजोमा मुस्लिम महिलाहरु ५-१५% बढी बच्चा जन्माउँछन् । संसारमा सबै भन्दा बढी जनसंख्या बृद्धि दर मुस्लिम समुदायमा भएको प्रमाणित हुन्छ । घना बस्ती भएको बडा मअन्तर्गत १३, १२, १० मियाँपटन (कुँडहर), ४ र ९ महेन्द्रपुल र १ बाग बजार पर्दछन् । पुरुष संख्या धेरै भएको वडा अन्तर्गत १, ३, ४, ७, ९, १४ पर्दछन् भने महिला संख्या धेरै भएको वडा अन्तर्गत १७, २, १३, १२ पर्दछन् (हे. तालिका नं. ३) । पोखराका मुख्य व्यापारिक केन्द्रहरुमा मुस्लिम पुरुषहरु बढी सक्रिय रहेका छन् । महिलाहरु घरायसी काम देखि फाट्टफुट्ट व्यापारमा पनि सक्रिय रुपले संलग्न भएको पाइन्छ । सन् २००१ मा संख्याको हिसाबले पुरुष संख्या धेरै देखिएको पाइन्छ । तापनि मुस्लिम परिवार बसोबास गर्ने वडा अर्न्तगत मोहरिया टोल २, मियाँपाटन १३, १२, १० र पार्दी १७ मा महिला संख्या धरै भएको पाइन्छ । त्यस्तै पुरुषहरु व्यापारको क्रममा मुख्य व्यापारी

केन्द्रहरुमा गई व्यापार गर्ने हुँदा महेन्द्रपुल ८, ९, ४ र बागबजार १ मा पुरुष संख्या बढी भएको पाइयो (हे. तालिका नं. ४)।

जेहोस् मियापाटन मुस्लिमहरुको पुरानो बस्ती भएको क्षेत्र हो । यसलाई प्रतिनिधि क्षेत्रको रुपमा समेत लिइन्छ । तसर्थ, मुस्लिमहरुको सामाजिक एवम् साँस्कृतिक अवस्थाको सही तथ्यहरु उजागर हुन सकोस्  हिसाबले यही मियापाटन क्षेत्रलाई अध्ययन क्षेत्रको रुपमा लिइएको छ । यहीँका लब्ध प्रतिष्ठित पाका व्यक्तित्व, सामाजिक एवम् राजनैतिक कार्यकर्ता, छनोटमा परेका विभिन्न लैङ्गिक एवम् उमेर समूह, पेशा व्यवसायी, गृहिणीहरु सँगको छलफल, अन्तर्वार्ता एवम् प्रश्नोत्तर साथै पुस्तकालयीय अध्ययनबाट प्राप्त विभिन्न प्राथामिक एवम् द्वितीय स्रोतबाट प्राप्त तथ्यहरुलाई वैज्ञानिक ढंगबाट विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

## ५.१ मुस्लिमहरुको सामाजिक परिवर्तन

वास्तवमा समाज भनेको व्यक्तिव्यक्ति बीचको सम्बन्ध हो । मानिसहरुको भौतिक स्वरुप वा समूह आफैमा समाज होइन । समूहमा रहेका व्यक्तिहरुले विभिन्न क्रियाकलाप वा प्रक्रिया निर्माण गर्दछन् । यही प्रक्रियाद्वारा स्थापित हुने अन्तरसम्बन्ध नै समाज हो । यसर्थ, समाजशास्त्रीय दृष्टिले भन्नुपर्दा मानव समूहमा एकअर्का बीच सम्बन्धको जुन जालो बिच्छ्याइएको हुन्छ त्यो नै समाज हो । आफ्ना आवश्यकता पूरा गर्नको लागि समुहमा रहेका भिन्नभिन्न व्यक्तिहरु बीच सम्बन्ध स्थापना हुन्छ । उनीहरु आपसमा विभिन्न व्यवहार र अन्तरक्रिया गर्दछन् । यही अन्तरक्रियाको फलस्वरुप एउटा अमूर्त संरचना निर्माण भएको हुन्छ त्यसैलाई नै समाज भनिन्छ । व्यक्तिव्यक्ति बीचको पारस्परिक सम्बन्ध फरकफरक किसिमको हुन्छ । पति-पत्नी, आमा-बाबु, दिदी-भाइ, छोरा-छोरी मिलेर परिवार नामको एकाइ निर्माण हुन्छ । यी सम्पूर्ण सदस्यहरु एकआपसमा केही न केही अन्तरक्रिया गरी नै रहेका हुन्छन् । त्यस्तै त्यो परिवार छिमेकी, विभिन्न व्यावसायिक एवम् खेल समूहसँग सम्बन्ध स्थापना गर्दछ। यही सम्बन्ध नै समाज हो ।

समाजमा मिलेर रहनु मानवको प्रमुख विशेषता र आवश्यकता पनि हो । मानवले आफ्नो मानवीय जीवनमा अपनाएको र अंगीकार गरेको प्रत्येक क्रियाकलापहरुको अवस्था नै सामाजिक अवस्था हो । सामाजिक अवस्थामा खासगरी जनजाति, भाषा, रहनसहन, धर्म

आदिको अध्ययन गरिन्छ । समाज एक गतिशील अवधारणा हो । शिक्षा, चेतना, नवीन विचार, नयाँनयाँ प्रविधिका कारण समय सापेक्षरुपमा समाज परिवर्तन भइरहन्छ ।

मथि नै उल्लेख भइसकेको छ, नेपाल सामाजिक विविधता भएको मुलुक हो । मियापाटनमा मुसलमानहरुको अलावा ब्राम्हण, क्षेत्री, मगर, गुरुङ तथा अन्य विभिन्न जातजाति एवम् धर्मावलम्बीहरु बसोबास गरेको पाइन्छ । यहाँ विभिन्न जातजाति, धर्म र पेशा भएका एवम् सामाजिक आर्थिक दृष्टिले भिन्न व्यक्तिहरु एकअर्कामा मिलेर रहेका छन् । प्रत्येक जातजातिको एकअर्कामा सहअस्तित्वको भावना छ । यही कारणले पनि परसंस्कृति ग्रहणका लागि अनुकूल वातावरण छ यहाँ ।

मुसलमानहरु एउटामात्र देवता अल्लाहलाई मान्दछन् । सुन्नी र सिया मध्ये सुन्नी सम्प्रदायका यिनीहरु एकइश्वरवादी हुन् । यिनीहरु धर्ममा अति निष्ठावान रही पैगम्बर मोहम्मदको शिक्षा अनुसरण गर्दछन् । कालान्तारमा विभाजन भएका दुई सम्प्रदायमा शिया र सुन्निहरु मध्ये नेपालका मुसलमानहरु प्रायः सुन्नी समुदायका अनुयायी छन् । यिनीहरुको समाज धार्मिक गुरु इमामद्वारा निर्देशित हुन्छ । समाजमा धार्मिक गुरुबाट नै सबै शुभकामको शुरुवात गर्दछन् । इमाम, मुल्लाह, मौलवीका निर्देशनको सबैले पालना गर्दछन् । यिनीहरुको निर्देशन विपरीत काम कुनैपनि मुसलमानले गर्नु हुँदैन भन्ने सैद्धान्तिक मान्यता छ । यिनीहरुको नीति, नियम, सिद्धान्त र निर्देशन सबै इस्लामिक परम्परागत नियम कानुनमा आधारित हुन्छ । त्यसैले यसको उल्लंघन गर्नु भनेको इस्लाम विपरीत जानु हो भन्ने मान्यता रहेको थियो । तर समयको रफ्तारमा अघि बढ्दै जाँदा रोजगार, व्यवसाय, बन्द व्यापार एवम् विभिन्न खाले शिक्षा र विभिन्न अन्य धर्मावलम्बीहरुसँगको सामिप्य एवम् उठवसका कारण कहीँ कतै ती परम्परागत मूल्य र मान्यताहरु खण्डित भएको पनि पाइन्छ । हुनत कुनै पनि मुसलमान इमाम, मौलवीको आदेशको विरोध गर्दैनन् तर पनि सबै रुपमा पालन गरेको पनि पाइएन । उनीहरु आफ्नो मुस्लिम समुदाय भित्रको अनुशासन पालना गर्न, झगडा मिलाउन र सार्वजनिक कल्याणको व्यवस्था गर्न आफ्नै संगठन बनाएका हुन्छन् । यी संगठिन स्वरुप पनि पछि आवश्यकता बोध भए पछि मात्र जन्मिएका हुन् । नेपाली समाजमा आफ्नै छुट्टै सामाजिक पहिचान र विशेषता बोकेका यी मुसलमानहरुका अग्रजहरुले आफ्नो सामाजिक अवस्थामा खासै परिवर्तन नआएको जिकिर गरेपनि विभिन्न घटना र युवा वर्गहरु कतिपय मूल्य र मान्यतामा निरन्तर परिवर्तन हुँदै समयसापेक्षरुपमा अघि बढिरहेको पाइयो जसको विवरण तल प्रस्तुत गरिएको छ ।

### ५.१.१ पहिरन तथा भेषभुषा

मुसलमानहरुको आफ्नै मौलिक एवम् परम्परागत पहिरन छ । लोग्ने मानिसहरु खासगरी खान ड्रेस कुर्ता पाइजामा र गोलो तुर्किस टोपी साथै पातलो लुंगी लगाउँदछन् । महिलाहरु कुर्ता, सलवार, स्वेटर र शिर ढाक्न चुन्नी प्रयोग गर्दछन् । अझ परम्परागत मान्यता अनुसार त महिलाहरुले बुर्का नै लगाउनुपर्ने हो । मियापाटनका मुसलमानहरु टिशर्ट, शर्ट, पाइन्ट, कुर्ता, पाइजामा, लुंगी, दौरा सुरुवालको साथै इस्टकोट र टाउकोमा तुर्किस टोपी प्रयोग गर्दछन् । कसैकसैले ढाका टोपी प्रयोग गरेको पाइन्छ । खान ड्रेस माथि इस्टकोट लगाउँछन् । त्यस्तै महिलाहरुमा यहाँ बुर्का नओढी स्वतन्त्ररुपमा सारी, ब्लाउज, लुंगी, जाकेट, स्वेटर, कुर्ता सलवार, चोलो, पछ्यौरा, चुन्नी प्रयोग गर्दछन् । लोग्ने मानिसहरु प्रायः रातो कपडा लगाउँदैनन् । उनीहरु सफा र सेतो कपडा लगाउन मन पराउँछन् । पुरुषहरुलाई सुनको गहना वर्जित गरिएको छ । महिलाहरु सुनका गहना, कानमा रिङ, झुम्का, औंठी, चुरा, पोते, डोरी, काँटा लगाउँछन् । कतिपय बुढाबुढी परम्परागत पहिरन नै लगाउँछन् । यसरी हेर्दा पोखराका मुसलमानहरुको पहिरनमा विशेष परिवर्तन पाइयो । महिलाहरुले ओढ्ने बुर्काको त कुरै नगरौं यहाँका पुरुष मुसलमानहरुले पनि टिशर्ट, सर्ट, पाइन्ट र हिन्दूहरुको पहिचान बोकेको ढाकाको टोपी लगाएको पाइयो । हानिफ मिया पहिरनको सबालमा पोखरेली मुसलमानहरु उदार भएको बताउँदै ढाकाको टोपी वास्तवमा आफूहरुको मौलिक पहिरन नभएको स्विकार गर्दछन् । विशेष गरी नयाँ पिँढीका युवायुवतीहरु अन्य जातजाति र धर्मावलम्बीले लगाउने प्रायः सबै किसिमका कपडा लगाउँदछन् । पहिरनको हकमा उनीहरु परिवर्तनशील देखिए ।

### ५.१.२ खानपान

आफ्नो धर्म परम्परामा कट्टर मानिने मुस्लिमहरु अन्यको हकमा खानपानमा सतर्कता अपनाउँछन् । इस्लाम कानुन अनुसार चल्ने हुँदा कतिपय खानेकुरामा बन्देज गरिएको छ । इस्लाम धर्मले जाँड, रक्सी सेवन गर्न, बंगुरलाई छुन, जुवातास खेल्न र नराम्रो काम गर्न साथै अरु जातिले काटेको खसी, राँगा, कुखुरा, हाँस आदिको मासु खान बन्देज लगाएको छ । यिनीहरु मासु आफ्नै जातिले रेटेर (हलाल) गरेको मात्र खाने गर्दछन् ।

यहाँका मुसलमानहरु सामान्यतया दालभात, रोटी, तरकारी, माछा, मासु, सागसब्जी, चिया, दुध आदि खान्छन् । यिनीहरु अधिकांश मांशहारी हुन्छन् । सम्पन्न व्यक्तिहरु खानामा प्रायः माछामासु खाने गर्दछन् । भात र रोटी सँगै खाने गर्दछन् । त्यति बढी महत्व दिएर

एकअर्का बीचजुठो बारिँदैन । एउटै भाँडोमा मिलेर समेत खाने गर्दछन् । मुस्लिम मान्यता र कानुन अनुसार बन्देज लगाएका कुराहरु गर्ने वा कानुनको उल्लंघन गरेमा उनीहरुलाई समाजमा हराम घोषणा गरिन्छ । वास्तवमा मुसलमानहरु गाईको मासु खाने भएता पनि नेपालीहरुले गाईलाई भगवानको रुपमा मान्ने भएकाले र नेपाली हुनको नाताले यहाँ भने गाइको मासु खाँदैनन् । परसंस्कृतिग्रहणका कारण उनीहरुको मौलिक संस्कृतिमा आएको देखिने परिवर्तन हो, यो । तर आजकल इस्लामिक धर्मले जेजस्तो मान्यता राखे पनि युवा पिँढीले खानपिनमा सतर्कता अपनाएको पाइँदैन ।

### ५.१.३ भाषा

यिनीहरुको आफ्नै मातृभाषा थियो । चुरौटे भाषा यिनीहरुको माटृभाष हो । यस भाषालाई मिया भाषा पनि भनिन्छ । तर पनि यिनीहरुका लागि स्थानीय एवम् वरपरको भाषा नै आफ्नो भाषा भएको छ । त्यसैले यिनीहरुका लागि अलग भाषाको आवश्यकता परेको छैन । उर्दू भाषा यिनीहरुको पठनपाठनको भाषा हो । यहाँ पनि प्रारम्भिक शिक्षाको माध्यम उर्दू भाषा नै छ । उर्दू भाषामा दिइने प्रारम्भिक शिक्षा यिनीहरुलाई सामुदायिक विद्यालय मदरशामा प्रदान गरिन्छ । कुरान जस्तो महत्वपूर्ण ग्रन्थको अनुवाद एवम् प्रकाशन उर्दू एवम् अरबी भाषामा भएकाले पनि यिनीहरुको महत्व बढेको हो । शुरुशुरुमा केहीले आफ्नै मातृभाषा प्रयोग गरेपनि आजकल स्थानीय एवम् राष्ट्रभाषा नेपालीको प्रयोगले त्यसको त्यति प्रभाव छैन । प्रायः सबै नेपाली भाषा नै प्रयोग गर्दछन् । सामाजिकीकरण एवम् परसंस्कृतिग्रहणका कारण यिनीहरुको मातृभाषाको रुपमा रहेको उर्दू भाषा संकटको अवस्थामा छ । तरपनि यिनीहरुका मौलिक धार्मिक ग्रन्थहरु उर्दू भाषामा हुने भएकाले केहीले अझै पनि सिकिरहेका छन् । आजकल मदरशामा नयाँ पिँढीलाई उर्दू भाषा पढ्न एवम् लेख्न सिकाइन्छ । पुरानो मातृभाषामा प्रायः सबै साक्षर छन् । तर बदलिँदो समय र परिस्थितिले यसमा व्यापक प्रभाव भने पारेको छ । यिनीहरु उर्दू अक्षर पढ्न, लेख्न सक्छन् तापनि यो भाषा स्पष्ट बोल्न भने सक्दैनन् । उल्लेख्य मात्रामा मुसलमानहरुले नेपाली भाषा बोल्ने गर्दछन् । अधिकांश विद्यालय जाने केटाकेटीहरु अंग्रेजी पनि बोल्दछन् । टिभी, फिल्म जस्ता साधनको व्यापकताका कारण अधिकांश केटाकेटी हिन्दी बोल्न र विशेषगरी बुझ्न सक्छन् । उनीहरु कुरान लगायतका धार्मिक ग्रन्थ उर्दू भाषा पढ्ने गर्दछन् । सामाजिक सांस्कृतिक परिवर्तन स्पष्ट देख्न सकिने अवधारणाको रुपमा यिनीहरुको भाषिक परिवर्तनलाई लिन सकिन्छ ।

### ५.१.४ सहयोगी भावना

कुनैपनि समुदायको सामाजिक स्थिति बुझ्ने एउटा महत्वपूर्ण तर अमूर्त पक्ष हो सहयोगी भावना । मुस्लिम समुदायमा सहयोगको भावना तुलनात्मकरुपमा निकै मजबुत पाइन्छ । यिनीहरु एकअर्काप्रति सम्मान भाव जाहेर गर्दछन् । यिनीहरुले आफ्नो धार्मिक मुखियालाई मान्दछन् । कोहीसँग प्रशस्त धन हुने र कोही भोकभोकै मर्नुपर्ने स्थिति नआओस् भन्ने इस्लाम धार्मिक मान्यता छ । आफ्नो घर खर्च चलेर बाँकी भएको रकम वा संचित रकम मध्ये निश्चित प्रतिशत रकम नहुनेका लागि हुनेले दानस्वरप  सहयोग गर्ने चलन यिनीहरुको परम्परागत मान्यता हो । हरेक चाडपर्वमा धनी र गरिब बीच भेदभाव नगरी सबैलाई समान व्यवहार गर्नुपर्छ भन्ने यिनीहरुको धार्मिक मान्यता हो । यिनीहरुले नियमतः एकअर्कालाई घृणा गर्नुहुँदैन । अहिले पनि अरुको तुलनामा गरिबलाई लत्ताकपडा, खानेकुरा दानको रुपमा दिने प्रचलन यिनमा बढी नै देखिन्छ । सुखदुःख र सामुहिक हितको लागि सामुहिक रुपमा एकताबद्ध छन् तर पनि आधुनिकीकरण सँगै यो मान्यता पनि भत्कँदो छ । यिनीहरु पनि स्वार्थी बन्दै छन् । महेन्द्रपुलमा करोडौंको व्यापार गर्नेले धार्मिक मान्यता अनुरुप निश्चित प्रतिशत गरिबलाई दिएको ठोस उदाहरण भेटिएन । तर इमाम हाजी जमालुद्दिन यो कुनै देखाएर दिने रकम नभएको बताउँछन् । अरबी मुलुकबाट दुःख गरेर कमाएको सम्पत्ति नहुनेलाई दिने भन्ने नियम व्यवहारमा कम प्रभावकारी हुँदै गएको छ । तैपनि तुलनात्मकरुपमा यिनीहरु एक अर्कामा सहयोगको भावना ज्यादा नै छ ।

### ५.१.५ नारीको स्थिति

कुनै पनि समाज र संस्कृति बुझ्नको लागि नारीहरुको स्थिति भरपर्दो सुचक हो । अन्य जातजातिको तुलनामा पोखरेली मुस्लिम समुदायमा नारीको स्थान सम्मानजनक नै छ । समाजमा नारीको सहअस्तित्व स्विकार गरिन्छ तर पारिवारिक भार भने अपेक्षाकृत महिलाहरुमा नै थुपारिन्छ । स्त्रीलाई ममतामयी, दानी एवम् त्यागमय नमूनाका रुपमा लिइन्छ । रोजगार र स्वव्यवसायको हकमा पनि नारीहरु क्रियाशील छन् । त्यसैले उनीहरु आफै सक्रिय भएर सामानहरु किनबेच गर्दछन् । आफ्नो आर्थिक स्तर धान्न चुरा, पोते, डोरी, चप्पल, काँटा, लगायतका श्रृंगारका सामानहरु बेच्न जान्छन् । त्यसबाट भएको आम्दानी घर खर्चमा लगाउँछन् । पारपाचुके गर्ने स्वतन्त्रताको हक महिलाहरुमा पनि पुरुष बराबर छ । यस बाहेक विधवा विवाह गर्ने प्रचलन पनि छ । मुसलमान जातिमा बहुविवाह

प्रथा थियो । तलाक दिएपछि अर्को विवाह सजिलै गर्न पाउँथे । यी तथ्य र जानकारीबाट पनि भन्न सकिन्छ, मुस्लिम समुदायमा नारीहरुको स्थान ठिकै छ । विवाह गर्दा भविष्यमा केटीलाई समस्या नपरोस् भनेर केटा पक्षबाट निश्चित रकम (महराना) छुट्याई राखिन्छ । साथै, केटालाई श्रीमतीको पालन पोषण, रक्षा, हेरचाह, एवम् लुलालंगडा भएको खण्डमा समेत हेर्नेछौं भनी पहिले नै सबै सामु कबुलियतनामामा गराइएको हुन्छ । यसबाट ईस्लाम धर्म अनुसार भविष्यमा नारी बिचल्लीमा नपरोस्, हेलाको पात्र नबनोस् भन्नाको खातिर पहिलेनै विचार पुर्‍याइएको पाइन्छ । नारीहरुको हितको लागि छलफल गर्न छुट्टै भवन निर्माण गरी त्यहाँ हरेक विहीबार महिला दिदीबहिनी मात्र भेला भई नारी हितको लागि आपसी छलफल गर्ने गर्दछन् । उनीहरुको आमा समूह निकै सक्रिय छ । यसर्थ, पोखरा मियापाटनका नारीहरु क्रियाशील भई सामाजिक कार्यमा समेत संलग्न छन् । हिजो घरधन्दा र सामान्य चुरा पोते किनबेचमा समय व्यतित गर्ने महिलाहरु देखासिकी र शिक्षाको पहुँचका कारण आज नर्स, शिक्षिका, समाजसेवीको रुपमा परिवर्तित भूमिकामा समेत देखा परेका छन् तर आर्थिक समस्या एवम् चेतनाको कमीका कारण छोरा र छोरीको पठनपाठनमा विभेदहरु भने केही मात्रामा देखिए ।

## ५.२ मुसलमानहरुको सांस्कृतिक परिवर्तन

मानव एक रचनात्मक एवम् श्रृजनात्मक क्षमता भएको श्रेष्ठ प्राणी हो । आफूमा भएको रचनात्मक मस्तिष्कको सहायताले मानिसले हरेक क्षण नयाँनयाँ भौतिक तथा अभौतिक कुराहरुको निर्माण गरिरहेको छ । समाजको सदस्यका रुपमा मानवले आर्जन गरेका मूल्य, मान्यता, परम्परा, भाषा, कानुन, प्रथाजस्ता सम्पूर्ण अभौतिक कुराहरु एवम् घर, सडक, मोटर, मन्दिर जस्ता भौतिक कुराहरुको सम्पूर्ण योग नै संस्कृति हो ।

प्रसंग र क्षेत्र अनुसार संस्कृतिको अर्थ र प्रयोग हुन त फरकफरक ढंगले गरिएको पाइन्छ । साहित्यकारहरुले सामाजिक आकर्षण एवम् बौद्धिकता प्रकट गर्नका लागि संस्कृति शब्द प्रयोग गरेका छन् । समालोचक एवम् कवि मैथ्यु आरनोल्डले जीवनको प्रकाश एवम् कोमलतालाई संस्कृति भनेका छन् । त्यस्तै विभिन्न समाजशास्त्रीहरुले समाजका बौद्धिक नेताहरुको लागि साँस्कृतिक अभिजात शब्दको प्रयोग गरेका छन् । तर वास्तवमा संस्कृति भन्नाले मानवले समाजको सदस्यको रुपमा आर्जन गरेका विभिन्न योग्यता एवम प्राप्तिको सम्पूर्ण योगलाई जनाउँदछ ।

शाब्दिक रुपमा संस्कृति शब्दको उत्पत्ति संस्कृत शब्दबाट भएको हो । यस दृष्टिले संस्कृतिको अर्थ परिष्कृत एवम् शुद्ध भन्ने बुझिन्छ । संस्कृतिको अर्थ परिष्कार भएको अर्थमा पनि मानव समाजलाई परिष्कार र शुद्ध बनाउनको लागि संस्कृति अपरिहार्य छ ।

यस्तै केही समाजशास्त्रीहरुले संस्कृति शब्द संस्कारबाट बनेको हो भनेका छन् । संस्कारको अर्थ शुद्धक्रिया भन्ने बुझिन्छ अर्थात व्यक्तिलाई एउटा सामाजिक प्राणी बनाउनका लागि जति पनि तत्वहरुले योगदान गरेका हुन्छन् ती सबै तत्वहरुको व्यवस्थाको नाम नै संस्कृति हो । संस्कृति मानवको मस्तिष्क पक्षसँग सम्बन्धित छ त्यसैलै पनि भिन्नभिन्न मानव समुदायमा भिन्न भिन्न खाले संस्कृति पाइन्छन् । हुनत संस्कृतिलाई पर्यावरणले पनि असर पारिरहेको हुन्छ । मानवद्वारा निर्मित यिनै भौतिक एवम् अभौतिक दुवै पक्षलाई संस्कृति अन्तरगत समावेश गरिन्छ । जसलाई मानवले एक पिँढीदेखि अर्को पिँढीसम्म निरन्तर हस्तान्तरण गरिरहन्छ ।

मानिस एउटा सामाजिक प्राणी भएकाले उसका अनेकौं आवश्यकताहरु हुन्छन् । तिनै आवश्यकताहरु परिपूर्ति गर्नका लागि प्रत्यक्ष एवम् अप्रत्यक्षरुपमा जति कुरा सिक्छ, निर्माण गर्छ र अपनाउँछ ती सबै विषयवस्तुहरुको समष्टिगत रुपनै संस्कृति हो । व्यक्तिले समाजका सदस्यका नाताले अपनाउने जीवनपद्धति, सामाजिक मूल्य र मान्यता, विश्वास, अन्धविश्वास, ज्ञान, धर्म, कला आदि सबै अवधारणाहरुको सम्पूर्णता हो, यो ।

संस्कृतिलाई अगाडिको पुस्ताले निर्माण गर्ने र पछिल्लो पुस्ताले अनुसरण गर्ने भएकाले जैविकीय अवधारणजस्तो पनि देखिन्छ तर यो नितान्त सामाजिक अवधारणा हो । संस्कृति सापेक्षिक अवधारणा हो । यो सबै स्थानमा एउटै किसिमको हुँदैन । समयअनुसार बदलिन पनि सक्छ । आफ्नो जीवन चलाउने क्रममा विभिन्न ठाउँका मानिसहरुले विभिन्न रुपमा संस्कृतिका मौलिक स्वरुपहरु निर्माण गरिरहेका हुन्छन् । सबैको संस्कृति एउटै नभए जस्तै एक समयको संस्कृति सधैँ उस्तै रहिरन्छ भन्न पनि सकिँदैन । यो एक गतिशील अवधारणा हो । एउटै देशका विभिन्न समाजमा फरक फरक मत भिन्नता भेटिए जस्तै नेपाली समाज र सँस्कृतिमा पनि विविधता पाइन्छ ।

हाम्रो राष्ट्रिय संस्कृति निर्माणार्थ यहाँ बसोवास गर्ने सम्पूर्ण नेपाली जातजाति समुदायले आआफ्नो ठाउँबाट योगदान पुर्‍याइरहेका छन् । राष्ट्रिय संस्कृतिको विकास र निर्माणमा स्थानीय संस्कृतिले खेलेको महत्वपुर्ण भूमिकालाई सराहना गर्नुपर्दछ । यसै परिवेशमा राष्ट्रिय संस्कृति निर्माण गर्ने सवालमा देशभित्रको एक महत्वपूर्ण समुदाय हो

मुसलमान समुदाय । यिनीहरुको संस्कृति इस्लाम धर्ममा आधारित छ । मुस्लिम संस्कृति भन्नु नै इस्लामिक संस्कृति हो । इस्लामिक संस्कृति अरबी सामाजिक संस्कृतिसँग धेरै नजिक छ । यिनीहरु एक मात्र इश्वर अल्लाहमा विश्वास राख्छन् । यिनीहरु सांस्कृतिकरुपमा अलि नै कट्टर मानिन्छन् तैपनि कसैले चाहेर समाज एवम् संस्कृतिमा परिवर्तन नआउने होइन यस शोधमा विशेष गरी तिनै परिवर्तनको समाजशास्त्रीय दृष्टिले अध्ययन गरिने हुँदा पोखरा विशेषगरी मियापाटनस्थित प्राचीन जाति मुस्लिम समुदायको संस्कृति र त्यसमा आएका सांस्कृतिक परिवर्तन नियालौं ।

### ५.२.१ अजान (जन्मदिन)

मुस्लिम समाजमा बच्चा जन्मेको केही क्षणमा नै धार्मिक पुरोहित (ईमाम) द्वारा बच्चाको कानमा श्लोक पढिन्छ । यस प्रथालाई यिनीहरुको भाषामा *अजान* भनिन्छ । पाकिस्तानमा चाहि बच्चा जन्मने वित्तिकै बच्चाको  कान नजिकै बन्दुक पड्काइने गरिन्छ । यसो गर्नुको कारण बच्चाले सुन्न सकोस् बहिरा नहोस् भनी धार्मिक पुरोहितद्वारा धार्मिक परम्परा अनुसार कानमा श्लोक पनि पढेर सुनाइन्छ । जे पाकिस्तानमा गरिन्छ त्यो यहाँ गरिँदैन ।  नेपाल भित्रै पनि  सबैतिर एकरुपता पाइँदैन ।

### ५.२.२ विलादत (नामकरण)

बच्चा जन्मेपछि आमाले बच्चालाई नुहाई दिएर धार्मिक परम्परा अनुसारको क्रियाकलाप गर्छिन् । मुस्लिम जातिमा पनि हिन्दुहरुमा जस्तै बच्चाको नाम राख्ने चलन रहेको पाइन्छ । मुस्लीम समुदायमा बच्चा जन्मेको छैटौं दिनमा बच्चाको नाम राख्ने (नामाकरण) प्रचलन छ । जसलाई यिनीहरुको भाषामा बिलादत भनिन्छ । केही बाधा अड्चन आई परेमा यसको समय सार्न पनि सकिन्छ । यो समयमा धार्मिक पुरोहित ईमामद्वारा प्रार्थना गरी बच्चाको सफलता र कुशल भविष्यको कामना साथ धार्मिक ग्रन्थ कुरान पाठ गरिन्छ र बच्चाको नाम ईस्लामिक सुहाउँदो राखिन्छ । यो समयमा भोजभतेरको व्यवस्था  गरिन्छ । भोजभतेरको आयोजनामा एकरुपता छैन । सक्नेले ठूलै रुपमा र नसक्नेले सानैरुपमा केही आफन्त इष्टमित्रलाई बोलाएर मनाउँछन् । आजकल भने कतिपयले नामकरणका दिन इमामलाई पनि बोलाउन छाडिसकेको पाइन्छ ।

### ५.२.३ छठावन (अन्न प्राशन)

मुस्लिम समुदायमा बच्चालाई अन्न खुवाउने चलन पनि रहेको छ। यसलाई उनीहरु छठावन, अन्न प्राशन (भातखुवाई) भन्दछन् । यो समयमा बच्चाको बुबा वा अभिभावकले मन्त्र पाठ र प्रार्थना गरी बच्चाको कुशलताको कामना गर्दछन् ।

### ५.२.४ सुन्नत वा खतना

यो संस्कार मुसलमान समुदायमा एकदमै महत्वपूर्ण संस्कार हो । यो संस्कार मुसलमान केटाहरुमा मात्र गरिन्छ । यो प्रथाले नै मुसलमान केटाहरुलाई शुद्ध मुसलमान बनाउँदछ भन्ने धरणा छ । यो सामूहिक रुपमा मस्जिद र घरमै गर्नु पर्छ । आजकल अस्पतालमा पनि गर्ने गरिन्छ । यो २ देखि लिएर ६-७ बर्षको केटाहरुमा गरिन्छ । विशेष गरी यो प्रथा ५ बर्ष मुनि नै गर्ने  गरिन्छ । सुन्नत वा खतना भन्नाले मुसलमान केटाहरुमा सामुहिक रुपमा मस्जिद वा घरमै पुरोहित मुल्ला मौलवीद्वारा प्रार्थना गरी हजामद्वारा पुरुषको लिङ्गको माथिल्लो भागको सानो छालाको टुप्पो काटेर फालिने क्रिया हो । यो मुस्लिम केटाहरुमा अनिवार्य छ । यस्तो कार्य नगर्ने व्यक्ति मुस्लिम कहलिन्न र मुस्लिम विवाह गर्ने योग्य पनि ठहरिन्न, साथै मुस्लिम समाजमा हेयको दृष्टिले हेरिन्छ । यसकर्मलाई धार्मिक रुपमा एवम् सरसफाइका दृष्टिले समेत पुष्टि गर्ने गरिन्छ (हनिफ मिया) । यिनीहरुको धर्ममा दिसा एवम् पिसावबाट जति सक्दो टाढा नै रहनुपर्ने हुन्छ । खतना गरिसकेपछि पिसाब फेर्दा फोहरबाट जोगिइन्छ भन्ने पनि हो । सानै उमेरमा अभिभावकहरुले यो कर्म पूरा गरिदिने भएकाले यो कार्य लगभग सबैले गर्ने भए पनि सम्पन्न गर्ने उमेर, समय र प्रक्रियामा भने परिवर्तनका स्पष्ट संकेत देखिएका छन् जस्तो कि निश्चित विधिविधान मुताविक यो कार्य घर वा मस्जिदमा नगराई अस्पतालमा डाक्टरद्वारा गराउन थालिएको छ ।

### ५.२.५ विश्मील्लाह (विद्या आरम्भ)

जब मुस्लिम बच्चाहरुको उमेर ४/५ बर्षको हुन्छ तिनीहरु विधा आरम्भ गर्न शुरु गर्दछन् । विधा आरम्भ भन्नाले शिक्षा लिन शुरु गर्ने बुझिन्छ । मुस्लिम केटाकेटीहरुको शिक्षा लिन शुरु गर्ने प्रथालाई उनीहरु *विश्मील्लाह* भन्दछन् । यसैगरी हरेक बच्चाहरुलाई १० बर्ष सम्म विभिन्न धार्मिक संस्कार पढाउने चलन थियो तर आजकल यसलाई अनिवार्य रुपमा लिएको पाइँदैन । बरु आजकल सानै उमेरमा बोर्डिङ विद्यालयमा बच्चाहरुको भर्ना गरिन्छ ।

### ५.२.६ हकिका

यो संस्कार मुसलमान समुदायमा अति नै महत्वपूर्ण मानिन्छ । यो जीवनमा एक पटक गरिने संस्कार हो । यो संस्कार मुस्लीम केटा र केटी दुबैले अनिवार्य गर्नुपर्दछ । यो जन्मेका सात दिनबाट आफू नमरुन्जेलसम्म आफ्नो आत्म शुद्धिको लागि गरिने संस्कार हो । आफूले गरेको सम्पूर्ण गल्तिहरुबाट मुक्ति पाउन आत्म शुद्धिको लागि गरिने प्रार्थना हो । यो हकिका संस्कार आफ्नै आर्थिक अवस्थामा निर्भर हुन्छ । मुस्लिम केटामा हकिका संस्कार गर्दा खसी वा बाख्रा एक एक गरी हलाल गर्दछन् । यस समयमा केटाको सबै रौँ बराबरको चाँदी दान गर्ने गरिन्छ । यसलाई उनीहरु जाफरन भन्दछन् । मुण्डन गर्दा टाउकाको सबै कपाललाई छुरा लगाएर खौरिने गरिन्छ । बाख्राको मासुलाई तिन भागमा लगाएर बाँडिन्छ । परिवार, पाहुना र गरिबहरु गरी तीन भागमा छुट्टाइन्छ । आफ्नो भागमा सन्तुष्ट हुनुपर्दछ । गरीबको र घरको लागि छुट्टायाइएको मासु पहुनाले लिनु हुँदैन । हरेकले आफ्नो आर्थिक अवस्था अनुसार भोजभतेर गरी उमङ्ग र खुशीयाली मनाउँछन् र बाँड्छन् । यो समयमा प्रार्थना गर्ने, दिन दुःखीहरुलाई भोज भतेर खुवाउने गरिन्छ । यसको पनि प्रक्रिया र विधिमा परिवर्तन पाइन्छ । साथै, यो क्रिया आर्थिक एवम् अन्य कारणले समेत ओझेलमा पर्दै गएको छ ।

### ५.२.७ निकाह (विवाह)

मुस्लिमहरुको विहे गर्ने परम्परागत चलन अरु जातिको भन्दा भिन्न हुन्छ । मुसलमानहरु ईस्लाम धर्म मान्दछन् र सोही ईस्लामिक परम्परा अनुसार विहे गर्दछन् । एउटा मुसलमान केटाले कुनै पनि मुसलमान केटीसँग विवाह गर्न सक्छ । त्यस्तै कुनै पनि दिनमा गर्न सक्दछ । मुसलमानहरुको विवाहमा केटाकेटी खोज्दा एउटै आमाको दूध खाएका दाजु, भाइ, दिदी बहिनी बाहेक अरु सबै प्रकारका युवायुवती बीच विवाह गर्न हुन्छ भन्ने चलन छ । ईस्लाम धर्म अनुसार पवित्र धर्म ग्रन्थ कुरानमा लोग्ने मानिसले चहेमा र रोजेमा चार वटी सम्म स्वास्नी राख्न पाउने छुट दिइएको छ । तर यो मान्यतामा पनि व्यापक परिवर्तन आइरहेको छ । भिन्दा भिन्दै स्वास्नीबाट जन्मिएको बच्चा दाजु बहिनी बिच विवाह गर्न मिल्दछ । बदँलिदो समयमा प्रायजसो व्यक्तिले एक विवाहलाई अंगिकार गरेको पाइन्छ । एउटै लोग्नेस्वास्नी सहित घरजम गरी बस्ने गर्दछन् । यिनीहरु विशेषगरी आफ्नै सामाजिक र आर्थिक स्तर भित्र रहेर आफ्नै समाज र समूहमा विहेवारी गर्दछन् । १६ देखि १८ बर्ष

सम्मलाई केटाको विहे गर्ने योग्य उमेर मानिन्छ र १२ देखि १६ बर्ष सम्मलाई केटीको विवाह योग्य उमेर मानिन्थ्यो तर अहिले ढिलो विवाह गर्ने प्रचलन बढ्दै गएको छ । आफू शिक्षित र कमाउन सक्ने भएपछि विहे गर्नेको संख्या बढ्दो छ । बाहिरफेर रोजगारीमा जाने कारणले पनि पहिलेजस्तो छिटो विवाह हुन पाउँदैन ।

मुस्लिम समुदायमा मागी विवाह गर्ने चलन छ । विवाह गरिदिँदा सम्पूर्ण बन्दोबस्त बाबु आमाले गरिदिनु पर्दथ्यो । विहेको काममा बाबुआमा र इष्टमित्रहरुले साथ लागि पूरा गरिदिने चलन यिनीहरुमा थियो तर आजकल प्रेमविवाह, भागी विवाह र अदालती विवाह समेत यिनीहरुको समुदायमा तीव्ररुपमा रुपमा देखा परेका छन् । विहेमा केटा र केटीको विचको सम्झौता पत्र गर्नुपर्दछ । यस अनुसार पछि तलाक (पारचुके) गर्नु परेमा उक्त सम्झौता पत्रमा लेखिएको रकम तिर्नु पर्दछ । औकात र आर्थिक स्थिति हेरी यो रकम पचास-साठी रुपियाँदेखि लिएर लाखौं पनि हुन सक्छ । यो प्रकृया केटा र केटीको अभिभावक सम्बन्ध गाँस्न राजी भएपछि सबैजना जम्मा भई केटी समक्ष प्रस्ताव राखिन्छ । केटाको बाबुले साक्षीहरुको सामु स्वीकार्न पर्दछ र विवाहको दिन निश्चित गरिन्छ । यो मगनीको दिनलाई निस्वत भनिन्छ । कहिले काहीँ समय परिस्थितीले निस्वत गरेको एक बर्षपछि विवाह गरी दुलाही घर हुलिन्छ ।

परम्परागत विहे अनुसार केटाकेटी हेरीसकेपछि केटा पक्षबाट अभिभावक सहित जन्तीहरु आएपछि एउटा सम्झौता गरिन्छ । यस अवसरमा धार्मिक गुरुबाट कल्मा पढाइन्छ । केटापक्षबाट निश्चित रकम केटीको लागि छुट्टाइन्छ । यसलाई महर भनिन्छ । धार्मिक तवरबाट एकजना वकिल र दुईजना गवाह (साक्षी) राख्ने चलन छ । धार्मिक पुरोहित (ईमाम) बाट सोध्ने क्रममा केटीलाई मन्जुरीको लागि सोध्ने गरिन्छ । यदि तीन पटक सम्मकेटीले साक्षीहरुले सुन्ने गरी मन्जुरी छ भनेमा सो कुराको जानकारी वकिल र गवाहहरुले मासमा आएर सुनाएपछि स्वीकृत भएका विवाह सम्भव हुन्छ । काजीले दुलहाको लागि नमाज पढ्छन् । केटा पक्षलाई विवाहको दिन देखि केटीलाई आउँदो दिनमा पालन पोषणको लागि कबुलियत गराइन्छ । केटाले पनि सबै सामु स्विकार गरेपछि पून काजी उभिएर नमाज (खुतवा) पढ्छन् । त्यसपछि सबैले दुलहा दुलहीको कुशल भविष्यको लागि प्रार्थना गर्दछन् । त्यसपछि विवाहको दिन तोकिन्छ । यस विचमा केटापक्षबाट वाजागाजासहित जन्ती लिन दुलहीको घरमा जान्छन् । भोज भतेर धुमधामसँग विवाह सम्पन्न गरी दुलही लिएर जन्ती फिर्ता हुन्छन् तर आजकल अन्तरधार्मिक वा अन्तरजातिय

विवाहले समेत प्रश्रय पाएका छन् । कतिपय आफ्नै राजिखुसीले विहे गरेपनि पछि अन्य धर्मावलम्बी पुन मुस्लिम समेत बन्दछन् । यसरी विवाह प्रथा, प्रक्रिया, उमेर समूह एवम् मान्यतामा पनि व्यापक परिवर्तन आएको छ ।

मुस्लिम समुदायमा विधवा विवाह र दोश्रो विवाह गर्न कुनै संकोच मानिँदैन । एक पटक तलाक भइसकेपछि पून उसैलाई विवाह गर्न पाउने  मान्यता छैन । कसैले अर्काकी स्वास्नीसँग चोरी, लुकीछिपी अनैतिक सम्बन्ध राखेमा अपराधीलाई ज्यूँदै वा मरेको भए पनि एकसय कोर्रा हान्नु भन्ने भनाई छ तापनि धेरैजसो जरिवाना रुपियाँमा तिराउने गर्दछन् । यहाँ अन्तरजातीय, अन्तर धर्म बिच विहेवारी स्विकारेको पाइन्छ । पहिला मुसलमान केटाहरुले अरु धर्म र जातको केटीले धर्म परिवर्तन गरेमा स्विकार गरिन्थ्यो । यहाँ हिन्दु केटीसँग मुसलमान केटाले विवाह गरेको पाइन्छ । कतिपय  हिन्दुहरु मुसलमान केटी विवाह गरी ईस्लाम भएर सोही समुदायमा बसिरहेका पनि छन् । जवकि अन्य ठाउँमा अन्तर धर्म विवाह सजिलै स्विकारेको पाईदैन । यो पनि यिनीहरुको सामाजिक संस्कारमा आएको ठूलो परिवर्तन हो ।

अन्तरजातिय एवम् अन्तरधार्मिक विहेलाई अन्य समाजका मुस्लिमले पचाउन नसकी रहेको अवस्थामा यहाँ भने त्यस्ता कुनै सद्भाव भड्कने घटना भएको पाइँदैन । यसरी परम्परादेखि चल्दै आएको मागी विवाहको सट्टा भागी विवाह, प्रेम विवाह, अदालती विवाह एवम् अन्तरजातिय एवम् अन्तरधार्मिक विहे गर्नेको संख्या यस समुदायमा बढि रहेको पाइन्छ । तर धेरै जसो जोडीमा अन्य धर्मबाट आउनेले मुस्लिम बनेको तथ्य बढी फेला परे । उसो त शिक्षा र रोजगारीको कारणले पहिलेको तुलनामा ढिलो विवाह गर्नेहरु उल्लेख्य छन् यद्यपि नपढ्ने र बरालिनेको हकमा कच्चै उमेरमा विहे गर्ने पनि प्रशस्तै छन् ।

### ५.२.८ तलाक (सम्बन्ध विच्छेद)

मुसलमान समुदायमा परम्परादेखि चलन चल्तीमा रहेको तलाक (सम्बन्ध विच्छेद) पनि  एकदम मौलिक छ । उनीहरु सजिलै तलाक गर्न सक्छन् । यदि लोग्ने र स्वास्नी भएर सँगै बस्न नचाहेमा तिनीहरुले आफ्नो विच रहि आएको सम्बन्धलाई तलाक(सम्बन्ध विच्छेद) दिएर टुटाइन्छ । ईस्लामिक धर्म अनुसार लोग्ने र स्वास्नी मानिस दुबैलाई सम्बन्ध विच्छेद गर्न सक्ने अधिकार प्रदान गरेको छ । परम्परागत रुपमा लोग्ने मानिसलाई तलाक सम्बन्धमा बढि अधिकार दिइएको पाइन्छ ।

केटाकेटीको सम्बन्धको समयमा केटा पक्षले तीन पटक सम्म निश्चित कारण सहित सँगै बस्न नसकिने अवस्था जनाई तीन पटक तलाक भनिन्छ । यसैलाई मुस्लिम समाजमा सत्य मानिन्छ । तलाक केटी पक्षबाट पनि हुन सक्छ । तीन पटकसम्म तलाक तलाक तलाक भनेमा तुरुन्तै सम्बन्ध विच्छेद हुन्छ भने एक, दुई गरी चेतावनी स्वरुप पनि दिईने गरिन्छ । चेतावनी स्वरुप एक, दुई चोटी तलाक भनेमा यस बिचमा सम्बन्ध राम्रो बनाउन पनि सकिन्छ । यदि अब आईन्दा गल्ती गर्दिन भनी स्वीकार गरेमा फेरि सम्बन्ध राम्रो बन्न सक्छ । पटक पटक तलाक भन्नुको कारण श्रीमती नराम्रो काममा लागेको थाहा पाएमा सचेत गराउने हो भनिन्छ । यसरी तीन पटक नपुग्दै श्रीमतीले अब मलाई तलाक दिने भयो भनेर डराई गल्ती स्वीकार गरी अब आईन्दा नगर्ने शर्तमा फेरि सम्बन्ध राम्रो बनाउन सकिन्छ । यो तीन पटकसम्म तलाक नभनी एक महिनाको फरकमा पटक पटक गरी तलाक भनेमा पनि तीन पटक नभनिन्जेलको समयमा लोग्ने स्वास्नीको सँगै बस्ने गर्दछन् ।

तलाक भइहालेमा तीन महिना दश दिन स्वास्नी मानिसलाई कुरी सकेपछि गर्भ नरहेको प्रमाणित भएमा दोस्रो विवाह गर्न पाइने व्यवस्था छ । यो तीन महिना दश दिन अर्थात स्वास्नी मानिस तीन पटक सम्म रजस्वला हुने समयसम्म कुर्नु पर्दछ । यो समयमा सम्पूर्ण खर्च पहिलाको लोग्नेले गर्नुपर्दछ । यदि बच्चा रहेको खण्डमा बच्चादेखी आमाको सम्पुर्ण खर्च लोग्नेले व्यहोर्नुपर्दछ । सम्बन्ध विच्छेद गर्नु परेमा केटापक्षले पहिला विवाह सम्झौता केटीको लागि छुट्टयाइएको निश्चित रकम (महरना) तिर्नु पर्दछ । तर आजकल तिन पटक आवेशमा आएर तलाक भन्दैमा सम्बन्ध टुटिहाल्ने स्थिति त्यति सारो छैन । विशेषगरी महिलाहरु पनि आफ्नो हक र अधिकारका लागि सचेत र संगठित हुँदैछन् ।

### ५.२.९ मृत्यु

मुस्लिम समाजमा लाशलाई गाड्ने चलन छ । यस क्षेत्रमा यदि कुनै मुसलमान मरेमा बयरको पात हालेको मनतातो पानीले अति संवेदनशिल तवरले लाशलाई धोई चोखो पारिन्छ । नयाँ नसिलाएको सेतो कपडा काटेर लाशलाई बेरिन्छ । यदि मृतक पुरुष भएमा लाशलाई दुईवटा कपडाले बेरिन्छ भने यदि मृतक स्त्री भएमा पाँचवटा कपडाले बेरिन्छ । मृत्युको केही क्षण पछि मृतकको नाममा कुरान पढ्ने गरिन्छ । आत्मा शान्तिको कामना गरिन्छ । त्यसपछि लाशलाई काठको वाकस (कोफिन)मा राखिन्छ । सामुहिक रुपमा चारैतिरबाट समाउनेले पालैपालो गरी चिहानमा लैजान्छन् । लाशलाई गाड्नको लागि

खाडल तयार पारिन्छ । लाशलाई खाडलमा राख्नु भन्दा अगाडि मुल्लाह मौलवी र काजीद्वारा नमाज पढिन्छ । त्यसपछि खाडलमा पश्चिमतर्फ लाशको मुख पारेर गाडिन्छ । खाडलका माथि माटोको टुक्रा नखसोस् भनी पहिला पहिला काठको फल्याक राखिन्थ्यो तर चोरी हुने गरेकाले अहिले ढुङ्गा राख्ने गरिन्छ । त्यस माथि माटो राखिन्छ । यी सबै प्रकृयाहरु पूरा गरिसकेपछि सबैले हात उठाएर लाशको आत्माले शान्ति पाओस् भनी कामना गरिन्छ । त्यसपछि सबै मलामीहरु घरतिर फर्किन्छन् । मृत्यु भएको तीन दिनपछि चिहानमा कुरान पढेर आउने सबाल जबाफ पछि कामना गरिन्छ । त्यसपछि गरिबहरु र दिनदुःखीहरुलाई खाना खुवाउने गरिन्छ भने कसै कसैले दान -दक्षिणा गर्दछन् । यसलाई उनीहरु तिजा भन्दछन् । मुस्लिम परिवार र समाजले ४० दिनसम्म दुःख मनाउँछन् । त्यसपछि चोखिन्छन् । मुसलमान समाजमा ४० औं दिनमा मकैको गेडा वा अन्य गेडागुडी कुरान पढ्दै एक एक गरी छर्ने गर्दछन् ।

## ५.३ मुस्लिमहरुको धार्मिक अवस्था र परिवर्तन

संसारभर कुनाकाप्चामा फैलिरहेका व्यक्तिहरुलाई बृहत्तर रुपमा बाँध्ने शक्ति सबैमा भन्दा बढी धर्ममा रहेको हुन्छ । धर्म मानव समाजको एक सार्वभौमिक तथा सामुदायिक संस्था भएको हुँदा यसले मानवको विश्वास एवं क्रिया दुवैमा प्रभाव परेको हुन्छ । जसले मानव समाजको सामाजिक राजनैतिक, आर्थिक जीवनलाई प्रभावित पार्दछ । वर्तमान समयमा मानव धर्मप्रति त्यति गहिरिएर सोच्दैन तर पनि मानव अलौकिक शक्तिलाई सर्वशक्तिवान ठान्दछन् । त्यसैले ऊ धर्मको उपासना एवम् प्रार्थना गर्दछ । धर्म सम्बन्धी नियम सबै समाजको कल्याणकारी कार्यमा आधारित हुन्छ । प्रत्येक समाजको धर्ममा सत्य परोपकार, सेवा, अहिंसा आदि समावेश गरिएको हुन्छ वा मानव त्यसैको अनुसरण गर्दछ । यस प्रकार धार्मिक संस्थाद्वारा मानवको व्यवहार नियम तथा परम्परामा निश्चितता प्रदान गरिएको हुन्छ । मानव धर्मको डरले गर्दा नै आफ्नो धर्म विपरीत कार्य गर्दैन त्यसैले धर्मलाई अलिखित कानुन पनि भनिन्छ । यसै कारण प्रत्येक समाजको सामाजिक व्यवहार, परम्परा, आदिमा धर्मले विविधता पैदा गरिदिएको छ । धार्मिक संस्थाले मानवको आन्तरिक जीवनलाई मात्र प्रभावित गर्दैन बरु सामाजिक, सांस्कृतिक तथा आर्थिक जीवनलाई पनि नियन्त्रण गरिरहेको हुन्छ ।

अंग्रेजीभाषाको "Religion" शब्द ल्याटिन भाषाको Religare बाट बनेको हो जसको अर्थ बाँध्नु हुन्छ अर्थात मानवलाई नियमले बाँध्नु भन्ने हुन्छ ।

यसैगरी धर्म शब्दको व्यूत्पत्ति संस्कृत भाषाको ‘धृ’ धातुबाट भएको विश्वास गरिन्छ । जसको अर्थ ‘धारण’ गर्नु अर्थात सबै जीवजन्तु प्रति मनमा दयामाया धारणा गर्नु नै धर्म हो भनेर पनि बुझिन्छ । धर्मलाई स्पष्ट पार्नको लागि विभिन्न विद्वानहरुले विभिन्न प्रकारका विचारहरु प्रकट गरेका छन् । जसमध्ये E.B. Tylor को भनाई अनुसार :

“धर्म भनेको आध्यात्मिक शक्तिमा विश्वास हो ।”

त्यस्तै सर जेम्स फ्रेजरका अनुसार,

“धर्म भन्नाले …….. म मानव भन्दा उच्च त्यस शक्तिको सन्तुष्टि या आराधानालाई मान्दछु जसको सम्बन्धमा यो विश्वास गरिन्छ कि त्यसले प्रकृति तथा मानव जीवनलाई सही बाटो देखाउँछ र नियन्त्रण पनि गर्दछ ।”

यस प्रकार उपरोक्त परिभाषाको आधारमा भन्न सकिन्छ कि धार्मिक संस्थाले कुनै न कुनै प्रकारको अतिमानवीय वा अलौकिक या मानव समाज भन्दा माथिल्लो शक्तिको विश्वाससँग सम्बन्ध राख्छ । जसको आधार डर, श्रद्धा, भक्ति तथा पवित्रताको धारणासँग छ र त्यसको अभिव्यक्ति पूजा, प्रार्थना ताथ आराधाना आदिको रुपमा गरिन्छ ।

धार्मिक संस्थाको सामाजिक नियन्त्रणमा महत्वपूर्ण भूमिका हुन्छ किनभने प्रत्येक समाजमा कुनै न कुनै प्रकारको धर्म मानिन्छ र त्यस धर्मका विशेषताहरुले त्यस समाजका प्रत्येक व्यक्तिको व्यवहारमा प्रभाव पारिरहेको हुन्छ ।

व्यक्ति जस्तो धार्मिक विशेषता भएको समाजमा जन्मिन्छ, हुर्किन्छ । उसको व्यवहारमा त्यसै समाजका धार्मिक छापहरु पाइन्छन् । यही धार्मिक विशेषताले गर्दा व्यक्तिले त्यस समाजको धार्मिक उद्देश्य अनुरुप व्यवहार गर्दछ । त्यसैले धार्मिक संस्थाले सामाजिक नियन्त्रण गर्न पनि सघाउ पुऱ्याएको हुन्छ ।

सामाजिक नियन्त्रणमा धार्मिक संस्थाको महत्व यसकारण छ कि जसमा डरको सम्भावना रहेको हुन्छ । यस भावनाले समाजको मात्र नियन्त्रण गर्दैन कि बरु मानव आत्माको पनि नियन्त्रण गर्दछ । धर्मको विकासले सामुदायिक जीवनको विस्तार गर्दछ जसमा सम्मिलित सबै व्यक्तिको श्रद्धा र आस्थामा समानता हुनको कारण त्यसमा पारस्परिक सद्भावना अंकुरित हुन्छ । धर्म संस्कृतिको अभिन्न अंग हो जसले मानव जीवनसँग सम्वन्धित विभिन्न कार्यको पूर्ति गर्दछ । यसै कारण प्राचीन समाजदेखि आधुनिक समाज सम्मका सबै समाजमा धर्म पाइन्छ ।

धर्मलाई अझ सजिलोसँग बुझ्न यसका विशेषताहरु बाट सहयोग पुग्नेछ जस अन्तर्गतः अलौकिक शक्तिमा विश्वास गर्दा नै धार्मिक संस्थाको जन्म भएको हो । पवित्रताको अलौकिक शक्तिमा विश्वास राख्ने समुदायप्रति पवित्रताको धारणा पनि पाइन्छ जसले गर्दा धार्मिक भावना जन्माउँछ । धर्म सम्बन्धित व्यक्तिहरु जुन अलौकिक शक्तिमा विश्वास राख्छन् । त्यस शक्तिबाट फाइदा उठाउन पूजा, प्रार्थना, आराधाना गर्दछन् । प्रत्येक धर्ममा विश्वास राख्नेहरु भावनामा डुबेका हुन्छन् वा धर्म भावना प्रधान हुन्छ । अलौकिक शक्तिप्रति संवेगात्मक भावना व्यक्त पूजा, प्रार्थना, आदिको रुपमा गरिन्छ । धर्ममा विश्वास राख्नेहरुले विभिन्न प्रकारको धार्मिक सामग्री तथा प्रतीकहरु प्रयोग गरेको पाइन्छ । त्यस्तै प्रत्येक धर्मका सदस्यहरुको नकारात्मक व्यवहारलाई नियन्त्रण गर्नका लागि धर्ममा निषेधात्मक नियमहरु सामेल गरिएको हुन्छ । अर्थात धर्मले यस्तो कार्य गर्नुहुन्छ र यस्तो कार्य गर्नुहुन्न भन्ने कुरा नियम बनाएको हुन्छ । जस्तो हिंसा नगर्नु, झुटो नबोल्नु आदि ।

संसारलाई व्याख्या गर्ने आध्यात्मिक मत अनुसार मानव मृत्यु पश्चात स्वर्ग तथा नर्कको कल्पना गरिएको छ, त्यसैले उ सधै मृत्यु पश्चात स्वर्गमा बस्नको लागि अलौकिक शक्तिको पूजा, प्रार्थना गरेर मानसिक शान्ति प्राप्त गर्ने कोशिस गर्दछ । हुनत मार्क्सवादीहरु धर्मलाई अफिमको संज्ञा पनि दिन्छन् । धर्मका आफ्नै राम्रा र नराम्रा पक्षहरु छन् तर पनि हरेक समाजमा धर्मले महत्वपूर्ण भूमिका भने निभाएको हुन्छ । जस्तै धर्मले मानव जीवनको सामाजिक व्यवहार माथि नियन्त्रण गर्दछ । धर्मले मानवलाई उचित कार्य गर्न र अनुचित कार्य नगर्न प्रेरित गर्ने हुँदा नकरात्मक व्यवहार माथि नियन्त्रण गर्दछ । मानव जीवनमा निश्चितता ल्याउँछ । विभिन्न सामाजिक प्रथाहरुलाई स्वीकृति दिएर मानव जीवनलाई निश्चित ढाँचामा ढाल्दछ । धार्मिक दृष्टिबाट सम्वन्धित गरी सामुहिक रुपमा समेट्नुको साथै रीतिरिवाज, परम्परा आदिलाई धार्मिक मान्यता दिएर सामाजिक जीवनमा निश्चितता वा एक रुपता ल्याउँछ धर्मले आर्थिक जीवनमा पनि प्रभावित पार्छ किनभने जुन समुदाय भाग्यमा विश्वास गरी परिश्रम गर्दैनन् । तिनीहरुको आर्थिक स्थिति कमजोर हुन्छ भने जुन धार्मिक समुदाय आर्थिक आम्दानी बढाउन कर्ममा विश्वास राखी परिश्रम गर्दछ, उनीहरुको आर्थिक स्थिति मजबुत हुन्छ । धर्मले मानसिक चिन्ताको समाधान पनि गर्दछ । धर्ममा सत्य, अहिंसा जस्ता कुरा समावेश भएको हुँदा मानव जीवनको रक्षा गर्दछ र विश्वमा सुख, शान्ति र समृद्धि ल्याउन प्रेरित गर्दछ । धर्मको माध्यमबाट सांस्कृतिक विशेषताहरु एक पिढीबाट हर्को पिढीमा हस्तान्तरण हुन्छ । त्यसैले धर्मको कारणले गर्दा दिनदिनै सभ्यताको विकास

भइरहेको छ । धर्मले समाजको आदर्श पक्षको संरक्षण गर्दछ मानव मानव बीच घनिष्ट सम्बन्ध स्थापना गराउँछ । सिद्धान्ततः धर्मले विश्वको समस्त प्राणीहरुको स्वतन्त्रता चाहन्छ ।

विश्वको हरेक समाजमा विभिन्न धर्मावलम्वीहरु पाइन्छन् । हरेक धर्ममा आ-आफ्नै विशेषताहरु हुन्छन् । ईस्लाम धर्मका कुनै पनि प्रवर्तक वा निर्माणकर्ता हुँदैनन् बरु यिनीहरुमा अल्लाहले (सृष्टिकर्ता) विभिन्न युगमा आफूले पठाएका रसुलहरु (अल्लाहको विशेष दूत) मार्फत यस धर्मलाई संसारमा फैलाउने काम गर्दछ भन्ने विश्वास रहेको हुन्छ । यस धर्म अनुसार यो संसारका सबै प्राणी यी दुईका सन्तान हुन् । धार्मिक मान्यता अनुसार अल्लाहले आदम र हौवालाई उत्पत्ति गरी सकेपछि हाल सम्म त्यस्ता रसुलहरु एक लाख चौवीस हजार यस संसारमा पठाइसकेका छन् । यी मध्ये नुह अलेहि सलाम,इद्रिस अलेहि सलाम, सीस अलेहि सलाम, यूशफ अलेहि सलाम, इब्राहिम अलेहि सलाम, दाउद अलेहि सलाम, सुलेमान अलेहि सलाम, मुसाअलेहि अलेहि सलाम, इसा अलेहि सलाम, मोहम्मद सलल्ललाहा अखैहैवसलम प्रमुख रसुलहरु हुन् । स्रोत : (घिमेरे, २०५९: १२०) ।

मुस्लिम मान्यता अनुसार अल्लाहले पठाएको ग्रन्थहरु जबूर तौरात, इन्जील सबै अल्लाहले फिर्ता लिई सक्नु भएको छ । हाल विश्वमा प्रचलित मुस्लिमहरुले अल्लाहले मोहम्मद 'सलल्लाह अलहै वसल्लम्' कुरानहरुलाई नै मुख्य ग्रन्थ मानि त्यसै अनुरुप आफूलाई समर्पित गरेका छन् । यसरी विभिन्न ठाँउ र समयमा धेरै दूतहरु आए । मोहम्मद अन्तिम दूतको रुपमा मक्कामा जन्मिए । अल्लाहले उसलाई समस्त संसार बासीहरुका संरक्षण र संवर्द्धनका लागि अन्तिम दूत बनाए । मोहम्मद माथि अवतरित गरिएको किताब नै कुरान हो । प्रत्येक दूतले झैँ मोहम्मदले पनि एक मात्र ईश्वर अल्लाहको पूजा गर्न आव्हान गरे । त्यस समयमा कावा भित्र ३६० देवी देवताहरुकमा मूर्तिहरु राखिएका थिए । उनले यी देवी देवताहरुलाई हटाएर एक अल्लाहको पूजा गर्न लगाउ । मोहम्मदले अल्लाहको प्रत्येक हुकुमहरुलाई समस्त मुस्लिमहरुलाई आफ्नो जीवनमा उतार्न सफलता प्राप्त गरे ।

कुरान मुस्लिम धर्मको पवित्र ग्रन्थ हो । यसमा ११४ सुरह रहेका छन् । मुसलमानहरुको लागि कुरानको पाँचवटा कर्तव्य एवं संस्कारहरुको व्यवस्था गरिएको छ । यसको अनिवार्य पालना गर्न मुसलमानहरुलाई निर्देशन दिइएको छ । ईस्लाम धर्ममा ईवादत आर्थत उपासनाको ठूलो महत्व छ । यसका लागि ५ वटा नियम बनाएको छ ।

### ५.३.१ ईमान (कल्मा तैयावा वा पवित्र मन्त्र)

प्रत्येक मुस्लिमले यो कल्मा कण्ठस्थ पार्नु पर्ने हुन्छ । यो नै मुस्लिमको सबैभन्दा ठूलो पवित्र मन्त्र हो । यो मन्त्रलाई यसरी व्यक्त गर्न सकिन्छ :-"ला इलाहा इल्लल्लाह मोहम्मदूर रसुलुल्लाह ।" यसको नेपाली अर्थ "संसारमा सृष्टिकर्ता एक अल्लाह मात्र हो र मोहम्मद सललल्लाहो अलहैव सल्लाम उसको अन्तिम दूत हो ।"

प्रत्येक ईस्लामले यो कुराको गवाही दिनुपर्दछ कि अल्लाह एउटै छ उनी वाहेक अरु कुनै पनि पूजनीय छैन । मोहम्मद सल्लालाह अलैहिव सल्लामहका भक्त तथा दूत हुन् । यी कुराहरुलाई मुखले भनी हृदयबाट सत्य ठान्नु तथा यसको आधारमा व्यतित गर्नु मुस्लिम भएको प्रमाण दिनु हो ।

अल्लाह बाहेक अरु ईश्वर छैन । मोहम्मद उनका पैगम्वर हुन् । अल्लाह देवदुतहरु, उनका ग्रन्थहरु, अन्तिम न्याय दिवस, मृत अवस्थबाट पूर्नजन्म, भाग्य, असलखराब, न्याय, स्वर्ग तथा नर्क आदिमा विश्वास राख्न निर्देशित गरिएको छ ।

### ५.३.२ नमाज कायम गर्नु (अल्लाहको प्रार्थना)

ईस्लामको अर्को कर्तव्य नमाज पढ्नु पनि हो किनभने अल्लाहसँग गवाही दिनुको सर्वप्रथम सबुत नमाज नै हो । नमाज प्रार्थना र कुरानको अध्ययन गर्नु अनिवार्य छ । दैनिक रुपमा अल्लाह प्रति कृतज्ञता स्वरुप प्रार्थना गर्नु नमाज हो । उपासना अर्थात इवादतको वास्तविक अर्थ "सेवा" हो । हामी ईश्वरका "अब्द" (सेवक) हौं । ईश्वर हाम्रा स्वामी हुन् । ती स्वामीको सेवाको लागि अनिवार्य गरिनु पर्ने काममा नमाज पूर्ण आस्थता र विश्वास प्रकट गर्ने माध्यम हो ।

आफ्नो ईमान देखाउने अवसरका रुपमा ईश्वर स्मरण र त्यसका लागि शिर झुकाउनु पर्दछ । अल्लाहले नमाज पढ्दा 'जमाअत' अर्थात सामुहिक रुपमा गर्नु भन्ने आदेश छ । त्यो अनिवार्य छ । यसले एकता र समानताको भाव मात्र बढाउँदैन, ईश्वर प्रतिको ईमानलाई पनि अझ बलियो बनाउँछ । यो कुनै पनि हालतमा छोड्न सकिने कुरो होइन । विरामी व्यक्ति पल्टिएकै अवस्थामा, यात्रामा, रेल, जाहाज, घर, जंगल जो जहाँ भए पनि त्यसै ठाउँमा बसेर नमाज पढ्नु अनिवार्य छ (घिमिरे र अधिकारी, २०५९:१२१) । सात वर्षदेखि नमाज पढ्नु पर्छ । यदि दस वर्षको भएर पनि नमाज पढ्दैन भने नमाज पढ्न उसलाई विवश पार्नुपर्छ भन्ने ईस्लामीक धारणा छ । वास्तवमा नमाज बिना ईस्लामको जीवन व्यर्थ छ अर्थात् यो अत्यावश्यक छ कि कुनै पनि इस्लामले कुनै पनि हालतमा कुनै

पनि काममा अल्लाहको आदेश उल्लङ्घन हुने गरी केही पनि नगरोस् । नमाजमा इस्लामले निम्नलिखित कुराहरु पटक पटक स्वीकार गर्ने गर्दछ ।

१. मुस्लिम अल्लाहको दास हो ।

२. मुस्लिमको कर्तव्य अल्लाहको पुजा गर्नु हो ।

३. मुस्लिममा अल्लाह सर्वोच्च ठानिन्छ ।

४. अल्लाह नै मालिक हो र प्रत्येक ईस्लाम उसको अगाडि हुनुपर्ने छ र सम्पूर्ण जीवनको कार्यहरुको विवरण दिनुपर्दछ ।

प्रत्येक दिन पाँच पटक मुसलमानलाई नमाजको लागि बोलाइन्छ र त्यो बुलावा सुन्ने वित्तिकै केही बेरको लागि आफ्नो सबै काम छाडी एउटा मुसलमान अल्लाहको दरबारमा हाजिर भई आफ्नो ईमानलाई ताजा गर्नुपर्दछ । निम्न लिखित तीन कुराहरु नमाजका आधार हुन् ।

१. नमाज पढ्ने बेलामा मुस्लिमलाई यो थाहा हुनुपर्दछ कि उ अल्लाह समक्ष हुन्छ यद्यपी अल्लाहलाई नदेखे पनि उसले आफूलाई देखिरहेको छ भन्ने ठान्नुपर्दछ ।

२. अल्लाहको अगाडि तुच्छ र छोटो ठान्नुपर्छ फलस्वरुप अल्लाहको महानताको ध्यान मनबाट बाहिर नजाओस् ।

३. नमाज पढ्दा पूरै ध्यान अल्लाहतर्फ राखिन्छ र अन्य विचारहरु मनमा ल्याइँदैन । (घिमिरे, २०५९:१२२)

सबै मुसलमान मक्काको दिशातिर फर्किएर नमाज पढ्छन् । अल्लाहे मक्कालाई 'मेरो घर' भनेका थिए । त्यसैले जसको मेरो इवादत गर्न चाहन्छ त्यस घरतर्फ फर्केर गर्नु भनेकाले सबै मुसलमान त्यस घर तर्फ नमाज पढ्छन् । नमाज घरमै र मस्जिद दुबैमा गर्न सकिन्छ । यसलाई सलात भनिन्छ । आईमाईहरु मस्जिद जान पाउँदैनन्, त्यसैले नमाज पढ्ने र प्रार्थना गर्ने गर्दछन् । नमाजले दिनमा पाँच पटक ईश्वरको स्मरण गराउँछ । बिहान, मध्यान्ह, अपरान्ह, सन्ध्याकाल र राती पढ्ने गरिन्छ । शुक्रबारको दिन मध्यान्हको प्रार्थना या नमाज सबै मुसलमान पुरुषहरु अनिवार्य रुपमा उपस्थित भई सामुहिक रुपमा गर्दछन् । तर यसमा पनि परिवर्तन देख्न सकिन्छ । अधिकांश युवा युवतीहरु विद्यालय महाविद्यालय एवम् कलेज वा रोजीरोटीको लागि विभिन्न कार्यालयमा जाने भएकाले अवस्था अनुकूल नहुँदा नमाज सबैले उहीरुपमा अनिवार्य पढ्छन् भन्ने छैन । कतिपय युवायुवतीहरु पछि क्षतिपूर्ति गरौंला भनेर थुप्रै समयसम्म नमाज नपढेको पनि पाइयो । यो मुस्लिम धर्ममा देखिएको ठूलो परिवर्तन हो ।

### ५.३.३ रोजा (कठोर व्रत)

रोजा उपवास हो । नमाजले दिनमा पाँच पटक ईश्वरको स्मरण गराउँछ । रोजा अर्थात महिनाभर गरिने उपवास हरेक मुसलमानका लागि अनिवार्य छ । यो समय भनेको पैगम्बरको पूर्ण आज्ञा पालन गर्ने अवसर हो । यो समयमा सूर्योदयदेखि लिएर सूर्यास्तसम्म पानी पनि नपिईकन उपवास बस्ने गर्दछन् । वास्तवमा बिहान भएपछि साँझ सूर्यास्तसम्म खानपान, लोग्नेस्वास्नीको शारिरीक सम्बन्धलाई छाडिदिनु नै रोजा हो । रोजा अति कठोर र मुस्लिमहरुले लिनै पर्ने व्रत हो । प्रत्येक बालिग मुसलमान पूरुष तथा स्त्रीले रमजान अरविक महिनाको बाह्रौं महिना पूरा व्रत लिनु अनिवार्य छ । विना कुनै कारण रोजा छोड्ने ईस्लामलाई पक्का मुसलमान ठानिदैंन तर निश्चित अवस्थामा रोजा छोड्न सक्ने उल्लेख गरएको छ । ती हुन् :-

१. बहुलाएको अवस्था जुनबेला आफ्नो चेतना छैन ।

२. रोगी जसलाई रोजा राखेर रोग बढ्न सक्ने खतरा छ ।

३. यात्रीहरु जसले लामो यात्रा गरिरहेका छन् ।

४. महिनावारीको अवस्थामा वा सुत्केरी अवस्थाका आइमाईहरु

५. अशक्त बृद्ध अवस्थाका मनिस जसले रोजा बस्न सक्दैन (अधिकारी र घिमिरे, २०५९:१२२) ।

यिनीहरुलाई छुट दिइएको छ तर माथिका केही विवशता हटेपिछि छोडिएको जति रोजाहरु अरु दिनहरुमा राख्नु आवश्यक छ । यो महिनाभरी कुरान पढ्ने, नमाज पढ्ने गरिन्छ । हरेक रातमा हाफीजको गुरु साथसाथै सबै जनाले कुरानको अध्ययन गर्दछन् । रोजा अल्लाहको दैनिक या निश्चित समयका लागि निराहर रही शरीरको तपस्या गर्नु हो । अहिलेका युवायुवतीले भने पहिलेका पुस्ताले जस्तो अनिवार्य रुपमा लिँदैनन् ।

### ५.३.४ हज (तिर्थ यात्रा)

हज तिर्थयात्रा हो । ईस्लामको चौथो आवश्यक कर्तव्य यो हो कि ऊ जीवनमा कम्तीमा एक पटक आफ्नै खर्चले हजको लागि जाओस् । अरब देश (हाल साउदी अरब) को एउटा सहर जहाँ हजारौं बर्ष अगाडि हजरत इव्राहिमले अल्लाहको ईवादतको लागि एउटा घर बनाइएको ठानिन्छ । त्यसको नाम कावा हो । त्यो घरलाई उनको शुद्ध हृदय र प्रेमको पुरस्कार स्वरुप “मेरो घर” भनेर अल्लाहले भनेको थिए । उनले जसको मेरो ईवादत गर्न

चाहन्छ त्यस घर तर्फ फर्केर गर्नु भनेकोले सबै मुसलमान त्यहाँ गएर त्यसै घर तिर मुख फर्काएर नमाज पढ्नु, कावाको चारैतिर चक्कर लगाउनु, कावा नजिकै भएर केही अन्य पवित्र स्थलहरुमा गई अल्लाहको पूजा गर्नु आदिलाई हज गर्नु भनिन्छ। ईस्लाम धर्मको हज अति ठूलो पूजा हो। यसबाट हृदयमा अल्लाह प्रति प्रेम र सद्भावको लागि आफ्नो धन र ज्यान सबै अर्पण गर्न सक्ने क्षमता उत्पन्न हुन्छ।

मुसलमानहरु संसार भरबाट वर्णमा चाहे त्यो कालो होस् या गोरो, धनी होस् या गरीब सबैलाई जीवनमा कमसेकम एक पटक मक्काको जियारत अर्थात तिर्थयात्रा गर्नु मुस्लिम समाजमा निश्चित न्याय र नियमको व्यवस्था गरिएको छ। तीर्थयात्रामा सबै मुसलमानहरु साधारण पहिरनमा समान देखिई मक्कामा गई अल्लाह स्वरुप कालो ढुंगालाई चुम्बन गर्दछन्। तीर्थ जाँदा संसारभरका मुसलमानहरु एक आपसमा नजिकिने अवसर पाउँछन्। त्यसैले कुनै कुनै देशका सरकारले तीर्थ जान सहुलियत र व्यवस्था मिलाई दिने गरेको छ। मुस्लिम धर्म अनुसार तीर्थ जान सहुलियत र व्यवस्था मिलाई दिने गरेको छ। मुस्लिम धर्म अनुसार तीर्थ गएर आएकालाई हाजी भनिन्छ। हज गर्न जान नसक्ने मुसलमानहरुले देभा सरिफ दिल्ली, सिमरासरिफ, अजमेर आदि पवित्र स्थलको भ्रमण गर्दछन्। मुस्लिमहरुले धर्म अनुसार पालना गर्नु पर्ने निश्चित न्याय र नियमहरु यस प्रकार छन्।

१. परमेश्वर अल्लाहप्रति सच्चा भक्ति

२. आफू प्रति कठोरता

३. सबैको लागि न्याय

४. गुरुजनहरुको सेवा

५. बालकहरु प्रति दया

६. गरिबहरु प्रति उदारता

७. साथीहरुको लागि राम्रो विचार

८. शत्रुहरुलाई क्षमा

९. मूर्खहरु प्रति उदासिनता

१०. विद्वानहरुको सम्मान

### ५.३.५ जकात (खास किसिमको दान)

इस्लामको पाँचौ कर्म जकात दिनु हो । प्रत्येक मुसलमानले आफूले बर्ष भरी सञ्चित गरेको रकमबाट केही रकम आफन्त, गरीब र यात्रीहरुलाई दिनु नै जकात हो । दीन दुःखीहरुलाई दान गर्नुलाई नै जकात भनिन्छ । कुरानमा पनि धेरै ठाँउमा जकात दिने आदेश दिइएको छ । मानिसमा रहेको संग्रह गर्ने प्रवृत्ति र त्यागको भावनाको लागि दान अनिवार्य छ । धनीबाट निर्धनको सेवा गर्ने यो राम्रो तरिका हो । आफ्नो सञ्चित सम्पत्तिको अढाई प्रतिशत (२.५%) गरिब र असहायका लागि दान दिनु भन्ने अल्लाहको आदेश छ । जकातले परम्परामा एक अर्कालाई सहायता गर्न सिकाउँछ । यो मुसलमानलाई अनिवार्य करको रुपमा गरीबहरुलाई दिनु पर्ने निर्देश गरिएको छ । यो जकात (कर) रमजानको समय पारी गरीब दुःखीहरुमा वितरण गरिन्छ । ईस्लामको नगदी माल, पशु वा खेतीपातिबाट आएका पैदावर माथि एउटा सीमित प्रतिशत कर निर्धारित गरेको छ । यदि कुनै ईस्लामसँग ८५ ग्राम सुन वा सो बराबरको नगदी रुपैयाँ पैसा छ र त्यो संकलन भएको एक बर्ष जति वितिसकेको छ भने त्यस मध्ये अढाई प्रतिशत (२.५%) अशुल्नु पर्छ । त्यस्तै खेतीपातीको सम्बन्धमा आकाशे बर्षाबाट भएको पैदावर मध्ये दशौंद (दश नामको एक भाग) र सिचाईको व्यवस्थाबाट भएको पैदावर छ भने उत्पादनको वीसौद (बिस भागको एक भाग) असुल्नु पर्दछ वा दिनुपर्दछ । परम्परागत नियमानुसार पशुका सम्बन्धमा तल तोकिएको बमोजिम पशुहरु नै दान गर्नुपर्दछ ।

१. पाँचवटा उट भएमा एउटा उट
२. ३० वटा गाई, गोरु, भौंसी, भएमा एक बर्षको गाईको बाँच्छो वा एक बर्षको भैसींको पाडो वा पाडी
३. ४० वटा भेडा, बाखा, च्याङ्ग्रा भएमा मात्र एक भेडा, एक बाखा, एक च्याङ्ग्रा ।

यी माथिका निर्धारित परिमाणहरु दिन अस्वीकार गर्ने मानिस ईस्लामको परिधिबाट बाहिरिन्छ । एउटा मुसलमानको अर्को मुसलमानलाई सहायता ईस्लामको शत्रु विरुद्ध एक हुनु जेहादका रुपमा ग्रहण गरिन्छ । ईस्लामको साहायता गर्नु त हरेक मुसलमानको जीवनमा अति महत्व राख्दछ ।

उपरोक्त ईस्लाम धर्मका कर्तव्य र नियमहरु बाहेक अन्य केही विशेषताहरु :

१. ईस्लामको एक ईश्वरको (कुरान) न्यायलाई मान्न बाध्य हुन्छ । यद्यपि यो न्याय उसको सोचाईको विपरीत नै किन नहोस् । जसले एक ईश्वरलाई मान्दैन ऊ मानिसहरुले बनाएको कानुन माथि खुसी हुन्छ र ईश्वरको न्यायलाई यूग अनुसार नभएको दोषारोपण गर्नपुग्छ ।

२. एक अल्लाहमा आस्था राख्ने व्यक्ति कहिल्यै पनि अल्छि हुँदैन ऊ आफ्नो कर्तव्यमा लगनशील हुन्छ । समयको महत्व बुझ्छ, आफ्नो समयलाई राम्रो काममा लगाउँछ ।

३. ईस्लाम धर्म सरल तथा स्पष्ट हुन्छ । यसमा कुनै पनि टेढोपना हुँदैन । कुनै खास किसिमको पण्डित परोहित तथा बाबा र मौलनाहरुले मात्र जान्ने खालको हुँदैन । अर्थात यो धर्म विद्वान, मूर्ख, अन्धा, बहिरा तथा कुनै जात र थरीका किन नहुनु प्रत्येक व्यक्तिले बुझ्न तथा अंगाल्न सक्छन् ।

४. मानिस आफ्नो ज्ञान तथा बृद्धिको आधारमा कुनै कुराहरु पनि यस धर्ममा मिलाउन सक्दैन । रसुल (दूत) ले बताएको आस्थाले बताएको आस्था तथा कुराहरु माथि नै विश्वास गर्नुपर्दछ ।

५. यो धर्म प्रकृति अनुकुल हुन्छ । मानिसका सबै ईच्छाहरुको समाधान यस धर्ममा पाईन्छ । समाजबाट कोही पनि अलग भई जोगी, सत्यासी तथा फिरन्ते बन्न यस धर्मले भन्दैन सबैमाथि ईश्वरको भक्ति गर्नु अनिवार्य छ भन्दछन् ।

६. यो धर्म उदाहण, तर्क - वितर्क, तथ्य र प्रमाणहरुमा आधारित छ । आँखा चिम्लि आमा - बुबा तथा समाजले भनेको परम्परालाई मान्नु पर्छ भन्ने छैन आफ्नो बृद्धि, विवेक, तथा सोचाईले काम गर्न सबैलाई आव्हान गर्छ । यस्ता सम्पूर्ण गुणहरुले कुरान परिपूर्ण छ ।

७. ईस्लाम धर्मले मानिसहरुलाई एक मात्र अल्लाहको भक्त बनाँउछ । विभिन्न सानातिना देवी -देवता तथा मानिसहरुको भक्तिबाट बचाउँछ किनकि ईश्वर मानिसको रुपमा कहिल्यै पनि यस संसारमा प्रकट हुने छैन ।

आखिर सैद्धान्तिकरुपमा जे जस्तो भएपनि मुस्लिम समुदायका संस्कारहरु आर्थिकरुपमा कतिपय बोझिला र कतिपय झन्झटिला भएकाले पूर्ण कार्यान्वायनका लागि त्यति सहज नहुँदा यसका अवज्ञा गर्ने पनि बढ्दैछन् । जस्तै : शिक्षाका लागि विद्यालय महाविद्यालय धाउने वा जागिरको लागि कार्यालय धाउने व्यक्ति चाहेर पनि दिनको मध्यान्हमा नमाज पढ्न पाउँदैन वा सक्दैन । आर्थिक कारणले चाहेर पनि मानिस हजका लागि मक्का मदिना तर्फ निस्कन सक्दैन । साथै, दिनप्रतिदिन रगत पसिना बगाएर आर्जन

गरेको सम्पत्ति अल्छी वा निस्क्रिय भएर वा अन्य कुलतले गरिब हुनेलाई कुरानमा उल्लेख गरेकै आधारमा सञ्चित रकम मध्ये २.५ प्रतिशत रकम छुट्याउँदैन वा छुट्याउन चाहन्न । कतिपयले दान स्वरुप आर्थिक अवस्था कमजोर भएका आफन्तहरुलाई सहयोग गरेको पनि पाइयो । यसैकारण पनि मुस्लिम समाजिक एवम् सांस्कृतिक अवधारणामा परिवर्तन आउँदैछ ।

## ५.४ चाडपर्वहरु

हरेक समाज वा समुदायमा विभिन्न जातजाति, भाषाभाषी, संस्कृति भएका मानिसहरु एक आपसमा मिलेर बस्दछन् । सबैको आ-आफ्नै प्रकारको परम्परा, संस्कार, चाडपर्वहरु आदि छन् । सबैले छुट्टाछुट्टै तवरले मनाउने गर्दछन् । नेपाली राष्ट्रिय संस्कृतिको निर्माण र विकासमा स्थानिय संस्कृतिले अहं भूमिका निभाएको तथ्यलाई कसैको नकार्न सक्दैन । मुसलमानहरुले आफ्नो संस्कृति जोगाई राख्नु आफ्नो चाडपर्वलाई निरन्तरता दिई राष्ट्रिय संस्कृतिमा टेवा पुऱ्याई राखेको छ ।

मुसलमानहरुको चाडपर्व मान्ने तौर तरिका नेपालमा अरु जातजातिका भन्दा भिन्न प्रकारको छ । यिनीहरु धार्मिक ग्रन्थ कुरानको निर्देशनलाई पछ्याएँदै धार्मिक चाडपर्व मनाउँछन् । यिनीहरुले मुहर्रम, ईद, रमजान, बक्रइद, सब-ए-वरात आदि चाडपर्वहरु मनाउँछन् । जुन यस प्रकार छ :

### ५.४.१ मुहर्रम

ईस्लामिक क्यालेन्डरलाई लुनार क्यालेण्डर भनिन्छ । यस क्यालेण्डर अनुसार बर्षमा ३५४ वा ३५५ दिन हुन्छ । मुहर्रम इस्लामिक क्यालेन्डरको पहिलो महिना हो । यो पर्व मुहरम महिनाको १० गते मनाइने गरिन्छ । यो भारतीय र नेपाली मुसलमानहरुको मनाउने गर्दछ । यो पर्वलाई दुःखको दिनको रुपमा मनाउने गर्दछन् । यस चाड मनाउने प्रक्रियामा पनि परिवर्तन आउँदैछ ।

### ५.४.२ बरवाफत (रबी अब्बल)

लुनार क्यालेण्डर अनुसारको यो पर्व तेस्रो महिनामा पर्दछ । ईस्लामिक क्यालेण्डर अनुसार रबी अब्बल महिनाको १२ गते पर्दछ । यो पर्व ईस्लामका जन्मदाता हजरत

मोहम्मदका जन्मदिवसको अवसर पारेर मनाइन्छ । यो समयमा कुरान पढ्ने शान्तिको कामना गर्ने साथै मोहम्मदको जीवनीको बारेमा बयान गर्ने गरिन्छ । भोजभतेरको आयोजना गरी यो पर्व मनाइन्छ । मुसलमानहरुको वर्ष भरिको धार्मिक पढाइको नतिजा पनि यस अवसरमा प्रकाशित गरिन्छ ।

### ५.४.३ सब-ब-बरात

यो चाड लुनार क्यालेण्डर अनुसार आठौं महिनामा पर्दछ । यो महिनालाई सावान भनिन्छ । यो समयमा रातभरी जाग्राम बसी नमाज पढ्ने, कुरान पढ्ने गरिन्छ । आफन्त मृतकहरुको चिहानमा गई भेट गरी जिवित र मृतक दुबैको कल्याणको कामनाका साथ प्रार्थना गर्दछन् । नमाज पढ्ने र प्रार्थना मस्जिदमा गएर पनि गरिन्छ भने महिलाहरु घरमै बसी पढ्ने र प्रार्थना गर्ने गर्दछन् । प्रसादको रुपम हलुवा बनाई बाँडिन्छ ।

### ५.४.४ ईद (ईद–उल–फित्र)

रमजान महिनाको अन्त्य र सौवाल महिनाको पहिलो तारीखमा दुई दिन मुस्लिम समुदायको सबैभन्दा ठूलो चाड ईद मनाईन्छ । यो चाडको पूरा नाम ईद–उल–फित्र हो । यो समय उपवास (रोजा) सकिएको वा फुकुवा भएको समय हो । यो चाड माया, ममता, आकर्षण, भातृत्व र खुशीको चाड हो । यो समयमा सामूहिक रुपमा लोग्ने मानिसहरु ईदगाह (खुसीको जगह) भन्ने ठाउँमा गएर नमाज पढ्ने गर्छन् । वृद्ध, जवान, धनी-गरीब, पुरुष, महिला र विशेष गरी प्रायः सबै मानिसहरु सफा राम्रो वस्त्र लगाउँछन् । यो समयमा विगतमा भएको सबै वैरभावलाई बिर्सेर एक-आपसमा खसीयाली बाँड्छन् । एक-आपसमा मानिसहरु अंकमाल गरेर शुभ-कामना आदानप्रदान गर्दछन् । साथी भाइ र आफन्त कहाँ गई अरबिक महिनाको नव वर्षको शुभ-कामना स्वरुप 'ईद मुबारक'को आदान प्रदान गर्दछन् । यो समयमा मिठा-मिठा परिकारहरु बनाई हाँसीखुसी भोज खान्छन् । विशेष परिकार सेवाई चाउचाउ जस्तो दूधमा पकाएर बनाइने पिठोको परिकार बनाएर खाने र साथीभाई इष्टमित्र, छिमेकीहरुलाई बाँडेर खुवाइन्छ ।

हजरत मोहम्मद सल्ललाहो अलैहेवसल्लमले मनाउँदै आएको यस चाडमा गरीबहरु पनि सहभागी बन्न सकून् भनेर धनीहरुले आफ्नो सञ्चित धनको केही प्रतिशत् दान गर्दछन् । यो दानलाई फित्र भनिन्छ । यो पवित्र दिनको अवसर पारेरु दान दिई पुण्य कमाउन लत्ताकपडा, खाना र अन्य सामाग्रीहरु गरीबहरुलाई वितरण गर्दछन् । मुस्लिमको

मुख्य संस्कार या विशेषता नै दानशीलता हो तर दिने परम्परामा चाहिँ केही मात्रामा परिवर्तन आउँदैछ । पहिले जसरी मन फुकाएर दान दिन छाडिएको छ । जे भने पनि मान्छेमा लोभीपापी पना बढ्दै छ । यो चाडमा यिनीहरुले अन्य समुदायहरुलाई पनि स्वागत गर्दछन् । अन्य समुदायकाहरु पनि चाडमा सहभागी भई मुस्लिम साथीभाईलाई 'ईद मुबारक' भनेर शुभ-कामना व्यक्त गर्दछन् ।

### ५.४.५ बक्र ईद (इदुज्जुहा)

ईदको दुई महिना दश दिन पछि मनाइने चाडको नाम बक्रईद हो यस चाडलाई अरबिक भाषामा इदुज्जहा भनिन्छ । यो चाडमा विशेषत बली चढाइन्छ । किनभने हजरत इब्राहिमले सपनामा अल्लाहले आफ्नो प्यारो कुरा कुर्बान गर भन्दा आफ्नो प्यारो छोरालाई कुर्बान गर्न तयार भई आँखामा पट्टी बाँधेर घाँटीमा रेट्दा अल्लाह खुशी भई बोको रेटिन गएर छोरो बचेकाले यो चाडमा बोका, राँगा, आदिलाई हलाल गरी कुर्बान गर्दछन् । यस चाडमा तराईमा खसी बोका बली दिइन्छ भने पश्चिम पहाडमा खसी, बोका, राँगा आदिको बली दिइन्छ । अरब देशहरुमा ऊँटको बली दिइन्छ । अन्य देशहरुमा गाईको बली दिइन्छ तर नेपाली मुसलमानले गाईको बदलामा अरु नै पशुको बली दिने गर्दछन् । एक-अर्काको धर्मलाई सम्मान गरी धार्मिक सहिष्णुता परम्परा देखि अपनाउँदै आएको देखिन्छ । यस चाडमा सामुहिक रुपमा प्रार्थन गर्नुको साथै एक-अर्कामा शुभ-कामना आदान प्रदान गरिन्छ ।

मुस्लिम क्यालेण्डर अनुसार धेरै चाडपर्वहरु पर्दछन् । तर देवबन्दी र बरेली समुदायका बीच मत भिन्नता भएको कारणले यी दुई समुदायहरु कहिले पनि एक आपसमा मिलेर कुनै चाडपर्व मनाउँदैनन् । देवबन्दी समुदायकाले ईद र बक्रईद मात्र मनाउँछन् । अरु चाडपर्व मनाउँदैनन् । किनभने यो समुदाय धर्ममा समयसँगै परिवर्तन चाहन्छन् । यिनीहरु बाँकी चाडपर्वहरु फजुल मात्र हो भनी दोष लगाउँछन् । देवबन्दीहरु मृत्युको दिन दानपूण्य पर्व मनाउँदैनन् । किनभने यिनीहरु साधारण प्रथाहरु अपनाउँछन् । त्यसैले यी दुई बिचारधाराका बीच बेला बखत विवाद उत्पन्न हुने गर्दछ । यहाँ पनि यिनै विचारधाराबाट प्रभावित छन् किनभने यिनीहरु भारतीय मूलबाट आएका हुन् । यो विचारधारा पनि भारतबाटै आएका हुन् । यी दुई विचारधाराकाबीच धेरै समस्याहरु छन् । किनभने यी दुई विचारधाराबीच सधैं प्रतिस्पर्धा भइरहन्छ तर नेपाली हिन्दुहरुले धर्मको नाममा कुनै समस्या सामना गर्नु परेको छैन । यिनीहरुले मनाउने संस्कार र चाडपर्वमा ठूलो अन्तर पाइन्छ ।

शुक्रबारको प्रार्थनाबारे पनि मत भिन्नता भएको पाइन्छ । यी दुवै समुदायकाले अर्को समुदाय भन्दा आफ्नै समुदायलाई उच्च ठान्दछन् । यी दुवै समुदाय समाजमा उच्च किसिमको बन्न चाहन्छन् । त्यसैकारण यो समस्या जिल्ला अञ्चलसम्म उत्पन्न भएको छ । तर समाधान गर्न सकिएको छैन । यिनीहरु आफ्नो संघ अन्जुमान र मस्जिदको कोषलाई विचारधाराको रक्षाका लागि बाँडफाँड गर्न चाहँदैनन् । यी दुई विचारधाराको झडपमा पोखराका केही मुस्लीम यूवाहरु जुलाई १९८३ मा घाइते पनि भएका थिए (सिग्देल, १९८३:९५) । तर आजकल दूई समुदायकाबीच झगडा भने केही कम भएको छ ।

## ५.५ मुस्लिमहरुको आर्थिक परिवर्तन

शिक्षा, स्वास्थ्य, राजनीति एवम् हरेक पक्षलाई प्रभावित तुल्याउने महत्वपूर्ण पक्ष हो आर्थिक पक्ष । यसले नै अन्य सबै पक्षलाई निर्धारण गर्ने गर्दछ । धर्म र संस्कार कर्म भएर मात्र पनि हुँदैन आर्थिक स्थितिले भेट्दैन भने मानिस चाहेर पनि ती कार्यहरु गर्न असमर्थ हुन्छन् भने बढी भन्दा बढी पैसा कमाउँदै गएपछि पनि मानिसको सोँच एवम् विचारहरुमा परिवर्तन देखा पर्न सक्छन् । यस्तै मुस्लिम समुदाय एवम् यस जाति भित्र पनि आर्थिक पक्षले ठूलो प्रभाव पारेको पाइयो ।

सिद्धान्ततः मुसलमानहरु इस्लाम दर्शनमा आधारित रहेर आफ्नो आर्थिक गतिविधिमा संलग्न हुन्छन् । यिनीहरु व्यक्तिलाई भन्दा सामुदायिक हितलाई बढी ध्यान दिन्छन् । धर्म विरुद्धका कुनै पनि कार्यलाई उनीहरु सामाजिक कार्यको मान्यता दिँदैनन् । पैसा सापट लिनुदिनु अर्थात व्याजमा लगाउनु पनि धर्म विरुद्ध मानिन्छ । जकात अर्थात विशेष किसिमको दान अनिवार्य गरिएको छ र व्यक्तिलाई भन्दा समाज र समुदायलाई बलियो बनाउनमा जोड दिएको पाइन्छ । एक टुक्रा जमिन बाँझो राखेमा पनि जकात तिर्नै पर्छ वा खेती नगरेमा पनि जमिन मालिकले जकात तिर्नै पर्ने कुरा इस्लाम दर्शनमा उल्लेख छ । उनीहरुले आफूलाई आन्तरिक अनुशाशनमा बाँध्न वा कर्मशील बन्न यस्तो नियम बनाएका पनि हुन सक्छन् । उनीहरुको साँस्कृतिक दर्शन आर्थिक उन्नयन गराउने किसिमको छ । अल्छी नबन, आफ्नो जमीनको सदुपयोग गर, अल्लाहले तिमीलाई यो जमिन दिएका हुन् । जस्ता भनाइबाट उनीहरु निर्देशित हुन्थे । जकात एउटा व्यावहारिक आर्थिक औजार मानिन्छ । जसले धनी वा आर्थिक हैसियत भएकाको खल्तीबाट रकम झिकेर संकलन गरी अन्य आर्थिक अवस्था कमजोर भएकाहरुलाई प्रदान गरी समाजमा आर्थिक सन्तुलन कायम गर्न सहयोग गर्छ ।

शुरुमा मुसलमानहरु नै यस कुँडहर आसपासमा बसोबास गर्ने पहिलो जाति भएकोले र चाहिँदो मात्रामा प्रसस्त जमिन भएकाले कृषिमा नै निर्भर थियो । अहिले यिनीहरुको पेशा व्यवसायमा व्यापक परिवर्तन देखा परेको छ । समयको गतिसँगै मुस्लिम जनसङ्ख्या वृद्धि हुन थाल्यो र वरपरका अन्य जातिहरु आई यतै बसोबास गर्न थाले । यिनीहरुले कृषि कार्य कठिन र फल पनि त्यति नपाउने भएकाले व्यापार तिर आकर्षित भई जमिन बेचबिखन गर्ने, धितो राखी ऋण लिने साथै अन्य जातिकाले मुसलमान जिम्मावालालाई रिझाएकोले जग्गा बक्सिस दिने आदि कारणले गर्दा विस्तारै जमिनहरुको बाँडफाँडले गर्दा अन्य पेशा तर्फ लाग्न थाले । पछि यिनीहरु कृषिबाट आर्थिक उपार्जनका लागि अन्य व्यवसाय तर्फ लागेको पाइन्छ । कृषि नै गर्दैनन् भन्ने चाहिँ होइन । यिनीहरुको आर्थिक उपार्जनको मुख्य स्रोत नै पछि व्यापार व्यवसाय, कृषि, मर्मत सम्भार मजदुरी जागिर आदि भयो अहिले आएर वैदेशिक रोजगारतर्फ यहाँका मानिसहरु धेरै आकर्षित भएका छन् । यिनीहरु पुर्ख्यौली पेशा व्यापारमा मुनाफा धेरै र सजिलो भएकोले सबै त्यसैमा आकर्षित भई निरन्तरता दिइरहेका छन् । आजभन्दा २०-२५ वर्ष अगाडि ८०% ले मानिस व्यापारिक कार्यमा संलग्न भएको १३% ले कृषि पेशा अँगालेका र ३% ले मजदुरी गर्ने र बाँकी ४% ले विभिन्न सामानहरुको मर्मत गर्ने पेशा अँगालेको पाइएको थियो भने हाल आएर ४०% यूवाहरु अरबी देशमा पुगेका, ४०% ले व्यापार व्यवसाय गर्ने गरेका, १०% कामदारहरु र बाँकी १०% कृषि पेशा अँगालेको पाइन्छ । यो पनि परिवर्तित सन्दर्भमा उनीहरुको पेशा व्यवसायमा देखिएको परिवर्तन हो (भादगाउँले, २०५४:३) ।

### ५.५.१ व्यापार

व्यापारको शिलशिलामा मुस्लिमहरु नेपाल प्रवेश गरेका थिए । व्यापारबाट बढी मुनाफा हुने र खेतीपातीको दाँजोमा कम परिश्रम गर्नुपर्ने भएकोले व्यापारमा लगानी गरी पूर्ख्यौली पेशा अपनाउँदै आइरहेका थिए तर यो व्यापार पछि गएर सिजनल किसिमको बन्न गयो र यिनीहरुले कृषि पेशा, पशुपालनलाई अपनाए । यिनीहरु आन्तरिक र बाह्य व्यापारसँग सम्बन्धित छन् । यिनीहरुका पूर्खा भारतबाट आएकाले र अझै पनि भारतमा नेपाली मुसलमानहरुका आफन्तहरु भएकाले तिनीहरुसँग सम्पर्क राखी बाह्य व्यापार गर्दछन् । प्रायः मुस्लिम होलसेल व्यापारीहरुले भारतको विभिन्न बजारबाट सामानहरु नेपाल ल्याउने गर्दछन् । जस्तो : ८% समान लखनऊबाट, ३% गोरखपूरबाट, १०% फैजाबादबाट २०% कानपूरबाट, १५% बनारसबाट, ३५% जलन्धर (पञ्जाव) बाट र ९% नयाँ दिल्लीबाट ल्याउने गर्दछन् (सिग्देल, १९८३:१०३) । यिनीहरुले विशेषगरी छालाका झोलाहरु, बाकस,

खेलौनाहरु, श्रृंगारका सामानहरु, डोरी, पोते, जुत्ता, चप्पल, साबुन राख्ने डब्बा, ऐना, चुरा, बटन, दुलहीको लागि मेकअप बाकस, काईयो, रुमाल तौलिया, खेलकुद सामाग्री, लत्ताकपडा, घडी, रेडियो साथै अन्य सामाग्रीहरु भित्र्याउँथे तर आजकल स्थायीरुपमा यिनीहरु व्यापार गर्ने गर्दछन् । वरपरका क्षेत्रहरु स्याङ्जा, वालिङ्, दमौली, बेशी शहर लगायत कास्कीका अन्य स-साना केन्द्रहरुमा गई व्यापार गर्दछन् । साथै गाऊँगाऊँमा डुलेर बेचबिखन गर्दथे अहिले विरौटा, महेन्द्रपुल, अमरसिँहचोक, वगर लगायत पोखराका लगभग सबै स्थानमा यिनीहरु व्यापार गर्दै गरेको पाइन्छ । साना व्यापारीहरुले सामान भारतबाट आयात गर्ने होलसेलर व्यापारीहरुबाट खरिद गर्दछन् । यी होलसेल व्यापारीहरुले ल्याएका सामानहरु साना व्यापारीहरु भएका ठाउँहरु वालिङ्मा १०%, दमौलीमा ३०%, बेशीशहरमा ३५%, स्याङ्जा र बाग्लुङ्मा २०% र सातमुहाने भीरचोकमा ५% सामान पठाउने गर्दथे । यसै कारण मुस्लिम व्यापारीहरु व्यापारिक कारोबार गरी व्यापार वृद्धि गर्न सक्षम भएका छन् । मुस्लिम व्यापारीहरु ग्राहकको मनोभावना सहजै बुझ्न सक्ने खालका हुन्छन् । साथै बोलीवचन पनि मिठासपूर्ण हुन्छ । यसरी शुरुमा व्यापार त्यसपछि कृषि र अहिले फेरि अन्य पेशा सँगसँगै व्यापार तिर झनै आकृष्ट बन्दै छन् । यही व्यापारमा लागेर कतिपय त अथाह सम्पत्तिको मालिक पनि भएका छन् । अहिले पनि महेन्द्रपुलमा होलसेलका ठूलाठूला मुस्लिम व्यापारीहरु देख्न सकिन्छ । अधिकांश यिनीहरु पनि मियापाटनबाट नै छुट्टिएर गएका हुन् । कतिपय यिनीहरुले आफ्ना बालबच्चालाई मदरशामा उर्दू, अरबी नपढाए पनि घरमा नै शिक्षक राखेर पढाएको बताएका छन् जुन नयाँ प्रबृत्ति हो अर्को तर्फ करोडौ मुनाफा गर्नेले के आफ्नो संचित रकमको ढाइप्रतिशत एवम् वैंकको व्याज दीनदुखीका लागि अनिवार्य छुट्याउँछन् त? धार्मिक गुरु एवम् पुराना मुसलमान अरुप्रति शंका राख्न नहुने भनेर तर्कन खोजे । यो आर्थिक उन्नतिले ल्याएको ठूलो र देखिने परिवर्तन हो ।

मियापाटन क्षेत्रमा शूरुका दिनहरुमा यिनीहरु भूमिपति थिए । पछि बिस्तारै खेतीपाती गरी खान पनि धौ-धौ परेकोले जमिन धितो राखी कर्जा लिई व्यापार गर्न थाले । किनकि व्यापार कृषि भन्दा सजिलो र मुनाफा पनि धेरै हुने भएकाले त्यसैमा आकर्षित भई पैसा व्यापारमा लगाउन थाले । त्यसैले यिनीहरु प्रायः केही न केही सानो तिनो व्यापारमा संलग्न भएको पाइन्छ । मुस्लिम परिवारका सदस्यहरु विशेषगरी व्यापारमा नै लागेको पाइन्छ । मुस्लिम परिवारहरु विशेषगरी चुराको व्यापारमा संलग्न रहेको पाइन्थ्यो । अहिले त्यसको ठाउँ कस्मेटिक्स पसलले लिएको छ । यो पनि चुरा एवम् श्रृंगार पसलको व्यवस्थित

रुप हो । यिनीहरुले गर्ने व्यापारमा श्रृङ्गारका सामानहरु नै मुख्य छन् । जस्तो : नङ पालिस, ऐना, काईयो, पाउडर, क्रिम, जुत्ता, चप्पल, डोरी, झोला, चुरा स्टयाण्ड, प्लाष्टिक र छालाका व्यागहरु बटन, रुमाल, तौलिया, साबुन राख्ने डब्बा र खेलौना आदि सामानहरु बेचबिखन गर्ने गरेको पाइन्छ । यिनीहरुको मुख्य आर्थिक स्रोत व्यापार नै देखिन्छ । यिनीहरुले व्यापार व्यवसायमा पैसा प्रसस्त कमाउँछन् भने खर्च पनि धेरै नै गर्दछन् । ठूलो परिवारको लागि दैनिक खाना, लत्ताकपडा, पढाई, भौतिक सामाग्री साथै चाडवाडमा धेरै खर्च गर्ने गर्दछन् । यसरी समग्रमा सानोतिनो व्यापार व्यवसायबाट अघि बढेका केही अथाह सम्पत्तिका मालिक भएका छन् र उनीहरुको खानपिन, रहनसहन, पढाइलेखाइ आदिमा निकै परिवर्तन देखा परेको छ । अर्कोतिर केहीले व्यापार गर्ने भनेर तुलनात्मक गाह्रो मानिने कृषि पेशा छाड्दा वा भइआएको जग्गा जमिन बेचेर व्यापार गर्न खोज्दा संयोग नजुटेका वा अन्य कारणले सफलता हासिल गर्न नसक्नेहरु बदलिँदो समयसँगै अहिले पछुताएका पनि छन् । कतिपय त चाहेर पनि आफ्नो संस्कार पूरा गर्न सक्दैनन् । जस्तो कि ठुलाठुला भोजभतेर, दानदातव्य गर्नुपर्ने संस्कारहरु यिनीहरुका लागि असम्भव छ । जस्तो यिनीहरु चाहेर पनि हजका लागि मक्का जान सक्दैनन् । तसर्थ, आर्थिक कारणले पनि मुस्लिम समुदायमा सामाजिक एवम् साँस्कृतिक परिवर्तन लेराएको छ ।

### ५.५.२ कृषि

शुरुमा यिनीहरुका पूर्खाहरु सबै खेतीपातीमा नै निर्भर रहेका थिए । त्यस बेला मकै, कोदो, धान प्रशस्त मात्रामा उत्पादन हुन्थ्यो । सबैले गाई, गोरु तथा भेडा-बाखा पाल्दथे । त्यस बेला बढी भन्दा बढी परिश्रम गरी प्रशस्त कृषि उत्पादनले गर्दा सबै सुखी थिए । जनसंख्या वृद्धि भएपछि ती योग्य जमिन बाँडफाँड गरी विस्तारै हरेक परिवारले आफूलाई पुग्ने सानो टुक्रा जमिन राख्न थाले । जनसंख्या बृद्धि, अन्य पेशा विशेषगरी व्यापार र वैदेशिक रोजगारप्रतिको मोहका कारण हाल आएर कृषि पेशामा उल्लेखनीय परिवर्तन हुँदै गएको छ । यहाँ भएकाहरु प्रायः व्यापारमा संलग्न भएका र यूवाहरु विदेश कमाउन पठाउने थाले । अहिले केहीसँग मात्र सिमित मात्रामा खेतीपातीको लागि जमिन रहेको छ । प्रायः सबै परिवार ठूलो भएकाले पनि जमिन बाँडफाँड गरी बस्नको लागि सानो सानो टुक्रामा घर र घडेरी मात्र राखेका छन् । अहिले केही मात्रै जीविकोपार्जन वा आफ्नै लागि खेतीपातीमा गर्ने गर्दछन् । आजकल मेलापात जान छाडेका छन् । खेतीमा मुस्लिमहरुको बाहुल्यता

विस्तारै कम हुँदै गएर अन्य जातिको बाहुल्यता रहन गएको छ । तर पनि केही मात्रामा मुस्लिम भुमिपति रहेका छन् । लोक कवि अलिमियाका सुपुत्र हानिफ मिया पनि यसैका एक उदाहरण हुन् । अहिले पनि उनीसँग चालीसौँ रोपनी जमिन छ । आठ रोपनी जग्गा त उनले लोक कवि अलिमियाको सम्झनामा विशेष अतिथिगृह एवम् संग्रहालय बनाउन दिइसकेको निर्णय गरेका छन् । यसरी बढ्दो वैदेशिक रोजगार र व्यापार व्यवसायका कारण खेती प्रणालीमा आमूल परिवर्तन आउँदैछ ।

### ५.५.३ मर्मत, मजदुरी र सेवा

मुसलमानहरु पहिले देखि घडि, रेडियो, टर्चलाइट आदि बनाउनमा निपूण रहेका देखिन्छन् । यिनीहरु अहिलेसम्म पनि यो पेशालाई निरन्तरता दिइरहेका देखिन्छन् । यिनीहरु ग्राहकको प्रतीक्षामा मानिसहरु आवत-जावत गर्ने सानो ठाउँ बाटोमै र केहीले कोठा लिएर बस्ने गर्दछन् । त्यस्तै केहीले आफ्नो दैनिक गुजारा चलाउन मजदुरी काम पनि गर्दछन् भने केही मात्रामा रोजगारी सेवा जस्तै : ड्राइभर, बोर्डिङ स्कूल पढाउने र अन्य कामहरु गर्ने पनि गर्दछन् । कतिले कपाल काट्ने, मोटरसाईकल, गाडी मर्मत गर्ने पनि गर्दछन् । २०५८को जनगणनाअनुसार ११ परिवारले रेडियो, घड, टर्चलाईट आदि मर्मत कार्यमा संलग्न भएको देखिन्छ भने ८ परिवारसंख्या दैनिक मजदुरीमा लागेको पाइन्छ । त्यस्तै ४ परिवार रोजगारी जस्तो ड्राइभर, शिक्षक र अन्य क्रियाकलापहरुमा संलग्न भएको पाइएको छ । अहिलेसम्म पनि प्रायःजसोले यी सबै पेशा नै अंगालेका छन् भने केही रोजगारीको लागि विदेश गएका छन् । केही परिवारले भविष्यको लागि भनी बैंकमा पैसा जम्मा गर्न सफल भई धनी वर्गमा पर्दछन् भने बाँकी सबै जीवन गुजारा गर्दै ठीक्क छन् । हुन त इस्लाम धर्म अनुसार पैसा बैंकमा राख्नु र व्याज खानु पाप हो । तर अहिले सबैले त्यसलाई अनुसरण गरेको पाइँदैन । थुप्रै व्यक्तिले कर्जा लिएको, दिएको र व्याज खाएको पाइन्छ । उता कतिपयलाई त दैनिक गुजारा चलाउन पनि धौ धौ परेको छ । यिनीहरु ७८.१४% ले व्यापार, ८.४७% ले कृषि, ३.९८% ले दैनिक ज्याला मजदुरी, ७.४२% ले मर्मत कार्यमा र १.९९% ले रोजगारीमा संलग्न रही आय आय आर्जन गर्ने गरेको पाईएको छ (सिग्देल, १९८३:१००) । धनीहरु चोरी हुने र कर तिर्न पर्ने डरले सम्पत्ति विवरण पर्दामा नै राख्दछन्, आम्दानी खुलाउँदैनन् ।

## ५.६ शैक्षिक एवम् राजनैतिक परिवर्तन

### ५.६.१ मुसलमानहरुको शैक्षिक इतिहास

शिक्षा जुनसुकै धर्म, जुनसुकै देश, जाति तथा समुदायका मानवकालागि आधारभूत आवश्यकता हो । संसारभर शिक्षा विकासको क्रमलाई हेर्दा समान किसिमले सबै ठाउँमा शिक्षाको अवसर प्राप्त नभएको शैक्षिक इतिहास छ । हरेक देशमा आफ्नै निजी र मौलिक विशेषता हुन्छन् । आफ्नो देशको आवश्यकता अनुसार शिक्षा प्रणालीलाई अंगिकार गरिएको हुन्छ । नेपालमा प्राचीन समयमा परम्परागत गुरकुल शिक्षा प्रणाली, लिच्छविकालीन शिक्षा, मल्लकालीन शिक्षा, बाइसेचौविसे राज्यको शिक्षा लगायत नेपालको एकीकरणपश्चात राणाकाल आउनुभन्दा अगाडिको शिक्षा प्रणाली नै प्राचीन शिक्षा प्रणाली हो । प्राचीन शिक्षा प्रणालीमा परम्परागत रुपमा चल्दै आएका सामाजिक मूल्य मान्यता एक पिँढीबाट अर्को पिँढीमा हस्तानान्तराण हुँदै जाने पारिवारिक शिक्षा परम्परा थियो । गुरुकुल शिक्षामा शिष्यहरु जंगल तथा तपोभुमिमा गुरुको कुटीमा रहेर गुरुको सेवा गर्दै शिक्षा आर्जन गर्दथे ।

लिच्छविकालमा कला, संस्कृति र शिक्षाको विकासमा ध्यान गएको थियो र त्यसबेला वेद व्याकरण, न्याय, दर्शन, साहित्य, ज्योतिष आदि विषयमा उच्चस्तरको पढाइ हुन्थ्यो । मल्लकालमा पनि सर्वसाधारणका लागि शिक्षा आदानप्रदानका लागि औपचारिक बन्दोवस्त भएको थिएन । जयस्थिति मल्लले आफ्ना जनतालाई विभिन्न व्यावसायिक समूहमा विभाजन गरेर सीप सिकाउने व्यवस्था गरेका थिए । बाइसे चौविसे राज्यकालमा पनि संस्कृत भाषामा ठूलाबडाका पढाइ गुरुपुरोहित हुन्थ्यो । त्यसबेलाको शिक्षामा वेद व्याकरण, न्याय दर्शन, ज्योतिष धर्मशास्त्र पढाइनुका साथै कर्मकाण्ड र नैतिक शिक्षा समेत दिइने गरिन्थ्यो । नेपालको एकीकरण भएपछि पृथ्वीनारायण शाह र वंशजहरुले सैनिक जवानका टुहुरा बच्चाहरुलाई राष्ट्रको तर्फबाट सैनिक शिक्षा दिने र राज्यको तर्फबाट छात्रवृत्ति दिने संस्कृत र फारसी पढ्न तथा विभिन्न प्राविधिक ज्ञान, सीप सिक्न छात्रवृत्ति दिएर देश बाहिर पठाएका थिए । राणाकालीन शिक्षा सर्वसाधरणकालागि खुला थिएन । वि.सं. १९०७ मा राणाप्रधानमन्त्री जंगबहादुरले बेलायतको भ्रमण गर्दा त्यहाँ भएको शिक्षाको विकास देखेर अंग्रेजी शिक्षाबाट प्रभावित भई आफ्ना सन्तानलाई शिक्षा दिन बेलायतको शिक्षा प्रणाली अनुसार वि.सं. १९१० मा अंग्रेजी स्कूल स्थापना गरी अंग्रेजी शिक्षा दिन थाले । केही समय पछि राणा प्रधानमन्त्रीहरुले फाट्टफुट्ट स्कुल खोल्न थाले पनि सर्वसाधारण जनताको पहुँचभन्दा बाहिर नै थियो शिक्षा ।

वि.सं. २००७ मा नेपालमा प्रजातन्त्र प्राप्त भएपछि देशभर शिक्षा र चेतना विस्तार गर्न देशभर विद्यालय खोलिने क्रम तीव्र भयो । मुसलमानहरुको शिक्षाको इतिहास हेर्दा इ.सं. १९४० भन्दा अगाडि मुसलमानहरुलाई सरकारी विद्यालय पढ्ने अधिकार थिएन । किनभने उच्च हिन्दू जातिले उनीहरुलाई फोहरी र तल्लो नीच जाति मान्दथे । पछि राणा सरकारले मुसलमानी प्राथमिक विद्यालय खोलिदिए । यसपछि मुसलमानी केटा केटीहरुको पढाईको थालनी भयो । सन् १९४० देखि मुसलमानहरुको लागि निम्न माध्यमिक तहसम्म नेपाली स्कुलमा पढ्न पाउने व्यवस्था गरिदिए । त्यसको केही समयपछि लगत्तै क्याम्पसमा पनि पढ्न पाउने छुट गरिदिए । यसरी सन् १९४० पछि मात्र मुसलमानहरुलाई सरकारी विद्यालय र कलेजहरुमा पढ्न पाउने अधिकार प्राप्त भयो । मुसलमानहरुका लागि धार्मिक, प्राथमिक विद्यालय मदरसाको पनि व्यवस्था हुँदै गयो । सन् १९४१ मा सर्वप्रथम काठमाडौमा धार्मिक विद्यालय मदरसा स्थापना भयो (सिद्धिका, १९९३:१५२-१५६) । यसरी मुसलमानको लागि शिक्षा प्रभावकारी बन्दै गयो तरपनि राष्टिय स्तरमा हेर्ने हो भने केही वर्ष अघि सम्म पनि मुसलमानहरुको साक्षरता प्रतिशत ज्यादै न्यून रहेको थियो तर हाल आएर विशेष गरी शहरी क्षेत्रहरुमा उच्च शिक्षा लिने मुस्लिमहरुको संख्यामा उल्लेखनीय परिवर्तन आएको छ । केही मुसलमानहरु उच्च प्राविधिक शिक्षा लिनको लागि विदेशमा समेत जान थालेको देखिन्छ । वि.सं. २०५८ सालको जनगणना अनुसार  नेपालमा ६ वर्ष भन्दा माथिका मुसलमानहरुको साक्षरता दर ३४.७२ प्रतिशत भएको देखिन्छ ।

मुस्लिमहरुको बस्ती भएका विभिन्न उर्दु शिक्षा पढ्नको लागि व्यवस्थित ठाउँको कमी पहिलेदेखिकै समस्या हो । उर्दु मुस्लीमहरुको पठनपाठनको भाषा हो । विभिन्न ठाउँमा उर्दु पढाइने मदरशा खोलिएपनि अधिकांश मदरशाहरु आर्थिक रुपमा यिनीहरु कमजोर नै रहे । तैपनि संख्यात्मक रुपमा परम्परागत उर्दु स्कुलहरु बृद्धि हुँदै गईरहेका थिए । केही मुस्लीमहरु पहिला पहिला उर्दू र पर्शियन शिक्षा लिन भारत तिर जाने गर्दथे । भारतमा यिनीहरु उच्च शिक्षा हासिल गर्न विभिन्न शैक्षिक केन्द्रहरुमा गई मौलाना, हाफिज, काजी र फजील डिग्री हासिल गर्दथे । हाफिज, काजी र फजिल डिग्री हासिल गरी ग्रेजुयट भएपछि मात्र यिनीहरु कुरान पढ्न सक्षम हुन्थे । त्यस्तै फजिल पौराणिक अरबिक ग्रन्थलाई रुपान्तरित गर्न र दोभाषेको काम गर्न सक्ने योग्य व्यक्ति हुन्थ्यो ।

नेपालमा मदरशामा उर्दुको प्रारम्भिक शिक्षा दिइन्छ साथै प्राथमिक तहसम्मको पढाइ त्यहीँ गर्न सकिन्छ । तर आजकल शिक्षाको तीव्र प्रचारप्रसारका कारण पोखराका अधिकांश मुस्लिम बच्चाहरु बोर्डिङ विद्यालयमा पढ्न जाने गरेको पाइन्छ । विहान केही बेर मात्र

उनीहरु मदरशामा अरबी र उर्दू सिक्न जान्छन् । शिक्षामा देखिएको यो महत्वपूर्ण परिवर्तन हो । हुन त सरकारले मदरशालाई शैक्षिक केन्द्रको रुपमा त्यति विकास गरेको पाईदैन । उनीहरु आफ्नै प्रयासले मुष्ठिदान उठाएर मदरसाहरु चलाई रहेका छन् । मुसलमानहरु नेपालमा नेपाली भाषा नै प्रयोग गर्दछन् । उनीहरु मातृभाषामा कमजोर भएकाले राज्यसँग स्कुलमा ऐच्छिक विषयको रुपमा र क्याम्पसमा अनिवार्य भाषाको रुपमा पढ्न पाऊँ भनी माग पनि बेला बेलामा राख्ने गरेका छन् । साथै सरकारले मुस्लीमहरुको प्रसिद्ध चाडपर्वहरु इद उल फित्र, बक्रईद आदि मनाउन बिदा नदिएकोमा दुःख व्यक्त गर्दै सरकारसँग त्यस्तो चाडपर्वहरुमा बिदा दिन माग गरेका छन् । यिनीहरु शिक्षित बन्दै गएकोले राजनीति र प्रशासनमा पनि भाग लिन थालेका छन् ।

मुसलमान समुदायमा शिक्षाको विकास गराउन तत्कालीन राजा महेन्दको पालामा विशेष अनुदानमा वि.सं. २०१५ सालमा मियापाटनमा ईस्लामिक स्कुल मदरशा स्थापन भयो । यो ईस्लामिक समुदायमा हस्तान्तरण गरिएको विद्यालय हो । यो विद्यालय वि.सं. २०४८ देखि सरकारी रुपमा स्वीकृत प्राप्त भयो (हानिफ मियासँगको अन्तर्वार्तामा आधारित) । बिहान मुस्लिम बालबच्चालाई उर्दु शिक्षा दिइन्छ भने दिउँसो सरकारी शिक्षा दिइन्छ । यो ईस्लामिक समुदायका लागि सहुलियत पूर्ण नै छ । यस ईस्लामिक स्कुलमा बोडिङ तर्फ २ कक्षासम्म र सरकारी ५ कक्षासम्म पढाइन्छ । यस विद्यालयमा विद्यार्थी संख्या कुल १३०-३२ जना रहेका छन् । यस स्कुलमा छात्र भन्दा छात्रा संख्या धेरै रहेको छ । यहाँ मुस्लिम केटाकेटीहरुलाई मातृभाषा उर्दूको प्रारम्भिक चरण काइदा र सिपरा पढाइन्छ । काइदा नर्सरी कक्षा जस्तै हो । नियमतः प्रारम्भिक शिक्षा सबैले अनिवार्य लिनै पर्ने हुन्छ । तर आजकल कतिपयले घरमा नै यो भाषा उपलब्ध गराइएको भन्दै मदरशा नपठाउन पनि थालेका छन् । समुदाय भित्रका बालबच्चालाई अनिवार्य रुपमा यो भाष सिक्नु पर्दछ भने बाहिरीहरुले चाहेमा यो शिक्षा ऐच्छिकमा राखिएको छ । तर खासै अहिलेसम्म अन्य समुदायका मानिसहरुले मदरशामा उर्दु भाषा शिक्षा लिएको छैन । हाल केही शिक्षित मुस्लिम युवाहरुले त्यहाँ पढाउन शुरु गरेका छन् । हाल आएर शिक्षाको महत्व बुझी अभिभावकहरु वरपरका राम्रो बोर्डिङ स्कुलहरुमा आफ्नो बच्चालाई पढाउन थालेका छन् उनीहरु संसारमा सबैभन्दा पहिलो पाईलट मुस्लीम महिला नै भएको बताउँछन् । हाल यस क्षेत्रबाट उच्च शिक्षा अन्तर्गत एम.वि.वि.एस, स्टाफ नर्सिङ, वि.इ बि.एल. गर्नुका साथै विद्यालय एवम् कलेजहरुमा समेत अध्यापन गर्ने थुप्रै जनशक्ति उत्पादन भइसकेको छन्

त्यतिमात्र होइन यहाँका युवायुवतीहरु अहिले शिक्षित भई विभिन्न रोजगारी विभिन्न सेवाहरुमा पनि लागेका छन् । समग्रमा हेर्दा यहाँ महिलालाई पनि शिक्षामा सहभागी गराएको पाइन्छ । मदरशामा छात्र र छात्रालाई छुट्टाछुट्टै बेन्चमा राखेर वा सकेसम्म भिन्ना-भिन्नै कोठामा राखी अध्यापन गराइन्छ । मुस्लिम धार्मिक कानुन अनुसार छात्र-छात्रालाई सह-शिक्षा दिनु धर्म विपरीतको संस्कार मानिन्छ । तर आजकल छात्रछात्रलाई एउटै बेन्चमा राखेर समेत शिक्षा दिन थालिसकिएको छ । यो अर्को सकारात्मक परिवर्तन हो । विद्यालयको व्यवस्थापन र शिक्षकहरुको पारिश्रमिक हालसम्म गाउँलेहरु कै बरकत फण्ड (मुष्ठीदान) र मन सेराबाट सञ्चालन भैरहेको छ ।

### ५.६.२ राजनैतिक परिवर्तन

राजनीतिले समग्र समाजलाई दिशा निर्देशन गरेको हुन्छ । राजनीति समग्र सामाजिक तथा आर्थिक व्यवस्थाको केन्द्रभागमा रहेको हुन्छ । किनभने जेजस्तो प्रकारको राजनैतिक चिन्तन, राजनैतिक व्यवस्था र व्यवहार समाजमा छन् त्यही अनुरुपको समाजको विकासको प्रक्रिया अघि बढ्छ । यसै गरी के कस्ता वर्ग तथा समुदायले राज्य संचालनको प्रक्रियामा पहुँच राखेका छन् भन्ने अवस्थाले पनि सामाजिक आर्थिक विकास एवम् रुपान्तरणमा प्रभाव पारेको हुन्छ । समाजमा सबै वर्ग र तहलाई के कसरी विकासको प्रक्रियामा सरिक गराउने हो भन्ने जस्ता क्षेत्रमा राजनैतिक व्यवस्थाको प्रभाव सर्वोपरी हुन्छ । यसै सन्दर्भमा पोखरेली मुस्लिम समुदायमा पनि समग्र राजनैतिक व्यवस्थाले उनीहरुको सामाजिक एवम् साँस्कृतिक जीवनपद्धतिमा  परिवर्तन लेराएको पाइयो ।

नेपाली राजनीतिक इतिहासको कुरा गर्नु पर्दा पञ्चायत शासनकालको शुरुमा ब्राह्मण, क्षेत्रीको मात्र बाहुल्यता थियो भने केही पछि अन्य जातजाति र धर्मावलम्बीहरु पनि शिक्षित र बुझ्ने हुँदै गएर नेपालको राजनीतिमा भाग लिन थाले । यसै क्रममा नेपालका मुसलमानहरु पनि केही मात्रामा अग्रसर हुन थालेको पाइन्छ । मुसलमानी प्रतिनिधित्व गर्न सन् १९५९ को आम चुनावमा १ जना मुस्लीम तल्लो सभामा निर्वाचित भयो । सन् १९६७ को राष्ट्रिय पञ्चायतमा २% ले प्रतिनिधित्व गरे । सन् १९७८ मा राष्ट्रिय पञ्चायतको कुल प्रतिनिधि मध्ये ०.८% मुस्लिम छानिए । त्यस्तै सन् १९८१ को जनमत सङ्ग्रहमा बिस्तारै बृद्धि हुँदै गएर २ जना मुसलमान निर्वाचित भएर मुस्लिम प्रतिनिधित्व १.८% मा पुग्यो (डेष्टिडर, १९९५:८९) । जबकि सन् १९८६ को राष्ट्रिय पञ्चायतमा कुनै मुस्लीम निर्वाचित

भएनन् तर राजाबाट मोहम्मद मोहसिनलाई मुस्लीम समुदायमा सबैले चिन्ने र शिक्षित भएकाले राष्ट्रिय सभाका लागि चुने । यसरी पञ्चायत शासनकालमा राष्ट्रिय पञ्चायतमा मुस्लीमहरुको १.४% प्रतिनिधित्व रहेको पाइन्छ (ऐजन) । पञ्चायत शासन फालिएपछि भने बहुदलिय व्यवस्थाको निर्वाचन सन् १९९१ मा मुस्लिम प्रतिनिधि तल्लो सदन र माथिल्लो सदनमा २.४% र १.७% रह्यो भने कुल २.३% दुवै सदनमा रहेको पाइन्छ (ऐजन) । यसरी विस्तारै राजनैतिक संस्कृतिको विकासमा मुस्लिमहरुको प्रतिनिधिको राम्रो विकास हुँदै गएको पाइन्छ । यिनीहरु राष्ट्रिय प्रशासनमा र अन्य निकायहरुमा छिर्न सफल भए । केही मात्रामा पद ओगट्न सफल भएको यो समुदायको अधिकृत र सचिव तहसम्म सरकारी प्रशासनमा ०.२९% प्रतिनिधित्व रहेको जानकारी नेपाल सरकारको सामान्य प्रशासन मन्त्रालयले सन् १९८९ मा प्रकाशित सूचिमा उल्लेख गरिएको छ । जनसंख्याको हिसाबले हेर्दा यो समुदायमा प्रतिनिधित्व गर्ने र उत्तिनै जनसंख्या भएको नेवार जातिको तुलनामा एकदमै भिन्नता देखिन्छ । यस क्षेत्रमा मुसलमानहरु भने स्थानीय राजनीतिमा अन्य समुदायसँग आपसी मेलमिलापका साथ भाग लिने गर्दछन् ।

यसरी विश्लेषण गर्दा नेपाली समाजमा प्राचिनकालदेखि वर्तमानसम्म व्यक्तिगत प्रतिनिधित्व भए पनि निश्चित जातजाति, धर्म तथा संस्कृतिको आधारमा उनीहरुले पहिचानयुक्त राजनीति गरेको पाइँदैन । तर बदलिँदो परिवेशमा मुस्लिम समुदायका व्यक्तिहरु खुलेर राजनैतिक आस्था सहित अघि बढेको पाइयो । तर एक धर्म र जातले अर्को धर्म र जातलाई आघात नपुऱ्याईकन आपसी मेलमिलापका साथ आ-आफ्नो सांस्कृतिक पहिचानलाई महत्व दिँदै आ-आफ्नो इच्छा अनुसार राजनीति गरेको पाइयो । अर्थात राजनीतिले पोखराका मुस्लिमहरुको साँस्कृति सुव्यवस्थामा खलल नै भने पुगेको छैन । नेपाली समाजमा कुनै पनि संस्कृतिलाई र धार्मिक समूहहरुले आ-आफ्नो जात तथा धर्मको आधारमा चुनावमा भाग लिने र धर्मको आधारमा राजनैतिक पहिचान गराएको पाइदैन तर सिंगो समुदाय नै केही प्रभावित हुन्छन् कि भनी उनीहरु मध्येबाट कसैलाई राजनैतिक दाउपेच सहित अवसर भने दिइन्छ । ऐतिहासिक दृष्टिकोणबाट अध्ययन गर्दा विगतको तुलनामा भन्दा हाल उनीहरु राजनैतिक एवम् वैचारिक रुपमा बढी नै सचेत पाइयो । अहिले उनीहरु राजनैतिक विषयमा पनि खुलेर कुरा गर्दै आफूले आस्था राखेको राजनैतिक दलको बचाउ गर्दछन् । विभिन्न व्यक्तिसँगको छलफलमा राजनीति भित्र पनि अलि बढी नै क्रान्तिकारी राजनीति गरेकाहरुले पुरातन संस्कृतिलाई पूरै अस्वीकार गर्न नसकेपनि सबै

नियमको पालना भने नगरेको भेटियो । साथै, कुनै विवाद पर्दा वा सामूहिक कार्य हुँदा उनीहरुको व्यक्तित्वको भने प्रभाव निकै न पर्ने, उनीहरुको निर्णयमा दम हुने देखियो । साथै, वि.सं. २०६२⁄२०६३ सालको ऐतिहासिक जनआन्दोलनले राजतन्त्र समाप्त गरी गणतन्त्रान्त्मक राज्य व्यवस्था प्रादुर्भाव गरेपछि यहाँका मुसलमानहरु पनि सदियौँ देखि मान्दै आएका राजाको सट्टा जनताको छोरो राष्टप्रमुख हुने शासन व्यवस्था सहर्ष स्विकार गर्न थालेका छन् । यस राजनैतिक उथलपुथलले उनीहरुको सोँच एवम् व्यवहारमा समेत ठूलो परिवर्तन लेराइदिएको छ । यसरी राजनीतिले पनि समाज एवम् संस्कृतिमा प्रत्यक्ष असर पारिरहेको स्पष्ट देख्न सकिन्छ ।

# अध्याय : छ

# शोध निष्कर्ष

## ६.१ निष्कर्ष

समाज आफै एउटा व्यवस्था वा प्रणाली हो । जसमा विभिन्न भौतिक तथा अभौतिक पक्षहरुको संलग्नता हुन्छ । सामाजिक परिवर्तनको प्रक्रिया मूलरुपमा दुई किसिमबाट अगाडि बढ्दछ । एउटा स्वाभाविक प्रक्रिया हो । जसमा समय अन्तरालमा प्राकृतिकरुपमा समाज र संस्कृतिका विभिन्न क्षेत्रमा परिवर्तन आउँछ । यो प्रकृया बिस्तारै अगाडि बढ्छ । यसको प्रभावको गति पनि न्यून हुन्छ । यसैगरी सामाजिक सांस्कृतिक परिवर्तनको योजनावद्ध तरिका पनि हुन्छ । जसमा निश्चित कार्यक्रमहरु सहित शिक्षा, योजना र विकासका माध्यमबाट समाजको परिवर्तन गर्न खोजिन्छ । हामीले यहाँ अध्ययन विश्लेषण गर्न खोजेको परिवर्तन भनेको विशेष गरी मुस्लिम समाज विकासको स्वाभाविक परिवर्तनको हो ।

समाज र संस्कृतिको घनिष्ट सम्बन्ध छ । विभिन्न सामाजिक ढाँचामा विभिन्न प्रकारका सांस्कृतिक पक्षहरु रहन्छन् । सामाजिक व्यवस्थामा संलग्न विभिन्न इकाइहरुको पारस्परिक अन्तरसम्बन्धले समाज चल्दछ । समाज विकासका क्रममा विभिन्न पक्षहरुको प्रभाव बढी वा घटी पर्नु स्वाभाविक हो । यसरी सामाजिक प्रणालीका इकाइहरुको अन्तरक्रियाबाट नै समाजको विकासक्रम अगाडि बढ्छ । विद्यमान सामाजिक सांस्कृतिक ढाँचामा परिवर्तन आउँछ । यसरी सामाजिक सांस्कृतिक परिवर्तनमा कुनै एउटा पक्ष भन्दा पनि विभिन्न पक्षहरु वा कारक तत्वहरुको संलग्नताले परिवर्तनका कारकतत्वहरुको खोजी गर्दा निम्न तत्वहरु बढी जिम्मेवार देखिन आए ।

क.जनसांख्यिय तत्व

ख.प्राविधिक तत्व

ग. भौगोलिक तत्व

घ. आर्थिक तत्व

ङ. आर्थिक तत्व

च. राजनैतिक तत्व

छ. मनोवैज्ञानिक तत्व

*अन्य*

शिक्षा र चेतना (विद्यालय, महाविद्यालय)

राजनैतिक दल

बैंक, सहकारी एवम् विभिन्न संघसंगठनहरु

गैह्र सरकारी संघसंस्था

नवीन विचार आदि

## ६.२ मियापाटनस्थित मुस्लिमहरुको अवस्था

नेपाली समाज सदियौँदेखि बहुजातीय रुपमा मिलेर रहेको पाइन्छ । यी विविध जातजाति मानिसहरु मध्ये अनेकौं जातजातिको आआफ्नो भाषा सँस्कृति तथा धर्ममा पनि विविधता देखिएकाले यहाँको समाज बहुसाँस्कृतिक समाजको रुपमा पनि रही आएको पाइन्छ । यसरी नेपाल विविध जातजाति तथा भाषाभाषीको केन्द्र रहेकाले प्रसिद्ध विद्वान जी.टुसीले यहाँका मानिसहरुको जातीय अध्ययन संसार भर नै एक जटिल अध्ययन हो भनेर टिप्पणि गरेका छन् । शोध अध्ययन गर्ने क्रममा स्थानीय व्यक्ति, बुद्धिजीवी, शिक्षक, समाजसेवी, इमाम, हाजी तथा युवा, बुढाबुढी साथै राजनीतिक कार्यकर्तासँग प्रत्यक्ष भेटघाट गरी अन्तर्वार्ता एवम् थुप्रै अन्यसँग प्रतिक्रिया लिइएको छ ।

कुनै पनि जातिको मौलिक संस्कृतिमा समय एवम् स्थान सापेक्ष परिवर्तन भइनैरहन्छ । निश्चितरुपमा आफ्नो धार्मिक रुपमा जतिसुकै कट्टर हुन्छन् भने पनि पोखराका मुस्लिम समुदायमा सामाजिक एवम् साँस्कृतिक रुपमा स्वाभाविक परिवर्तनहरु देखा परिरहेका छन् ।

यहाँका मुसलमानहरु एकइश्वर अल्लाहमा विश्वास गर्दछन् । सुन्नी र सिया मध्ये सुन्नी सम्प्रदायका यिनीहरु एकइश्वरवादी हुन् । यिनीहरु धर्ममा अति निष्ठावान रही पैगम्बर मोहम्मदको शिक्षा अनुसरण गर्दछन् । कालान्तारमा विभाजन भएका दुई सम्प्रदायमा शिया र सुन्निहरु मध्ये नेपालका मुसलमानहरु प्रायः सुन्नी समुदायका अनुयायी छन् । यिनीहरुको समाज धार्मिक गुरु इमामद्वारा निर्देशित हुन्छ । समाजमा धार्मिक गुरुबाट नै सबै शुभकामको शुरुवात गर्दछन् । इमाम, मुल्लाह, मौलवीका निर्देशनको सबैले पालना गर्दछन् । यिनीहरुको निर्देशन विपरीत काम कुनैपनि मुसलमानले गर्नु हुँदैन भन्ने सैद्धान्तिक मान्यता छ । यिनीहरुको नीति, नियम, सिद्धान्त र निर्देशन सबै इस्लामिक परम्परागत नियम

कानुनमा आधारित हुन्छ । त्यसैले यसको उल्लंघन गर्नु भनेको इस्लाम विपरीत जानु हो भन्ने मान्यता रहेको थियो । तर समयको रफ्तारमा अघि बढ्दै जाँदा रोजगार, व्यवसाय, बन्द व्यापार एवम् विभिन्न खाले शिक्षा र विभिन्न अन्य धर्मावलम्बीहरुसँगको सामिप्य एवम् उठवसका कारण कहीँ कतै ती परम्परागत मूल्य र मान्यताहरु खण्डित भएको पनि पाइन्छ । हुनत कुनै पनि मुसलमान इमाम, मौलवीको आदेशको विरोध गर्दैनन् तर पनि सबै रुपमा पालन गरेको पनि पाइएन । उनीहरु आफ्नो मुस्लिम समुदाय भित्रको अनुशासन पालना गर्न, झगडा मिलाउन र सार्वजनिक कल्याणको व्यवस्था गर्न आफ्नै संगठन बनाएका हुन्छन् । यी संगठिन स्वरुप पनि पछि आवश्यकता बोध भए पछि मात्र जन्मिएका हुन् । नेपाली समाजमा आफ्नै छुट्टै सामाजिक पहिचान र विशेषता बोकेका यी मुसलमानहरुका अग्रजहरुले आफ्नो सामाजिक अवस्थामा खासै परिवर्तन नआएको जिकिर गरेपनि विभिन्न घटना र युवा वर्गहरु कतिपय मूल्य र मान्यतामा  निरन्तर परिवर्तन हुँदै समयसापेक्षरुपमा अघि बढिरहेको पाइयो । जस्तो कि विदेशी मूलका मुस्लिमहरु गाइको मासु खान्छन् भने यहाँका मुस्लिम समुदाय हिन्दूहरुको प्रभावमा परी गाईलाई सम्मान गर्छन् र पुज्दछन् । यो समाजमा देखिएको स्थान सापेक्ष परिवर्तन वा सामाजिकीकरणका क्रममा अपनाइएको परसंस्कृतिग्रहणको राम्रो उदाहरण हो ।

हिजो चौघेरामा सीमित हुने कतिपय महिला अहिले विद्यालय, अस्पताल एवम् कलकारखानामा काम गरिरहेका भेटिन्छन् । महिलाहरु एकीकृत र संगठित हुँदै विभन्न समूहमा आबद्ध भएका छन् । यो नवीन विचार, शिक्षा एवम् प्रविधि साथै मानवीय सोचको उपज हुन सक्छ । शुरुशुरुमा खेती किसानी तर्फ रमाउने यिनीहरु आधुनिक एवम् प्राविधिक शिक्षाको अभावका कारण स्वदेशी एवम् सरकारी सेवामा अति न्यून मात्रामा छन् भने अधिकांश युवाहरु वैदेशिक रोजगारतर्फ उन्मुख छन्, खासगरी अरवियन मुलुकतिर । यसले गर्दा उनीहरुको परिवारको आर्थिक, शैक्षिक अवस्था एवम् विहे गर्ने उमेर, बालबच्चाको संख्या लगायत थुप्रै कुरामा आमूल परिवर्तन लेराइदिएको छ । हिजोसम्म अपरिचित पुरुषको अगाडि बोल्न हिच्किचाउने महिला आज युगीन चेतना एवम् शिक्षाका कारण बोल्न अप्ठ्यारो मान्दैनन् । समाज वरिपरि खुलेका बोडिङ विद्यालयका प्रभावका कारण मदरशामा विहानी शिक्षा लिन जाने समय घटेको छ । आर्थिकरुपमा सम्पन्न कतिपय व्यक्तिहरु आफ्ना छोराछोरीलाई मदरशा पठाउनुको सट्टा घरमा नै उक्त शिक्षाको व्यवस्था गर्छन् । साथसाथै, बालबच्चाहरु परम्परागतरुपमा बोलिने मातृभाषा उर्दू भन्दा निजी विद्यालयका कारण अंग्रेजी

एवम् टि.भी., कम्प्युटर जस्ता प्रविधिको विकासका कारण हिन्दी जस्ता भाषाहरुमा दक्ष छन् ।

प्रत्यक्ष परिवर्तन देखिएको अर्को महत्वपूर्ण पक्ष हो पहिरन । महिलाहरुले बुर्का ओढ्नुपर्ने प्रचलन पनि छैन यहाँ । बुर्काको साटो चुन्नीले शिरमात्र ढाक्ने प्रचलन पनि आधुनिक युवतीहरले छाड्दै गएका छन् । बूढा पुराना मुस्लिम पुरुषहरु ढाका टोपीको अत्यधिक प्रयोग गर्छन् जुन उनीहरुको मौलिक संस्कृति नभई हिन्दुहरुको संस्कार हो । खासमा मुसलमानहरुले मस्जिदमा गई प्रार्थना गर्दा गोलो टोपी (तुर्किस) वा शिर ढाक्न रुमाल बाँध्छन् र कुर्ता पैजामा (खान ड्रेस) लगाउनुपर्ने हो तर त्यसमा भारी बदली देखा परेको छ । यहाँका मुस्लिमहरु मिश्रित पहिरन कुर्ता पाइजामा, इष्टकोट, ढाकाटोपी प्रयोग गर्दछन् । यसरी परसंस्कृतिग्रहणका कारण पनि सामाजिक एवम् सांस्कृतिक संस्कार एवम् सम्बन्धमा परिवर्तन देखा परेका छन् । साथै परिवर्तित अर्को क्षेत्र हो, विवाह । मुस्लिम समुदायका अति कममात्र व्यक्तिहरुले स्वतन्त्रतापूर्वक विहे गरी अन्य धर्म समेत अवलम्बन गरेको पाइन्छ अन्तरजातीय एवम् अन्तरधार्मिक विहे गरी मुस्लिम धर्म आत्मसात गर्ने गैह्र मुस्लिमहरु त प्रशस्त भेटिन्छन् । गैह्र मुस्लिम भएर पनि विवाह पश्चात मुस्लिम धर्म आत्मसात गर्नेहरुमा केटापक्ष र केटीपक्ष दुवै छन् । यसरी धमाधम अन्य जातिले निर्बाध यस धर्ममा प्रवेश पाएपछि केही न केही व्यवहारमा परिवर्तन हुनु स्वाभाविक हो । ईश्वरले जे दिन्छन् हात थाप भन्ने भनाइबाट चल्ने मुस्लिमहरु परिवार नियोजनका साधन प्रयोगलाई आफ्नो धर्मको आदेश विपरीत मान्दथे तर अहिले ती साधनहरु प्रयोग गरी जनसंख्या नियन्त्रणमा धमाधम लागेका छन् । पहिलेपहिले चारवटी श्रीमती राख्न पाउने छुट धर्मले दिएको छ भनेर वकालत गर्ने मुस्लिमहरु अहिले एक मात्र विवाह गर्दछन् र प्रायः केन्द्रिय परिवारमा रही आएका छन् । यसको पछाडि उनीहरुमा विकास भएको चेतना एवम् भौतिक र आर्थिक कारण रहेका छन् । भौतिक विकासको कुरा गर्नु पर्दा मियापाटनमा अहिले मोटरबाटो, विजुली, पानी र सञ्चारको समस्या छैन । विद्यालय, हस्पिटल एवम् सडक बिस्तारको दृष्टिले पनि यो ठाउँ केन्द्रमा परेको छ । यही कारणले पनि यिनीहरुको परम्परागत व्यवसाय एवम् अन्य सामाजिक सांस्कृतिक अवस्थामा परिवर्तन देखा परिरहेका छन् । मियापाटनका वरिपरि क्षेत्री, बाहुन, गुरुङ, मगर, नेवार एवम् विभिन्न जातजाति आदिको बसोबास रहेको छ । मेलापर्व, जन्ति, मलामी अर्थात मर्दापर्दा यथेष्ट सहयोगको परम्परा छ ।

यसरी पोखराका मुस्लिम समुदायमा समय सापेक्ष विभिन्न कारणले थुप्रै किसिमका परिवर्तनहरु देखा पर्दै गएका छन् धर्मका नाममा मानव हितविरुद्धका जटिल संस्कारहरु त परिवर्तन हुनै पर्छ नै तर मौलिक स्वरुपमा नै आँच आउने गरी परिवर्तनका लागि अन्धाधुन्ध बदलिँदै जानु वा देखासिकीका भरमा राम्रो नराम्रो पारख नगरी परसंस्कृति ग्रहण गर्दै अगाडि बढ्नु पनि राम्रो होइन । यसमा सन्तुलित हुनु आवश्यक छ र यसैमा जातीय फूलबारीको सुवास पनि सुरक्षित ।

# सन्दर्भ सामग्री


गौतम, डा.राजेश र अशोक के. थापा मगर (१९९४), *ट्राइबल इथ्नोग्राफी अफ नेपाल,* भोलुम २, दिल्ली : बुक फेथ, एक्सप्रेस टावर आजादपुर कमर्सियल कम्प्लेक्स ।

घिमिरे, हरिहर (२०५९), *नेपाली समाज र सास्कृति,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार

चालिसे, पुष्पराज (२०५८), *नेपालको इतिहास र सभ्यता,* काठमाडौँ : रत्न पुस्तक भण्डार

टेयलर, इ.बी. (१८७१), *प्रिमिटिभ सोसाइटी,* साब पल्लिशर्स एण्ड डिष्टिव्युटर्स, न्यू दिल्ली ।

नासिफ, फतिमा उमार (१९९९), *विमन इन इस्लाम* न्यू दिल्ली : स्टर्लिङ पब्लिशर्स प्राइभेट लिमिटेड ।

मोर्गन (१९८५), *सोसियोलोजिकल थट,* दिल्ली : म्याकमिलन इन्डिया लिमिटेड, ।

वैद्य टि.आर, त्रिरत्न मानन्धर र शंकरलाल जोशी (१९९३), *सोसियल हिस्ट्री अफ नेपाल,* न्यू दिल्ली : अनमोल पब्लिकेशन प्राइभेट लिमिटेड ।

विष्ट, डोरबहादुर (२००२), *सबै जातको फुलबारी,* ललितपुर : हिमाल किताब एशोशियशन ।

भादगाउँले, अमृत (२०५८), *लोककवि अलिमिया,* काठमाडौं : बागबजार छापाखाना ।

सिग्देल, सूर्यकान्त (१९८३), अ स्टडी अफ इकोनोमिक लाइफ अफ मुस्लिम, त्रिविवि ।

सिद्दिका, समिमा (१९९३), *मुस्लिम अफ नेपाल,* काठमाडौं : गाजला सिद्दिका ।

सुल्तान, मदनी (२००१), *ईश्वरीय धर्म,* न्यू दिल्ली पब्लिकेशन ।

हार्पर, नाइल (२००९), *जर्निज इन टु जस्टिस,* बास्कम हिल पल्लिशिङ ग्रुप, न्यूयोर्क ।